२०८२, साउन
https://gorkhapatraonline.com/yuba-manch
मूल्य रू. २५

युवामञ्च

हस्तनिर्मित काँगियो

डोटी कारागार र डोटीका पुराना शिल्पीहरुबाट यस्ता काँगियो बनाएर बजारमा खरिदबिक्री हुन्थ्यो । काँगियो दुवैतिरबाट कपाल कोर्न मिल्ने तथा महिलाका लामा कपालबाट लिखा र जुम्रा झार्न उपयोगी थिए ।

भिजिट भिसामा गोलमाल

भूमिमा युवा पैरवी

गाउँ फर्कियो चलचित्र

गोरखापत्र संस्थानका प्रकाशनमा विज्ञापन प्रकाशित गर्न तथा ग्राहक बन्नका लागि निम्नानुसारका कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ
सम्पर्क नं. : ०१-५३२७४९३, ५३३१३९४ (विज्ञापन शाखा)/
५३२०६३८ (ग्राहक सेवा शाखा)/टोल फ्री नं. १६६००१९४४४४
इ-मेल : mgorkhapatra@gmail.com

पूर्व क्षेत्र प्रकाशन कार्यालय, विराटनगर
विराटनगर-१९, मोरङ, कोशी प्रदेश
सम्पर्क नं. : ०२१-५९१००३, ५९१००४
इ-मेल : biratnagar.regional@gorkhapatra.org.np

पश्चिम क्षेत्र प्रकाशन कार्यालय, कोहलपुर
सम्पर्क नं. : ०८१-५३१६२२, ५३१६२३
इ-मेल : kohalpur.regional@gorkhapatra.org.np

मधेश प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ०४१-५९०४२९
इ-मेल : janakpur.regional@gorkhapatra.org.np

बागमती प्रदेश कार्यालय, हेटौँडा, मकवानपुर
सम्पर्क नं. : ०५७-५९०६५१
इ-मेल : hetauda.regional@gorkhapatra.org.np

गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की
सम्पर्क नं. : ०६१-५३१८२७, ९८६५०२२६६६
इ-मेल : pokhara.regional@gorkhapatra.org.np

लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही
सम्पर्क नं. : ०७१-५४३३७६
इ-मेल : butwal.regional@gorkhapatra.org.np

कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत
सम्पर्क नं. : ०८३-५९००६०
इ-मेल : karnali.regional@gorkhapatra.org.np

सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
सम्पर्क नं. : ०९१-४१२०४३, ९८५८४२१८०१
इ-मेल : dhangadi.regional@gorkhapatra.org.np

हाम्रा प्रकाशनहरू

गोरखापत्र
THE RISING NEPAL
gorkhapatraonline.com
मधुपर्क
युवामञ्च
मुना

बिहानको चियासँगै
गोरखापत्र र THE RISING NEPAL
तपाईंको शहरमा

लमजुङ-बेशीशहर, दमौली हुँदै पोखरा	बिहान ६:३० बजे
विदुर र धादिङबेशी	बिहान ६:०० बजे
नारायणगढ, भरतपुर	बिहान ५:३० बजे
हेटौंडा	बिहान ४:३० बजे
पथलैया	बिहान ५:०० बजे
चन्द्रनिगाहपुर	बिहान ५:३० बजे
वीरगञ्ज	बिहान ६:०० बजे
बारा, कलैया र निजगढ	बिहान ६:१५ बजे
गौर	बिहान ६:३० बजे
मलंगवा र लालबन्दी	बिहान ७:०० बजे
बर्दिबास	बिहान ७:४५ बजे

पहिलो राष्ट्रिय दैनिक

मासिक प्रकाशनहरू मधुपर्क युवामञ्च मुना

टोल फ्रि नं. १६६०-०१-९४४४४

हाम्रो गौरव, राष्ट्रको पत्रिका

गोरखापत्र

डिजिटल युगका भरपर्दा प्रकाशन
प्रवर्द्धनात्मक दरमा आकर्षक विज्ञापन

www
gorkhapatraonline.com
risingnepaldaily.com

नयाँ स्वरूपमा

विज्ञापनदाता, एजेन्सी तथा अन्य शुभेच्छुकका
लागि केही समय विशेष छुटको व्यवस्था छ ।

सम्पर्क

गोरखापत्र संस्थान
व्यापार विभाग, फोन नं. ०१-५३२७४९३
Email : mgorkhapatra@gmail.com

टोल फ्रि नं. १६६०-०१-९४४४

वर्ष ३८, अङ्क २, २०८२ साल साउन

July-August 2025

Twitter: @YuvamanchGps | yubamanchmonthly

यस भित्र

४० भिजिट भिसामा गोलमाल

६ आए आँप गए झटारो

खासगरी पहाड तथा तराई/मधेशका मानिसले विद्यार्थी जीवनमा आँपको बोटमा झटारो नहानेको व्यक्ति पाउन मुस्किल नै हुन्छ ।

१० पहिचान खोज्दै लेप्चा जाति

आदिवासी जनजाति प्रतिष्ठानका अनुसार चिनीहरुको (लेप्चा) भाषा भोट बर्मेली परिवारमा पर्दछ । साथै लिपि र धर्मग्रन्थ पनि छ ।

गोत्रको ऐतिहासिक नालीबेली

केटाकेटीको गोत्र एउटै हुन गएमा अरु सबै कुरा मिले पनि एउटै रक्तसमूहका दाजुबहिनीको अर्थ लाग्ने भएकाले एउटै गोत्रभित्रका केटाकेटीबीचको विवाहलाई वर्जित गरिने चलन अभ्यासमा रहेको देखिन्छ ।

३४

४१ थारुको उत्सव हर्दहवा

१६ **इरान-अमेरिका दशकौंको तनाव**

बन्धक मुक्तिका लागि यी कदमसँगै चलाइएको कूटनीतिक प्रयास सार्थक हुन सकेन । यसर्थ बन्धक सङ्कट सुरु भएको २१२ दिनपछि सन् १९८० अप्रिल ७ मा कार्टरले झनै कठोर कदम उठाउने घोषणा गरे ।

६४ **बेवास्तामा परेको जेरियाट्रिक हेल्थ**

जेरियाट्रिक विधा अन्तर्गत प्रौढ व्यक्तिमा कुनै पनि स्वास्थ्य समस्याको रोकथाम, समयमै निदान (डायग्नोसिस) एवं उपचारको कुरा गरिन्छ ।

४५ **तागाधारीको पर्व जनैपूर्णिमा**

तर्पण दिइँदा वंशप्रवर्तक, गोत्रप्रवर्तक ऋषिहरुलाई तर्पण दिई पानी चढाइन्छ । यसपछि मात्र स्नान कार्य पूरा भएको मानिन्छ ।

७० **गाउँ फर्कियो चलचित्र**

युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला

yubmanch@gmail.com

सम्पर्क- सम्पादकीय- ५३५७०३१

गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

अनलाइनमा युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch

http://www.gorkhapatraonline.com/epaper

युवामञ्च

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

सम्पादन सहयोगी
देवबहादुर कुँवर

उत्पादन विभाग
ओम भुसाल

व्यापार
गङ्गबहादुर पन्थी

वितरण विभाग
बबिता कार्की

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

गोरखापत्र संस्थान
पो.ब.नं. २३, धर्मपथ, काठमाडौँ, नेपाल।
इमेल : yubmanch@gmail.com
फोन – सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ५३२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१-४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१-५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१-५९०४२९
हेटौँडा : ०५७-५९०६५१
पोखरा : ०६१-५३८५२२
बुटवल : ०७१-५४१४३८
सुर्खेत : ०८३-५९००६०
धनगढी : ०९१-४१२०४३

एकप्रतिको मूल्य रु.२५/-
वार्षिक मूल्य रु.२५०/-

सम्पादकीय

मनसुनी राहत र आहत

मनसुनले सुख, दुःख एकसाथ लिएर आउँछ। खेतीकिसानी गर्नेको कामना हुन्छ– समयमै वर्षा भइदियोस् र प्रमुख अन्नबाली धान रोपाइँ सकेर निश्चिन्त हुन सकियोस्। नेपालको अर्थतन्त्रको मुख्य घटक कृषि भएकाले बहुसङ्ख्यक मानिसको जीविकोपार्जन कृषिजन्य उत्पादनमै निर्भर छ, त्यसमा पनि धान प्रमुख बालीमा पर्दछ। कृषकलाई प्रफुल्लित बनाउने र देशको अर्थतन्त्रलाई टेवा दिन्छ धानबालीले। अनि धानबालीलाई समयमै वर्षा नभई हुन्न। यसपालि मनसुन समयअगावै नेपाल भित्रियो र चाँडै पश्चिम क्षेत्रसम्म फैलियो पनि। मनसुन अझै पनि सक्रिय नै छ। केही क्षेत्रमा बाहेक सबैतिर धान रोपाइँ औसत राम्रो भएको सरकारी तथ्याङ्कमा बताइएको छ।

यस हिसाबले किसानको मुहारमा मनसुनले खुसी दिएको भन्न सकिन्छ। असारमै खेत हरियालीमा परिणत भएका छन् र मनसुनले आधा अवधि पनि पार गरेको छैन। पानी पर्ने धेरै दिन अझै बाँकी नै छन्। मनसुनले राहतका साथै केही चुनौती पनि साथै लिएर आउँछ। ठूलो वर्षाले देशका केही क्षेत्रमा धनजनको क्षति भएको खबर आएका छन्। मनसुन मध्यकालमा नपुग्दै जसरी भौतिक पूर्वाधार र मानवीय क्षति भएको छ, आउने दिन झनै चुनौतीपूर्ण हुने अनुमान लगाउन सकिन्छ।

आफ्नो भू-बनोटले नेपाल विपत्को उच्च जोखिममा रहेको तथ्य स्पष्ट नै छ। मनसुनमा बाढी, पहिरो, डुबानका समस्या बर्सेनि आउने गर्छन् र जनधनको क्षतिसमेत हुने गर्छ। वर्षाका कारण पहाडी क्षेत्रमा पहिरो जाने तथा नदीमा पानीको सतह बढेर तराई क्षेत्रका खेतबारी र बस्ती जलमग्न हुने घटना भइरहन्छन्। यदाकदा हिमाली क्षेत्रमा हिमताल फुटेर आउने अकस्मात्को बाढीले अकल्पनीय क्षति पुग्ने गर्छ। असारको चौथो हप्ता तिब्बततिरबाट अकस्मात् आएको भयङ्कर बाढीले रसुवामा चीनसँगको व्यापारिक नाकामा पुऱ्याएको अपूरणीय क्षतिलाई हिमताल विस्फोटको घटना मानिँदैछ र अनुसन्धानले यसलाई प्रस्ट्याउला। कुरा के हो भने मनसुनमा आइपर्ने विपत् न्यूनीकरणका लागि हामी कत्तिको सचेत, सजग र तयारी अवस्थामा छौँ भन्ने हो। भूबनोटले दिएको चुनौती त छँदै छ तर मनसुनका लागि हाम्रो तयारीमा सधैँ प्रश्न उठ्ने गर्छ। मौसम विज्ञान विभागले यस पटक औसतभन्दा बढी वर्षा हुने भनी बेलैमा सचेत गराइसकेको सन्दर्भमा अधिक वर्षाले कस्तो र कतिसम्मको क्षति हुने हो त्यसको अनुमान लगाउन धेरै कठिन नहुने कुरा हालसम्मका विपत् घटनाले सङ्केत गरिरहेका छन्। यसर्थ बाढी, पहिरो, डुबानलगायतका मनसुनी विपत् न्यूनीकरणका प्रबन्ध तात्कालिक होइन वर्षभरि सञ्चालन गर्ने परम्परा बसाइनु पर्छ। यति गरेमा रोपाइँले प्रफुल्लित मुहार मङ्सिरसम्मै चहकिलो रहने छ। ■

उत्कृष्ट लाग्यो

युवामञ्चको असार अङ्कमा खोजमूलक लेखहरू ओझेलमा परेका अश्वारोही सालिक, काजीको कलममा समावेश सधैँ गुल्जार नयाँ सडक, दोलखा चिनाउने आदिवासी जनजाति सुरेल र सामाजिक विभेदविरुद्धको अपहेलित शूद्र उत्कृष्ट नै लागे ।

त्यस्तै शारीरिक सुगठन एक कलात्मक खेल शीर्षकको लेख पढ्दै गर्दा जिम गर्नु केवल पाखुरा बनाउनका लागि नभई स्वास्थ्यका लागि राम्रो रहेछ भन्ने ज्ञान मिलेको छ । समृद्धिमै खुसी र प्रमुख तीर्थस्थल, विवाहको वैदिक रीति लेखहरू पनि समसामयिक नै लागे ।

शान्ति सुरक्षाको प्रमुख जिम्मेवारी लिएको प्रहरीले सेवाग्राहीमाथि गर्ने व्यवहार सम्बन्धमा खोजमूलक लेख, आदर्श वचनको व्यङ्ग्योक्ति पनि उत्तिकै दमदार लाग्यो । सुन्दर साँफेबगर, रहस्यमय जोङ गुफा र नचाहेको युद्ध, लेख पनि राम्रो र पठनीय छन् । आगामी अङ्कमा पनि यस्तै लेख रचनाको अपेक्षा गर्दछु ।

सम्पदा बानियाँ
कामनपा–२६, गुम्बा बालाजु

कोठेपदमा समेटिएन

म २०४५ सालदेखि गोरखापत्र संस्थानबाट प्रकाशित गोरखापत्र र युवामञ्चको नियमित पाठक हुँ । म युवामञ्चको कोठेपदमा सधैँ प्रतियोगी पनि छु । प्रत्येक महिनाको युवामञ्चको कोठेपद भरेर पठाएको हुन्छु ।

यसरी मिलाएको कोठेपदको कपी म आफैँ युवामञ्च कार्यालयमा उपस्थित भएर बुझाएर आउने गरेको छु तर मैले पठाएको कोठेपद समावेश गरेको देखिएन । यसमा मलाई दुःख लागेको छ ।

वटुकृष्ण कसपाल
पुतलीसडक, काठमाडौँ

जोगाऔँ फेरी प्रथा

विभिन्न जातजाति, धर्म, समुदायको बासस्थल नेपालमा अनेकतामा एकता छ । विद्वान् लेखक कमल सुवेदीको 'मौलिक सम्पदा फेरी प्रथा' शीर्षकको लेख युवामञ्चमा पढ्दा कता कता हामी शहरिया बनेसँगै हाम्रो कला, संस्कृति, सम्पदा र सभ्यता हराउँदै जाने पो हो कि भन्ने चिन्ता जागेको छ ।

दशनामी अर्थात् गिरी, पुरी, भारतीलगायत थर भएका एक थरी समुदायको परम्परागत पहिचान र सभ्यता हामी सबैका लागि प्रेरणादायी छ । फेरी लगाउनु तत्कालीन समाजलाई विभिन्न समस्याबाट छुटकारा दिन, जागा राख्न, विभिन्न चुनौतीसँग लड्न ऊर्जा दिनका लागि थियो ।

तर अहिले यस्ता कुरा अन्धविश्वास मान्न थालिएको छ । त्यस कारण हामीले नेपाली हुनुमा गर्व गर्नुपर्छ । हरेक समुदायले अर्को समुदायलाई सम्मान गर्न सिक्नुपर्छ ।

कल्पना खत्री
मध्यबानेश्वर, काठमाडौँ

तस्बिर शान्दर्भिक देखिएन

युवामञ्च-२०८२ को असार अङ्क समयमै पढ्ने अवसर मिल्यो। असार अङ्कको आवरण तस्बिर समय सान्दर्भिक लागेन। विवाहको वैदिक रीति शीर्षकको लेख खोजमूलक र पठनीय भए पनि आवरणमा नै सिङ्गारिएकी युवतीको फोटो राख्नु उचित लागेन।

यस अङ्कमा असार महिनालाई सुहाउँदो तस्बिर वा गतिविधि मिलाएर राख्दा आवरण पृष्ठ झनै आकर्षक र राम्रो हुन्थ्यो कि ? झर्को नमान्नु होला एक नियमित पाठक भएकाले सुझाव दिएको हुँ।

यस अङ्कमा प्रकाशित सामग्री समग्रमा राम्रो र पठनीय छन्। प्रकाशित सबै सामग्री पढ्दा पृथक् शीर्षक पृथक् ज्ञान प्राप्त त हुने नै भयो। यो अङ्क अन्य अङ्क भन्दा राम्रै लाग्यो। आगामी अङ्कमा पनि युवामञ्च यस्तै खोजमूलक, सान्दर्भिक सामग्रीका साथ पाठकसामु आउने अपेक्षा गरेको छु।

भोला दाहाल
पेप्सीकोला, काठमाडौँ

सालिकबारे जान्न पाइयो

ओझेलमा परेका
अश्वारोही सालिक

युवामञ्चको असार अङ्कमा रमेश खनालको 'ओझेलमा परेका अश्वारोही सालिक' शीर्षकको खोजमूलक लेख पढ्न पाइयो। रत्नपार्क-टुँडिखेल चौर वरिपरि यात्रा गर्दा देखिने घोडचढी सालिकको वास्तविकता देखाइएको रहेछ। सधैँ देखिरहेको तर जानकारी नभएको विषयमा विस्तृत जानकारी दिनु भएकोमा लेखक रमेश खनाल र युवामञ्च सम्पादकीय परिवारप्रति आभार व्यक्त गर्न चाहन्छु।

टुँडिखेलको चार कुनामा चार वटा अश्वारोही सालिक रहेका छन्। ती सालिकमध्ये एउटा राजा पृथ्वीवीरविक्रम शाह र अन्य सबै राणा प्रधानमन्त्रीको भएको कुरा पढ्दा राजाभन्दा राणा शक्तिशाली थिए भन्ने कुरा प्रस्ट भयो। राणा शासनमा राजा रबरछाप र जनता रैती वा दास जस्तै रहेछन्।

खुलामञ्च-टुँडिखेल सडक विस्तार गर्दा सडकको बाहिरी भागमा राखिएका यी अश्वारोही सालिक संरक्षणका लागि भित्रपट्टिको भागमा राखिएका रहेछन्। विदेशीको सिको गरी बनाइएका अश्वारोही सालिक कलाको एक अद्भुत नमुना हुन्। यी सालिक जसको भए पनि राज्यले संरक्षण गर्नुपर्छ।

रवीन्द्रमान महर्जन
जिरी दोलखा
हाल बागबजार, काठमाडौँ

आए आँप गए झटारो

■ दीक्षा कोइराला

खासगरी पहाड तथा तराई/मधेशका मानिसले विद्यार्थी जीवनमा आँपको बोटमा झटारो नहानेको व्यक्ति पाउन मुस्किल नै हुन्छ ।

बढ्दो विश्व बजारीकरणका कारण बेमौसमी उत्पादन पनि बजारमा पाइने गरेको छ। एक प्रकारको हावापानीमा उत्पादन हुने फलफूल अर्को प्रकारको हावापानी भएको मुलुकमा पाइँदा केही समयअघिसम्म अचम्म मानिने गरिन्थ्यो। अचेल भने विस्तारै सामान्य जस्तै भइसकेको छ।

शीत भण्डार (कोल्ड स्टोर) को विकास भएपछि फलफूल तथा तरकारीलाई स्टोर गरेर बेमौसममा पनि बजारमा ल्याउने गरिएको छ। यस्ता चिजवस्तु मानव स्वास्थ्यका लागि के कति फाइदाजनक छन् भन्ने विषय भने छुट्टै हो तर कतिपय अवस्थामा पाउनुलाई नै ठूलो कुरा मानिने गरिएको छ।

स्वास्थ्यका दृष्टिकोणले भने जुन मौसममा उत्पादन हुने चिजवस्तु हो सोही मौसममा खाइयो भने त्यसले अवश्य पनि हाम्रो शरीरलाई फाइदा पुऱ्याउँछ। कुरा गर्न लागिएको यतिबेलाको मौसमी फल आँपको हो।

फलफूलको राजा भनिने गरिएको आँपले बजार छपक्कै ढाकेको छ। यतिबेला आँपबाहेकका अन्य फलफूल जोकोहीलाई पनि खानै मन लाग्दैन।

'आए आँप, गए झटारो' हाम्रो लोकव्यवहारमा चलिआएको यो उखान तपाईंले पनि सुन्नु भएकै होला। आँपका रुख ठूला हुने भएकाले फेदबाट दाउराको झटारो हान्दा आँपको दानामा लाग्यो भने त झरिहाल्छ। नलागेर झटारो मात्रै झर्‍यो भने पनि झटारो हान्नेको केही नोक्सानी भएन। त्यही झटारो न हो, जुन भुइँमा झरिहाल्छ। कुनै कुरा प्राप्त गर्न प्रयास गर्नुसँग यो उखानलाई जोड्ने गरिएको छ।

आँप एउटै मात्र त्यस्तो फल हो जसमा प्रोटिन, खनिज, कार्बोहाइड्रेड, क्याल्सियम, फस्फोरस, फलाम र भिटामिन 'ए-बी-सी' समेत पाइन्छ। यति धेरै तत्त्व पाइने भएपछि यसलाई फलफूलको राजा नभनेर कुन फललाई भन्नु त ! तपाईं पनि पक्कै सहमत हुनुहुन्छ।

खासगरी पहाड तथा तराई/मधेशका मानिसले विद्यार्थी जीवनमा आँपको बोटमा झटारो नहानेको व्यक्ति पाउन मुस्किल नै हुन्छ। आँपधनीले नदेख्ने गरी झटारो हानेर आँप झार्नुको मज्जा नै त्यो बेलाको सबैभन्दा ठूलो बहादुरी ठहरिन्थ्यो र जसले झार्छ ऊ समूहमा नाइके नै ठहरिन्थ्यो।

बहुगुणी फल आँप

आँप वनस्पति वर्गको म्याङ्गिफेरा वर्गमा पर्ने फल हो। यो उष्ण हावापानीमा हुने उपयोगी र दीर्घजीवी रुख फलमा पर्छ। आँपलाई हिन्दु ग्रन्थमा 'अमृत फल' भनिएको छ। यसै भएर नै राष्ट्रिय फलफूल विकास केन्द्रले आँपलाई 'फलफूलको राजा' पनि भनेको छ।

पाकेको आँप पौष्टिक हुनुका साथै वायु-पित्त नाशक, कान्तिदायक, वीर्यवर्धक र शीतलता प्रदान गर्ने गुणयुक्त फल हो। यसको कोयालाई पोलेर हिङ र वीरेनुन मिसाएर मनतातो पानीसँग खाने हो भने कब्जियत तथा वायुगोला निको हुने आयुर्वेद ग्रन्थहरूमा उल्लेख छ।

आँपको बोक्रा र पातको पनि आयुर्वेदिक महत्त्व रहेको छ। आँपले हाम्रो मुटुलाई बलियो बनाउन मद्दत पुर्‍याउँछ। आँप एउटै मात्र त्यस्तो फल हो जसमा प्रोटिन, खनिज, कार्बोहाइड्रेड, क्याल्सियम, फस्फोरस, फलाम र भिटामिन 'ए-बी-सी' समेत पाइन्छ। यति धेरै तत्त्व पाइने भएपछि यसलाई फलफूलको राजा नभनेर कुन फललाई भन्नु त! तपाईं पनि पक्कै सहमत हुनुहुन्छ।

आँप खेती

आँप नेपालका केही हिमाली जिल्लाबाहेक प्रायः सबै ठाउँमा पाइन्छ। तराई/मधेशमा मात्रै नेपालमा उत्पादन हुने आँपको ७० प्रतिशत हिस्सा ओगटेको छ। वनस्पति विज्ञानको वर्गीकरणमा 'ऐनाकार्डियसी' वर्गमा पर्ने आँपका केही रुख असाध्य अग्ला हुन्छन् भने अन्य रुख सरदरका नै हुन्छन्। राष्ट्रिय फलफूल विकास केन्द्रको वार्षिक तथ्याङ्क अनुसार नेपालमा चार लाख ६० हजार मेट्रिक टनसम्म आँप फल्ने गरेको छ।

व्यापारीले आँपमा मुजुरा (फूल) लाग्दालाग्दै नै बगैँचा ठेग्ने गरेका छन्। सम्भवतः अन्य फलफूलमा यस्तो गरिएको छैन। यद्यपि रुद्राक्ष र बोधिचित्तमा भने दाना लागिसकेपछि व्यापारीले रुखै ठेग्ने गरिआएका छन्। यसमा

चाहिँ व्यापारीले ठूलै जोखिम मोलेका हुन्छन्। ठूलो आँधीहुरी आएर, असिनापानी परेर चिचिलामै नोक्सान बनाइदिन पनि सक्छ। यस्तो सम्भावना धेरै रहन्छ। यतिबेला भने 'आए आँप, गए झटारो' भनेर चित्त बुझाउने अवस्था रहँदैन।

आँपका जात

आँपका अनेक जात छन्। यीमध्ये कुनै छिटो पाक्छन् भने कुनै ढिलो पाक्छन्। जेठ महिनामा पाक्ने आँपमा जर्दालु, बम्बै, कृष्णभोग, अल्फान्सो, मालदह, दशहरी, सुकुल, आम्रपाली, गुलाबखास, सुखतारा, तोतापरी, मल्लिकालगायतका हुन्। यसै गरी ढिलो गरी पाक्नेमा चौसा, फजली, कलकत्तिया, नीलम, अब्बेहयातलगायतका छन्।

यीमध्ये तपाईंले कुन कुन आँप खानु भएको छ ? मैले त पाँच/सात जातका भन्दा ज्यादा खाएको छैन। यी आँपमा स्वाद र मिठासको दृष्टिले मालदह नै सबैभन्दा उत्तम मानिएको छ।

अँ विश्वमा दुर्लभ र महँगो आँप पनि छ है। बोलकबोलमा बिक्री हुने यो आँपको विश्वबजारमा एक किलोग्रामकै चार लाख रुपियाँसम्म पर्दछ। विशेष गरी जापानको मियाजाकी प्रान्तमा फल्ने 'तइयो नो तमाङ्गो' जातको आँप विश्वमै महँगो मानिएको छ। वैजनी रङको यो आँपमा नरिवल र भुइँकटहरको स्वादसमेत मिसिएको हुने चाख्नेले बताएका छन्। भारतमा पनि यो आँपको विकास गरिएको छ। खासगरी आफैँ यति मिठो आँप फल्ने नभई दाना लागेपछि रुखमा अनेक प्रविधि अपनाएर ज्यादा मिठासयुक्त बनाइने गरिएको हो।

आँपलाई बोटमै पाक्न दियो भने त्यसमा हुने प्राकृतिक मिठास बेग्लै हुन्छ तर नछिप्पिई नै टिपेर अनेक रसायनको प्रयोग गरी पकाइन्छ। यसरी पकाइएका आँप स्वास्थ्यका दृष्टिकोणले 'हाइजेनिक' मानिँदैन।

नेपाली बगैँचामा फलेका आँप पाक्नुभन्दा अगाडि भारतीय आँप भित्रिन थालिसकेका हुन्छन्। आँपलाई बोटमै पाक्न दियो भने त्यसमा हुने प्राकृतिक मिठास बेग्लै हुन्छ तर नछिप्पिई नै टिपेर अनेक रसायनको प्रयोग गरी पकाइन्छ। यसरी पकाइएका आँप स्वास्थ्यका दृष्टिकोणले 'हाइजेनिक' मानिँदैन। दाना छिप्पिएपछि टिपेर राख्दा आफैँ पाक्ने गुणयुक्त फल हो आँप। जेठ, असार र साउन आँपयुक्त महिना हुन्।

भारतीय र नेपाली उत्पादन सकिइसकेपछि पनि नेपाली बजारमा आँप आइरहेकै हुन्छन्। ती आँप चाहिँ चीनमा फलेका हुन्। बेसिजनका भएका कारण बजारमूल्य महँगो हुन्छ तर स्वादका दृष्टिले भने उत्तम हुँदैनन्। ■

काजीको कलम

अभिव्यक्तिको 'थलो' माइतीघर

काठमाडौँको एक परिचित स्थान हो काठमाडौँ महानगरपालिका वडा नम्बर–११ मा अवस्थित 'माइतीघर'। गाउँको आवाज सिंहदरबारले नसुनेको गुनासो पोख्न माइतीघर पुग्नेको लर्को लागेको हामी देख्न सक्छौँ।

माइतीघरको फराकिलो बगैँचाको वरिपरि सडकक्षेत्र, बीचभागमा आकर्षक मण्डल, हरियाली बीचमा नेपालको राष्ट्रिय झण्डा फराएको मनमोहक दृश्यबाट जो कोही आकर्षित हुनु स्वाभाविक नै हो तर यहाँ माइतीघर मण्डलाको आकर्षण हेर्नलाई मात्र होइन आफ्ना पीडा र समस्या पोख्न आउने पनि धेरै हुन्छन्।

अधिवक्ता दीपेन्द्र विष्ट माइतीघर मण्डला आवाजविहीनहरूको आवाज राख्ने–पोख्ने स्थान बनेको अनुभव सुनाउँछन्। माइतीघर मण्डला शहरी सौन्दर्य र यातायात व्यवस्थापनका लागि बनाइएको जस्तो लाग्छ तर अहिले यो अन्याय, अत्याचार, विभेद, दमन, भ्रष्टाचारविरुद्ध अभिव्यक्ति र आक्रोश व्यक्त गर्ने प्रमुख थलो बनेको छ।

यहाँ भेला हुनेहरूलाई हिउँद न वर्षा, घाम न पानी, वर्ष, महिना, दिन, बार कुनै तिथिमिति चाहिएको देखिँदैन। प्रायः माइतीघर अनेक खालका विरोध कार्यक्रमले व्यस्त नै देखिन्छ। अधिवक्ता विष्ट माइतीघर मण्डलालाई बेलायतको लन्डनमा रहेको हाइडपार्क र भारतको जन्तरमन्तरसँग तुलना गर्छन्।

मण्डल निर्माण

माइतीघरको प्राचीन नाम फिब्वः ख्यः हो। नेपाल भाषामा यसको अर्थ बलौटे (बालुवा) स्थान भन्ने हुन्छ। यो क्षेत्र आसपास भएर बग्ने टुकुचा नदीका कारण खेतबारीमा बालुवा थुप्रिने भएकाले नेवार समुदाय फिब्वःख्यः भन्ने गर्थे। जुन स्थानलाई धेरै पछि माइतीघर भन्न थालियो।

२०५७ सालमा काठमाडौँमा आयोजित ११ औँ सार्क शिखर सम्मेलनका क्रममा तत्कालीन मेयर केशव स्थापित, कलाकार वत्सगोपाल वैद्य र परिकल्पनाकार रिञ्जित योन्जनले माइतीघरमा मण्डल बनाउने योजना तयार पारेका थिए। काठमाडौँलाई नेपाल मण्डल पनि भन्ने गरिन्छ र यसलाई नमुना देखाउन यहाँ रहेका २२ वटा घरटहरा भत्काई आकर्षक मण्डल निर्माण गरिएको थियो।

माइतीघर मण्डल नामकरण गरिए पनि बोलीचालीमा सबैले माइतीघर मण्डला भन्ने गर्छन्। करिब २० दिनको अवधिमा मण्डल निर्माण भएको दाबी गरिन्छ। काठमाडौँलाई चीनसँग जोड्ने अरनिको राजमार्गको आरम्भविन्दु पनि माइतीघर मण्डला हो।

यो मण्डल घुमेर जाने सडकमध्ये पूर्वतर्फ अरनिको, पश्चिम थापाथली हुँदै पाटन तथा कालीमाटी कीर्तिपुर–थानकोट, उत्तर रामशाहपथ, सिंहदरबार, भद्रकाली, दक्षिण थापाथली दरबार गेट जोड्ने सडकसहित छ वटा मार्गको सङ्गम स्थलका रूपमा परिचित छ।

माइतीघरदेखि बबरमहल सडकको दुईतर्फी किनाराको हरियाली, मण्डलमा रहेको उद्यान, कलात्मक ढुङ्गेधारा, चैत्य यहाँका आकर्षक हुन्। मण्डल अवलोकन गर्न भन्दा विभिन्न माग बोकेर शहर आएकालाई भेट्ने र आफ्ना माग सम्बोधनका लागि राज्य वा सरकारको ध्यानाकर्षण गराउनेले तस्बिर खिच्ने तथा टिकटक, रिल्स बनाउने गर्छन्।

माइतीघरको नामकरण

काठमाडौँ नेवार समुदायको बाक्लो बस्ती भएको स्थान हो। यहाँका अधिकांश ठाउँको नाम नेपाल भाषा (नेवारी) मा राखिएका छन्। नेवार समुदायले फिब्वः ख्यः भन्ने गरेको स्थान माइतीघर चलचित्र बनाउने कार्यको शुभारम्भसँगै नयाँ नामबाट परिचित हुन थाल्यो।

माइतीघरबाट थापाथली जाँदा बायाँतर्फको दुईतले घरको माथिल्लो भागमा माइतीघर चलचित्रको कार्यालय र बोर्ड राखेकाले यस स्थानको नाम माइतीघर रहन पुगेको स्थानीय पन्नालाल श्रेष्ठ बताउँछन्। घरको बाहिर माइतीघर लेखिएको बोर्ड राखिएको थियो। त्यहीँ बोर्डका कारण फिब्वः ख्यः माइतीघर बन्न पुग्यो।

माइतीघर चलचित्र निजी लगानीमा बनेको पहिलो नेपाली कथानक चलचित्र थियो। यसका निर्देशक बीएस थापा तथा कलाकार सिपी लोहनी र माला सिन्हा थिए। निर्माण थालेको करिब पाँच वर्षपछि मात्र चलचित्र प्रदर्शनमा आयो।

त्यो बेला रत्नपार्क–भद्रकाली हुँदै पाटन–मङ्गलबजार गुड्ने सार्वजनिक बसका सहचालकले यात्रु ओराल्दा वा चढाउँदा 'माइतीघर–माइतीघर' भन्दै नाम लिने गरेका थिए। जुन स्थानको नाम पछि माइतीघर नै हुन पुग्यो। हाल माइतीघर नागरिक अभिव्यक्तिको 'थलो' बन्न पुग्यो। ▪

–देवबहादुर कुँवर

आसेकपछि विवाह नहुन्जेलसम्म सासूससुराले बोलाएका बखत केटाले केटीको घरमा गएर काममा सघाउनु पर्दछ । सासूससुराले बिदा दिएपछि मात्र केटाले घर फर्कन पाउँछ । आसेक गरेको १८ महिनासम्ममा विवाह गरिन्छ ।

पहिचान खोज्दै लेप्चा जाति

■ दीपक श्रेष्ठ

इलाम जिल्लामा लेप्चा जातिको बसोबास रहेको छ । आफ्नै भाषा, वेशभूषा, संस्कृति, जनजीवन र परम्परा रहेको यो जातिका कतिपय विषयमा खोज र अनुसन्धान हुनै बाँकी छ ।

भारतको सिक्किममा समेत मिल्दोजुल्दो जनजीवन, भाषा, संस्कृति भएका लेप्चा जातिको बसोबास रहेको छ । सिक्किम र इलामका लेप्चाको जीवन, रहनसहन, रीतिरिवाज एकै किसिमको छ भन्न सकिन्न तर उनीहरूमा धेरै समानता पाउन सकिन्छ । जियोफ्रे गोरेरले 'हिमालयन भिलेज' पुस्तकमा लेप्चा जातिको विषयमा चर्चा गरेको पाइन्छ ।

अम्बिकादेवी पौड्यालले स्नातकोत्तर दोस्रो वर्षमा 'नेपालमा लेप्चा जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था' बारे इलाम जिल्ला फिक्कल गाउँ विकास समितिमा बसोबास गर्ने लेप्चा जातिलाई आधार बनाएर शोध (२०७२) गरेकी थिइन् । सो अनुसार इलाम जिल्लाका विभिन्न ठाउँमा परापूर्वकालदेखि बसोबास गरिरहेका लाप्चा नेपालका एक आदिवासी हुन् ।

जनस्तरमा 'लाप्चो', 'लाप्चा', 'लोप्चे' भनेर सम्बोधन गरिने जातिको मौलिक नाम 'रोङ' भएको स्थानीय लाप्चाले बताउँछन् ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार सूचीकृत ५९ जातजातिमध्ये लेप्चा जाति लोपोन्मुख सूचीमा पर्दछ । राष्ट्रिय जनगणना २०६८ मा लेप्चा जातिको जनसङ्ख्या तीन हजार ४४५ थियो । जनगणना २०७८ मा आइपुग्दा लेप्चाको जनसङ्ख्या तीन हजार ५७८

पुगेको छ। यसमध्ये पुरुषको सङ्ख्या एक हजार ७६९ र महिलाको सङ्ख्या एक हजार ८०९ रहेको छ।

यो जातिको जनसङ्ख्या इलामको सूर्योदय नगरपालिकामा बढी छ। इलामको सूर्योदय नगरपालिकामा एक हजार ६४०, रोङ गाउँपालिकामा ९९०, माइजोगमाई गाउँपालिकामा १९७ र इलाम नगरपालिकामा १५६ जनसङ्ख्या यो जातिको छ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको वेबसाइटमा लेप्चा जातिबारे यसरी लेखिएको छ, "कञ्चनजङ्घा हिमालको फेदीमा आदिमकालदेखि बस्दै आएको यो जाति नेपालको इलाम जिल्ला र भारतको सिक्किम, कालिम्पोङ र दार्जिलिङ क्षेत्रमा बसोबास गर्दछ। यिनीहरू कञ्चनजङ्घालाई देवता मान्दछन्। आफूलाई राजखलक भन्दछन्।"

आदिवासी जनजाति प्रतिष्ठानका अनुसार यिनीहरूको (लेप्चा) भाषा भोट बर्मेली परिवारमा पर्दछ। साथै लिपि र धर्म ग्रन्थ पनि छ। यिनीहरूको आफ्नै प्राकृतिक धर्म छ तर अचेल बौद्ध धर्म र क्रिस्चियन धर्म पनि मान्दछन्। अस्ताच्यो यिनीहरूको धार्मिक ग्रन्थ हो। जाँड रक्सी चोखो वस्तु मानिन्छ। मरेपछि शवलाई घरको भित्ता फोरेर निकालिन्छ र गाडिन्छ। सामाजिक सङ्गठन रोङसेनुङ्ठी हो। यिनीहरू लोक्नेन नाच नाच्दछन्। खेती किसानी र व्यापार यिनीहरूको मुख्य पेशा हो।

नेपाली बृहत् शब्दकोषमा नेपालको मेची अञ्चलको इलाम तथा नेपालबाहिरका दार्जिलिङ, सिक्किम र पश्चिम भुटानमा बसोबास गर्ने लेप्चा जाति, उक्त लेप्चा जातिको भाषा रोङ भाषा भनी उल्लेख छ।

भाषा आयोगद्वारा प्रकाशित लाप्चा भाषाको इतिहास (२०७५) मा उल्लेख भए अनुसार इलाम जिल्लाको पनि पूर्वमा यिनीहरूको आदिम कालदेखि बसोबास रहँदै आएको पाइन्छ। इलामको सूर्योदय नगरपालिका, रोङ गाउँपालिका,

केटीका आमाबाबुले केटाका बारेमा सोधपुछ गर्दछन्। दुई पटकसम्म कुरा गर्न आउँदा आनाकानी गरिन्छ र तेस्रो पटक पनि केटीका बाबुआमाले आनाकानी गरेमा बिहेको कुराकानी त्यहीँ टुङ्गिन्छ।

माइजोगमाई गाउँपालिका, इलाम नगरपालिकामा लाप्चाहरूको बसोबास छ। इलाम जिल्लाको विभिन्न गाउँपालिका र नगरपालिकामा गरी कुल तीन हजार ६५ (स्रोत रोङ सेजुम ठी २०७२ को गणना) को सङ्ख्यामा लाप्चाहरूको बसोबास रहेको छ।

मेचीदेखि महाकाली (भाग १, २०३१) मा लाच्चा जातिबारे चर्चा गरिएको छ। सो पुस्तकमा 'लाप्चाहरू सिधा, परिश्रमी, मिलनसार र रमाइलो प्रवृत्तिका हुन्छन्' भनिएको छ।

पुस्तकमा भनिएको छ, "उनीहरू साधारणतः आशावादी हुन्छन् तथा खानपिन र नाचगानमा विशेष आनन्द लिन्छन्। आपसी मायाप्रीतिको सम्बन्धमा पनि खानेकुराले ठूलो भूमिका खेलेको हुन्छ। चाडपर्व, जन्म, मरण आदि अवसरमा भोज भत्यार चल्दछ। उनीहरू सबै किसिमका जङ्गली जनावर र कन्दमूल खान्छन्।"

शिकारमा उनीहरू खासगरी मृग मार्ने गर्दछन्। पहिले पहिले पासो थापेर भालु समात्ने र त्यसको मासु खाने

पनि गर्दथे। भालुलाई पासो थाप्ने शिकारीले तीन महिनासम्म यौनक्रियामा संलग्न हुनु हुँदैन, होइन भने भालु शिकार लाग्दैन भन्ने विश्वास उनीहरूमा रहेको सो पुस्तकमा उल्लेख गरिएको छ।

केटीको घरमा कामदार

लाप्चाको बिहेबारी हुँदा आमाबाबुले कहिले पनि केटी माग्न जाँदैनन्। केटी माग्न जाने काम केटाको काका अथवा काका पर्नेले गर्दछ तर खास कुराकानी बेक्-बु (लमी) ले नै गर्दछ।

केटाको तर्फबाट एकजना बेक्-बु (लमी) केटीको गाउँमा गई तिनको 'बेक्-बु' सित बिहेको कुरा चलाउँछन्। केटीका आमाबाबुले केटाको बारेमा सोधपुछ गर्दछन्। दुई पटकसम्म कुरा गर्न आउँदा आनाकानी गरिन्छ र तेस्रो पटक पनि केटीका बाबुआमाले आनाकानी गरेमा बिहेको कुराकानी त्यहीँ टुङ्गिन्छ।

कुराकानी अघि बढेमा केटाकेटीको चिना देखाउने काम हुन्छ। यतिसम्म हुने गतिविधिलाई लेप्चाहरू 'कुच्युङ' भन्दछन्। त्यसपछि केटाकेटीबीच आसेक (मगनी) हुन्छ। आसेक गर्न केटी पक्षबाट केटा पक्षलाई उपहार पठाउनु पर्छ। यस्तो आसेक उपहारमा दुई वटा सुङ्गुर, तामाको एउटा ठूलो भाँडा, केही कपडा वा त्यसको सट्टामा पैसा राखिन्छ।

आसेकपछि मात्र विवाह पक्का भएको मानिन्छ। यति भएपछि केटीले माइतीमै बसेर बच्चा जन्माए पनि सामाजिक मान्यता प्राप्त हुन्छ। आसेक लिएपछि कुनै कारणले विवाह हुन नसके केटा पक्षले लिएको उपहार सबै फिर्ता गर्नुपर्छ वा अर्को केटीको व्यवस्था गर्नुपर्छ। आसेक लिएर केटीको घर जाँदा केटाले काका, मामा, दाजु लिएर जान्छन्। तीन चार दिन नै केटीको घरमा केटा बस्छ। यस अवधिमा केटाकेटी सँगै बस्ने, खाने, सुत्ने गर्दछन्। केटाकेटीको कतिको मिल्ती छ ? कस्तो भावनात्मक सम्बन्ध छ ? भन्ने कुराको अन्यले ख्याल गरिराखेका हुन्छन्।

आसेकपछि विवाह नहुन्जेलसम्म सासूससुराले बोलाएका बखत केटाले केटीको घरमा गएर काममा सघाउनु पर्दछ। सासूससुराले बिदा दिएपछि मात्र केटाले घर फर्कन पाउँछ। आसेक गरेको १८ महिनासम्ममा विवाह गरिन्छ। विवाहको दिनमा बेहुलाले लमीलाई साथमा लिएर सासूका लागि सुङ्गुरको एक साप्रो कोसेली बोकेर जान्छन्। यसरी जाँदा बेहुलीका दिदीबहिनीले तर्साएर भगाउन खोजेजस्तो गर्दछन् अनि केटाले केही उपहार दिएर खुशी बनाउँछन्। त्यसपछि दुलाहा आफ्नो घर फर्कन्छन्।

दुलाहा फर्केपछि दुलहीसहित दुलहीको घरबाट जन्ती हिँड्छ। त्यसमा दुलहीसमेत करिब १२ जना हुन्छन्। साथमा एक भारी च्यि (जाँड), एक भारी भुटेको मकै र एउटा सुङ्गुर दुलहीको तर्फबाट कोसेलीमा लगिएको हुन्छ। जन्तीमा बाबुआमा जान्नन् र उनीहरू घरैमा बसिरहन्छन्। दुलाहाको घर पुग्नुअगाडि सो जन्ती तीन ठाउँमा रोकिन्छ। रोकिएको ठाउँमा खानपिन गर्दै जान्छन्। पहिलो रोकिने क्रमलाई चाङ्युक, दोस्रोलाई लोङ्सो र तेस्रोलाई गोरसुन भन्दछन्। जन्तीलाई बाटोभरि खुवाउने पिलाउने जिम्मेवारी दुलाहातिरको हुन्छ।

लाप्चाहरूले शवलाई जलाउने, गाड्ने अथवा नदीमा फाल्ने गर्दछन्। शवलाई के गर्ने भन्ने कुरा लामाले मृत व्यक्तिको चिनाको आधारमा र मृत्यु भएको अवस्थालाई हेरी निर्णय लिन्छन्।

गाड्ने कि फाल्ने

लाप्चा जातिमा व्यक्तिको देहान्त भएपछि सो मृत्यु गराउने भूतप्रेतले अर्को व्यक्तिमाथि जाई नलागोस् र मृत व्यक्ति पनि पूर्ण रूपले पन्छियोस् भन्नेतिर लाप्चाहरू लाग्दछन्। लाप्चाहरूले शवलाई जलाउने, गाड्ने अथवा नदीमा फाल्ने गर्दछन्। शवलाई के गर्ने भन्ने कुरा लामाले मृत व्यक्तिको चिनाको आधारमा र मृत्यु भएको अवस्थालाई हेरी निर्णय लिन्छन्।

लामालाई कहिले पनि गाडिन्न। उनीहरूलाई प्रायः जलाइन्छ र वर्षायाम भए नदीमा फालिन्छ। साधारण मानिसलाई कहिल्यै जलाइन्न। साना केटाकेटी मरेपछि नदीमा सेलाइदिन्छन्। शवलाई ढोकाबाट निकाल्ने चलन यो जातिमा छैन। लामाले कुन दिशातिर लैजाने भन्ने निर्देशन दिएपछि घरको भित्ता अथवा पर्खाल फोरेर शव निकाल्छन् र तुरुन्त सो ठाउँलाई बन्द गर्दछन्।

मलामबाट फर्केर आउँदा बाटोमा सानो आगो बालेर राखिन्छ र मलामीहरू त्यसलाई नाघेर आउँछन्। घरको ढोकानिर एउटा चक्कु र फलामको केही टुक्रा पनि राखिन्छ तथा उनीहरूले त्यसलाई कुल्चेर हिँड्छन्। यसबाट मलामीहरू कालको चक्रबाट बच्छन् भन्ने लाप्चाहरूको विश्वास छ।

धर्म, संस्कृति र चाडपर्व

लेप्चा जातिले आफूलाई बौद्ध धर्मावलम्बी भन्न मन पराउँछन्। यिनीहरूमा आफ्नै प्रकारको धार्मिक संस्कार र विश्वास पाइन्छ। आफ्नै लिपि भाषामा धार्मिक पुस्तक, भविष्यवाणी र उपचार विधिका पुस्तकसमेत यो जातिसँग छ। नेपालका लेप्चाले लिपिबारे विस्तारै जानकारी राख्न थालेका छन्। सिक्किमबाट लिपि जान्नेहरू बोलाई अध्ययन गर्ने गरेको पाइन्छ। लामा पुरोहितको सङ्ख्या कमी हुनुले कतिपय लेप्चाले ब्राह्मण पुरोहित पनि लगाउने गरेका छन्। अम्बिकादेवी पौड्यालका अनुसार लेप्चाहरूको संस्कृतिको आधारमा धर्मलाई 'बुङथिङलोम र मनलोम' भनिन्छ। यो यथार्थ धर्म नभई सामाजिक रीतिथितिको विधि मात्र हो।

'बुङथिङलोम' भन्नाले पुरुष पुरोहित वा 'विजुवा' र 'मत बुङथिङ' भन्नाले स्त्री विजुवानी भन्ने बुझिन्छ। पितृप्रधान र मातृप्रधान सामाजिक संस्कारको आधारमा हेरिन्छ।

उनका अनुसार लेप्चाको धर्मग्रन्थलाई 'नामथर' भनिन्छ। सबै गाउँमा उनीहरूको परम्परा अनुसार पूजाआजा र संस्कार सम्पन्न गराउने पुरोहित (बुङथिङ) को अभाव, मुखैले गर्ने चलन र मुद्रणको व्यवस्था नगरिएकाले 'नामथर' सबैसँग छैन। केही सीमित व्यक्तिसँग मात्र हस्तलिखित पुस्तक छन्।

लेप्चाको आफ्नो लिपि र भाषा पढ्ने व्यवस्था नभएकाले लामासँग नै तिब्बती लिपि पढ्छन्। पूजाआजामा तिब्बती लिपिका 'दोमाङ्ग' 'नैठी' आदि पुस्तक पढ्ने र पढाउने गरिन्छ। त्यसैले लेप्चाको धार्मिक विधि मिश्रित किसिमको छ। लेप्चा जातिमा झारफुकको प्रभाव ज्यादा पाइन्छ। यिनीहरू 'वुङथिङ' बाट झारफुक तथा जडीबुटी उपचार गराउँछन्।

लेप्चा जातिको आइत-छ्यो र नामथर जस्ता पवित्र धार्मिक ग्रन्थ छन्। लेप्चा र लिम्बूको देवदेवतामा धेरै नै सामीप्य छ भन्ने भनाइ छ। यिनै धार्मिक ग्रन्थका आधारमा विजुवा-विजुवानीले पूजाआजा र संस्कार सम्पन्न गराउँछन्।

लेप्चा जातिमा कामका आधारमा गुम्बा लामा, हिसा लामा र अहिसा लामा गरी तीन थरीका लामा हुन्छन्। उनीहरू आफ्नो धार्मिक संस्थालाई अत्यन्तै सम्मान र विश्वास गर्दछन् तथा धार्मिक कार्य गर्दा सामूहिक रूपमा गर्छन्। कुनै एउटा लेप्चाको परिवारमा हुने धार्मिक कार्यमा सबैले फलफूल, अक्षता, रक्सी र अन्य वस्तु लगेर चढाउने चलन छ। उनीहरू यस कार्यलाई आफ्नो भाषामा 'मिण्डे' भन्छन्।

उनीहरू धार्मिक कार्य गर्दा पालैपालो गुम्बामा गएर बत्ती बाल्छन्। पहिला पहिला गुम्बा सञ्चालन काजी, सुब्बा (लेप्चा जातिका ठालु वर्ग) ले नै गर्दथे। २०४६/४७ सालपछि लेप्चा समुदायले सरकारी निकायमा गुम्बा दर्ता गरी संस्थागत रूप दिएका छन्। लेप्चा जातिमा कञ्चनजङ्घा पूजा, फलोफजी रम्फाक, नौलो पूजा, न्वागी पूजा, सिल्ली तङ्वू पूजा, नामवन मुख्य रूपमा मनाइन्छ।

लेप्चा जाति आफूलाई कञ्चनजङ्घा हिमालबाट उत्पत्ति भएको ठान्दछन्। आफ्नो सृष्टि स्थानलाई पवित्र पर्वत मानी सबैभन्दा पहिला लेप्चा जातिले कञ्चनजङ्घा हिमालको पूजा गर्छन्। लेप्चाले कञ्चनजङ्घालाई 'इष्टदेव' मान्दछन्। कञ्चनजङ्घाको विशेष पूजा हरेक वर्षको चौथो महिनाको चौथो दिन पर्वकै रूपमा गरिन्छ। यस पर्वमा नाचगान र भोजसमेत खाइन्छ। लेप्चाले कञ्चनजङ्घालाई 'किम-चुम जोङ बु' भन्छन्। नयाँ वर्षको दिन र नयाँ बाली भित्र्याउँदासमेत 'इष्टदेव' को पूजा गर्दछन्।

कञ्चनजङ्घा पूजा गर्दा अग्लो डाँडोमा हिमालय पर्वततिर मुहार पारेर पूजाको वेदी तयार पारी किसिम किसिमका फलफूल, मेवा, मिष्ठान्न, धूपबत्ती चढाएर पूजा गरिन्छ। त्यो बेला वुङथिङले लेप्चाको उत्पत्तिको कथासहित प्रार्थना गर्दछन् । लेप्चा जातिमा नौलो पूजाको चलन पनि छ। दुःख बिमार परेका बेला गरिने पूजामा निश्चित तिथिमिति आवश्यक हुँदैन। घरभित्र थान बनाएर 'बुङथिङ' बाट यो पूजा गराइन्छ।

लेप्चाले न्वागी पूजा पनि विशेष रूपमा मनाउँछन्। अन्न बाली पाकेको समय अर्थात् मङ्सिरदेखि फागुनसम्म यो पर्व मनाइन्छ। उनीहरूमा आफूले फलाएका प्रत्येक अन्नबाली ईश्वरलाई चढाएर मात्र खाने गरेमा दोष नलाग्ने विश्वास छ । पुर्खाको सम्झनामा प्रत्येक लेप्चाको घरमा

धनुवाण र गुलेली राख्ने परम्परा रहेको छ। वार्षिक रूपमा धनुवाण प्रतियोगिता गर्ने परम्परा पनि छ। आफ्ना पितापुर्खाले प्रयोग गरेको धनुवाण र गुलेलीको पूजा गरी लेप्चा जातिले सिल्ली तङ्बु पूजा गर्दछन्। यो पूजा बर्सेनि नगरी स्वेच्छाले दुई/तीन वर्षको फरकमा पनि गर्न सकिन्छ।

लेप्चाले भव्यतासाथ नामवन मनाउँछन्। लेप्चाको विभिन्न संस्कार तथा चाडपर्वमा देवता, राक्षस, भूत, प्रेतलाई बुझाउने, पूजा गर्ने कार्य गरिन्छ। त्यसमध्ये नामवन पनि एक हो। यस चाडमा पनि देवता र राक्षस दुवैलाई पूजाआजा गर्दै मुन्धुम फलाक्दै बुझाउने, बक्साउने र आराधना गर्ने काम गरिन्छ। यो पूजामा सूर्योदय नगरपालिका र रोङ गाउँपालिकाले सार्वजनिक बिदा दिने गरेको छ। ■

हस्तनिर्मित काँगियो



यो पुरानो जमानाको हस्त निर्मित बाँसको काँगियो हो । डोटी कारागार र डोटीका पुराना शिल्पीहरुबाट यस्ता काँगियो बनाएर बजारमा खरिदबिक्री हुन्थ्यो । काँगियो दुवैतिरबाट कपाल कोर्न मिल्ने तथा महिलाका लामा कपालबाट लिखा र जुम्रा झार्न अति उपयोगी हुन्थ्यो । यी काँगियो धेरै नै प्रयोगमा आउँथे । हातैले बनाइएका काँगियो तीन/चार थरीका हुन्थे । बनोट र मोल पनि भिन्न भिन्न हुन्थ्यो ।

मेहनत हेरी मूल्य कम र बेसी राखिन्थ्यो । कम भनेको चार आना अर्थात् भा. रू. २५ पैसा, बढी मूल्य भनेको आठ आना अर्थात् ५० पैसा रुपियाँ पर्थ्यो । यस्ता काँगियो बनाउन निकै शिल्पकारिता आवश्यक पर्दथ्यो र जोकोहीले बनाउन सक्दैनथे ।

खप्तडी बाघबुट्टे निगालोको चोया निकालेपछि त्यसलाई खिपेर एकनासका काँगियोका दाना अर्थात् दाँत बनाएर बलियो डोरीले कसेर काँगियो बनाइन्थ्यो । जुल्फी कोर्न केटाहरुका लागि यी काँगियो त्यति उपयुक्त हुँदैनथ्यो । उनीहरुले भारतमा बनाइएका प्लास्टिकका काँगियो नै प्रयोग गर्दथे । किनभने घरेलु काँगियो लामा कपालका लागि मात्र उपयुक्त हुन्थ्यो ।

अचेल यस्ता घरेलु काँगियो प्रचलनमा छैनन् ।

त्यस्तै हुक्कामा तमाखु खानेहरुका लागि पनि खप्तडी बाघबुट्टे नलीमा हातले बुट्टा काटेका नली सिलगडी बजारमा प्रशस्तै बनाइन्थे र बिक्री गरिन्थे । यो कुरा २०१०-१२ सालतिरको हो । अचेल यी सबै हस्तकला लोप भइसके ।

-सूर्यप्रसाद जोशी

इरान-अमेरिका दशकौँको तनाव

धर्मनिरपेक्ष मोसादेकले इरानको तेल उद्योगलाई राष्ट्रियकरण गर्ने घोषणा गरेका थिए । जुन उद्योगमा बेलायतको नियन्त्रण रहिआएको थियो । यसबीच अमेरिकी अधिकारीलाई कस्तो आशङ्का भयो भने सहयोगका लागि मोसादेक सोभियत सङ्घको निकट जान सक्छन् ।

–एरिन ब्लेकमोर

अमेरिका र इरानबीच कहिल्यै औपचारिक रूपमा युद्ध भएन तर यी दुई देशबीच दशकौँदेखि तनाव रहिआएको छ। हामी अमेरिका र इरानबीच लामो समयदेखि चलिरहेको सङ्घर्ष तथा तनाव उत्कर्ष पुग्दा उठाइएका कदमका बारेमा यहाँ चर्चा गर्दै छौं ।

इरानका प्रधानमन्त्री मोहम्मद मोसादेक अपदस्थ

सन् १९५३ मा अमेरिकी र बेलायती गुप्तचर संस्थाले लोकतान्त्रिक रूपमा निर्वाचित इरानका प्रधानमन्त्री मोहम्मद मोसादेकलाई अपदस्थ गर्न सहकार्यमा सत्ताकब्जाको प्रपञ्च रचे । धर्मनिरपेक्ष मोसादेकले इरानको तेल उद्योगलाई राष्ट्रियकरण गर्ने घोषणा गरेका थिए। जुन उद्योगमा बेलायतको नियन्त्रण रहिआएको थियो। यसबीच अमेरिकी अधिकारीलाई कस्तो आशङ्का भयो भने सहयोगका लागि मोसादेक सोभियत सङ्घको निकट जान सक्छन् । सन् २०१३ मा सिआइएको सार्वजनिक गरिएको दस्ताबेजमा स्पष्ट रूपमा स्वीकारियो, सन् १९५३ को सत्ताकब्जा घटनामा सिआइएको संलग्नता थियो । त्यस सत्ताकब्जाले पश्चिमामैत्री साह राजसंस्थालाई पुनर्बहाली गऱ्यो । जुन कदमले गर्दा इरानमा राष्ट्रवादको यस्तो लहर सिर्जना गरिदियो जसको परिणाम सन् १९७९ मा इरानी क्रान्ति त्यहाँ सफल भयो ।

इरानी बन्धक सङ्कटका कारण कार्टरले पहिलो पटक इरानमाथि प्रतिबन्ध लगाए

सन् १९७९ नोभेम्बर ४ मा इरानी विद्यार्थीको एक समूहले तेहरानमा रहेको अमेरिकी दूतावासमा जबरजस्ती पसेर ६० भन्दा बढी अमेरिकीलाई बन्धक बनायो र यस

घटनाबाट एक खालको अन्तर्राष्ट्रिय सङ्कट आइलाग्यो। अमेरिकाले इरानलाई कडा जवाफ दिन र झुकाउन उसमाथि प्रतिबन्ध लगाउने घोषणा गर्‍यो। ४४४ दिन लामो प्रतिबन्धले अमेरिकामा जिमी कार्टरको राष्ट्रपति काल कमजोर पार्‍यो, इरानमा नयाँ राजनीतिक युगको सूत्रपात भयो तथा अमेरिकी हस्तक्षेपको विरोध गर्ने एक क्रान्तिकारी धर्मगुरु अयातोल्लाह रुहोल्लाह खुमेनीलाई अन्तर्राष्ट्रिय छवि बनाइदियो।

यस घटनाले अमेरिका र इरानबीच एक यस्तो स्थायी गतिरोधसमेत उत्पन्न गरिदियो जसमा प्रत्यक्ष वार्ता गरिनुको साटो प्रतिबन्धलाई नै मुख्य साधकका रूपमा अपनाइयो। राष्ट्रपति कार्टरले बन्धक सङ्कट उत्पन्न भएलगत्तै इरानमाथि प्रतिबन्ध लगाएको घोषणा गरी इरानको तेल बिक्रीमा ठूलो कटौती गर्नुका साथै इरानी सम्पत्तिमा रोक्का लगाए। बन्धक मुक्तिका लागि यी कदमसँगै चलाइएको कूटनीतिक प्रयास सार्थक हुन सकेन। यसर्थ बन्धक सङ्कट सुरु भएको २१२ दिनपछि सन् १९८० अप्रिल ७ मा कार्टरले झनै कठोर कदम उठाउने घोषणा गरे। अमेरिकाले इरानसँग कूटनीतिक सम्बन्ध विच्छेद गर्‍यो, खाद्य सहायतामा कटौतीसहितका आर्थिक प्रतिबन्ध लगायो, अमेरिकामा इरानी संस्थाहरू बन्द गरिए तथा इरानबाट सबैखाले आयातमा प्रतिबन्ध लगाइयो।

त्यतिबेला कार्टरले राष्ट्रलाई सम्बोधन गर्दै भनेका थिए, "बन्धकको सुरक्षित रिहाइका लागि म प्रतिबद्ध छु। आज मैले जुन आदेश जारी गरेको छु ती अत्यावश्यक थिए। यदि यी आदेशबाट बन्धकको शीघ्र रिहाइमा योगदान भएन भने थप कदम जरुरी हुने छन्।"

इरानमा बन्धक रिहा भएनन्। बन्धक सङ्कट जारी रहेपछि कार्टरले यस्तो दुर्भाग्यपूर्ण उद्धार अभियानलाई मञ्जुरी दिए जसलाई बालुवाको आँधीले आठ सैन्यकर्मीको मृत्यु भएपछि रद्द गर्नु पर्‍यो। राष्ट्रपति पदमा पुनः निर्वाचित हुने कार्टरको प्रयास विफल भएपछि मात्र बन्धक सङ्कट समाप्त भएको थियो।

बेरुत ब्यारेकमा बम विस्फोटपछि रेगनले इरानलाई 'एक आतङ्कवाद प्रायोजक राज्य' भने। सन् १९८१ मा राष्ट्रपति निर्वाचित रोनाल्ड रेगनले पदभार ग्रहण गरेको केही घण्टामै इरानमा बन्धकलाई रिहा गरिए पनि अमेरिकाले इरानमाथि आफूले लगाएको प्रतिबन्ध हटाएन। बन्धकलाई सकुशल रिहा गरेमा आफूले इरानमाथि लगाएका सबै व्यापार प्रतिबन्ध हटाउने सहमति जनाएको थियो तर कार्टरले लादेका सबै खालका आर्थिक प्रतिबन्ध अमेरिकाले तत्कालै हटाएन।

यसबीच सन् १९८० मा इरानले इराकमाथि आक्रमण सुरु गर्‍यो र यो युद्ध आठ वर्षसम्म चल्यो। आरम्भमा अमेरिकाले यस लडाइँमा आफूलाई तटस्थ राखेको थियो तर समय बित्दै जाँदा अमेरिकाले इराकलाई समर्थन गर्न थाल्यो।

सन् १९८३ मा लेबनानको बेरुतमा रहेको अमेरिकी सेनाको ब्यारेकमा एक भयङ्कर ट्रक बम विस्फोट हुँदा २४१ सैनिक मारिए। आतङ्कवादीद्वारा कारबाही गरिएको यस घटनामा इरानको कम्तीमा पनि आंशिक भूमिका रहेको आशङ्का रह्‍यो रेगन प्रशासनको।

यस कारण अमेरिकाले इरानलाई 'एक आतङ्कवाद प्रायोजक राज्य' को संज्ञा दियो। यस्तो पदनाम दिएपछि इरानमाथि थप प्रतिबन्ध लगाउन अमेरिकालाई मार्गप्रशस्त

हुन्थ्यो । इरानलाई यस्तो संज्ञा दिइएपछि ऋण र वैदेशिक सहायता रोकिए, आवश्यक क्षेत्रमा प्रयोगका साथै युद्ध बन्दोबस्तीमा समेत प्रयोग गर्न मिल्ने दोहोरो उपयोगिता भएका वस्तु, प्रविधि र मालवस्तुको बिक्रीमा रोक लाग्यो ।

रेगन प्रशासनले इरानलाई गोप्य तवरमा हातहतियार र धन उपलब्ध गरायो ।

रेगनले राष्ट्रिय मञ्चमा उभिएर सार्वजनिक रूपमा इरानमाथि कठोर प्रतिबन्धलाई जारी राखेको प्रदर्शन गरिराखे तर पर्दापछाडि उनको प्रशासनका अधिकारी लेबनानमा इरान समर्थित आतङ्कवादी समूहद्वारा बन्धक बनाइएका अमेरिकीलाई मुक्त गराउन हतियारमाथि प्रतिबन्ध लगाइएको भए पनि इरानलाई गुप्त रूपमा हातहतियार र धन उपलब्ध गराइरहेका थिए । जुन कुरा पछि इरान–कन्ट्रा मामिलाका रूपमा परिचित भयो ।

सन् १९८७ सम्म गुप्त कार्यक्रम सार्वजनिक नभए पनि यसले इरानप्रति रेगन प्रशासनको नीतिलाई आकार चाहिँ दिएको थियो । हातहतियार काण्डका बारेमा भएको सुनुवाइमा लेफ्टिनेन्ट कर्नेल ओलिभर नर्थले राष्ट्रपति रेगन अवगत रहेको दाबी गर्दै हातहतियार सम्झौतामा आफू सहभागी मात्र होइन इरानसँगको हतियार सम्झौताबाट प्राप्त धन निकारागुआका कन्ट्रासलाई हस्तान्तरण गरेको स्वीकारसमेत गरेका थिए ।

रेगनले बन्धक रिहाइका लागि हतियार दिएको कुरा अस्वीकार गरे । बरु उनले उदारवादी इरानीलाई अमेरिकाको समर्थनमा उभिन प्रोत्साहित गर्न सकियोस् भनी कार्यक्रममा सहभागिता जनाएको कुरामा जोड दिए । सन् १९८७ मा अमेरिकाले आफ्नो रणनीतिक पेट्रोलियम भण्डारणका लागि इरानी तेल किन्यो । राजनीतिक दबाबमा रेगनले अमेरिकाबाट कुनै पनि खालका मालवस्तु आयात गर्न नपाउने गरी इरानमाथि प्रतिबन्ध लगाइदिए । तथापि उनले इरानको आक्रामकताको प्रतिवादमा उठाइएको भनेर आफ्नो यस कदमको औचित्य पुष्टि गर्न खोजे ।

व्यापार प्रतिबन्धका बारेमा राष्ट्रलाई सम्बोधन गर्दै रेगनले इरानसँगको तनाव कम गर्न बारम्बारको प्रयास असफल हुँदा तथा इरानी सरकारको कलहप्रिय व्यवहारको प्रतिवादमा यस्तो कदम चालिएको बताएका थिए ।

यसबीच पर्सियन खाडीमा अमेरिकाको युद्धपोत युएसएस सामुयल रोबर्ट्स कुवेती तेलवाहक जहाजको मार्ग संरक्षणमा खटिएका बेला सन् १९८८ अप्रिलमा बारुदी सुरङको चपेटामा पर्न गयो । अमेरिकाले १० जना नाविक घाइते हुने गरी भएको यस घटनाको दोष इरानलाई दियो । प्रतिवाद गर्दै अमेरिकी जलसेनाले इरानका दुई निगरानी मचान नष्ट गरिदिए तथा उसका दुई जहाजसमेत डुबाइदिए । अपरेसन प्रेइङ मान्टिस नाम दिएको यस कारबाहीमा थप एक जहाज नराम्रोसँग क्षतिग्रस्त भयो ।

इरानको एक यात्रुवाहक विमान खसालियो

सन् १९८८ जुलाई ३ मा अमेरिकी युद्धपोतबाट

अन्तर्राष्ट्रिय समुदायले इरानमाथि दबाब बनाउन थालेपछि अमेरिकाले आफ्नो विद्यमान प्रतिबन्धलाई अझै कठोर बनाउँदै आफ्नो कठोर नियमको पालना नगर्ने व्यक्ति र बैङ्कलाई ठूलो जरिबाना गऱ्यो ।

प्रहार गरिएको एक निर्देशित क्षेप्यास्त्रले गल्तीले इरान एयर फ्लाइट ६५५ लाई खसालेको थियो । तेहरानबाट उडेर बन्दर अब्बास हुँदै दुबई गइरहेको सो विमानमा सवार सबै २९० यात्रुको मृत्यु भयो । पछि अमेरिकाले एयरबस ए३०० लाई गल्तीले लडाकु विमान ठानेर खसालिएको बतायो ।

क्लिन्टनले अमेरिकी कम्पनीलाई इरानसँग तेल सम्झौता गर्नमा रोक लगाए

इरान–इराक युद्ध समाप्त भएपछि अमेरिकाका राष्ट्रपति बिल क्लिन्टनले इराक र इरानको घट्दो शक्तिको लाभ उठाउन 'द्वैध नियन्त्रण' नीति विकसित गरे । यो नीति सन् १९९० को दशकमा सबैभन्दा महत्त्वपूर्ण भूराजनीतिक सम्पत्ति–पर्सियन खाडीको तेलमा केन्द्रित थियो । इरानलाई झुकाउन नसक्ने भएपछि राष्ट्रपति क्लिन्टन प्रशासनले उसलाई कमजोर तुल्याउन तेल कूटनीति प्रयोग गर्ने रणनीति लियो ।

सन् १९९५ मा कनोको र इरानबीच एक अर्ब अमेरिकी डलरको एक यस्तो सम्झौता भयो जस अन्तर्गत अमेरिकी स्वामित्वमा रहेको कम्पनी कनोकोलाई इरानका दुई तेल क्षेत्रमा असाधारण पहुँच प्राप्त हुने भयो । क्लिन्टन प्रशासनले यसमा तत्क्षण प्रतिक्रिया देखाउँदै यस सम्झौताबाट राष्ट्रिय सुरक्षामा खतरा उत्पन्न भएको दाबी गऱ्यो । कनोको सम्झौताबाट पछाडि हट्यो र क्लिन्टनले इरानसँग तेल सम्झौतामा सहभागी हुन नपाउने गरी अमेरिकी कम्पनीमाथि रोक लगाएको घोषणा गरे । यसलाई सन् १९९६ मा 'इरान एन्ड लिबिया सेङ्सन्स एक्ट' द्वारा अझ कठोर बनाइयो । यस कानुनले इरानविरुद्ध बहुपक्षीय व्यापार प्रतिबन्ध लगाउन अमेरिकालाई अधिकार प्रदान गर्दथ्यो ।

इरानको परमाणु कार्यक्रमका कारण उसमाथि लगाइएको प्रतिबन्धले उसको अर्थव्यवस्था पतनोन्मुख

इरानले युरेनियम प्रशोधन तथा परमाणु कार्यक्रम विकास गरिरहेको जानकारी सन् २००२ मा अन्तर्राष्ट्रिय समुदायले थाहा पायो । अमेरिका लामो समयदेखि इरानले गुप्त रूपमा परमाणु कार्यक्रम सञ्चालन गरिरहेको आशङ्का थियो तथा जब अमेरिकामा सेप्टेम्बर ११ मा आतङ्कवादी आक्रमण भयो त्यसलाई लिएर राष्ट्रपति जर्ज डब्लु बुसले इरानलाई 'दुष्टको धुरी' भनेपछि दुवै देशबीचको सम्बन्ध झनै खराब हुन थाल्यो ।

चाँडै नै अमेरिकाले ती व्यक्ति र व्यवसायको सम्पत्ति रोक्का गर्न थाल्यो जसमाथि इरानलाई सहायता गरिरहेको आशङ्का उसले गरिरहेको थियो । अन्तर्राष्ट्रिय समुदायले इरानमाथि दबाब बनाउन थालेपछि अमेरिकाले आफ्नो विद्यमान प्रतिबन्धलाई अझै कठोर बनाउँदै आफ्नो कठोर नियमको पालना नगर्ने व्यक्ति र बैङ्कलाई ठूलो जरिबाना गऱ्यो ।

राष्ट्रपति बाराक ओबामाको कार्यकालमा इरानमाथि पेच झनै कसियो । इरानको परमाणु गतिविधिको प्रतिकार्यमा ओबामा प्रशासनले उसको पेट्रोलियम खरिद, बैङ्क र अटोमोबाइल उद्योगलाई निसाना बनायो । अन्ततः अमेरिकाले इरानसँगको सबै व्यापारमा रोक लगायो । अमेरिकाको यस कार्यमा अन्तर्राष्ट्रिय समुदायको एक ठूलो समूह पनि सहभागी भयो तथा इरानमाथि महत्त्वपूर्ण आर्थिक र राजनीतिक प्रतिबन्ध थोपरियो ।

यसको नतिजा इरानको अर्थव्यवस्था धराशायी हुने अवस्थामा पुग्यो । स्वास्थ्य सेवा, बैङ्किङ र अन्य महत्त्वपूर्ण क्षेत्र नराम्रोसँग प्रभावित भए तथा इरानको मुद्रा

रियाल धेरै कमजोर भयो। प्रतिबन्धले इरानमा मालवस्तुको मूल्य आकासियो, मुद्रा स्फीतिको अवस्था आयो र बेरोजगारी बढ्यो।

ओबामाको कार्यकालमा इरानको परमाणु सम्झौता भयो र ट्रम्पका बेला रद्द भयो

राष्ट्रपति ओबामाले जब सन् २०१५ मा इरानको परमाणु कार्यक्रममा पूर्णविराम लगाउने सम्झौताको जवाफमा केही हदसम्म प्रतिबन्ध हटाउने घोषणा गरेपछि प्रतिबन्धको दण्डात्मक प्रभाव विस्थापन भयो। यस सम्झौताको मातहत इरानले अन्तर्राष्ट्रिय बजारमा आफ्नो तेल बेच्न पाउने भयो तथा दशकौँदेखिको प्रतिबन्धले विस्तारै बन्द हुने अवस्थामा पुगेको विश्व बजार प्रभावकारी रूपमा खुला भयो।

तर सन् २०१८ मे ८ मा राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०१५ मा इरानसँग गरिएको परमाणु सम्झौताबाट अमेरिकालाई आफूले अलग गरेको घोषणा गरे। परमाणु सम्झौता खारेज गर्नुको अर्थ इरानमाथि आर्थिक प्रतिबन्धको नयाँ थालनी थियो।

अमेरिकी हमलामा इरानका एक प्रमुख सैन्य कमान्डरको मृत्यु

सन् २०२० जनवरीमा राष्ट्रपति ट्रम्पको आदेशबाट इराकमा अमेरिकी ड्रोनबाट प्रहार गरिएको क्षेप्यास्त्रद्वारा इरानका शक्तिशाली सैन्य कमान्डर जनरल कासिम सुलेमानी मारिए। इरान समर्थित मिलिसिया समूहलाई लक्ष्य बनाएर अमेरिकी सेनाले गरेको हवाई हमलाबाट क्रुद्ध हजारौँ प्रदर्शनकारीले बगदादमा रहेको अमेरिकी दूतावास परिसरमा प्रवेश गरी अमेरिकी सुरक्षा दस्तामाथि ढुङ्गामुढा हानेको केही दिनपछि इरानका शक्तिशाली सैन्य कमान्डरमाथि ड्रोनले आक्रमण गरिएको थियो।

त्यसअघि सन् २०१९ जुनमा होमरुज जलडमरुमध्यमा इरानी सैन्य बलले एक अमेरिकी ड्रोन खसालिदिएका थिए। आफ्नो क्षेत्रमा उडिरहेका कारण त्यसलाई खसालिएको दाबी इरानले गऱ्यो। सुलेमानीको हत्याले दुई देशबीच अनौपचारिक द्वन्द्व चरमोत्कर्षमा पुग्यो। पेन्टागनले जारी गरेको एक विज्ञप्तिमा भनियो, सुलेमानीले इराक र त्यस क्षेत्रमा रहेका अमेरिकी कूटनीतिज्ञ र सैन्य बलमाथि आक्रमण गर्ने योजना बनाइरहेका थिए।

सुलेमानी मारिएको बदला लिन सन् २०२० जनवरी ८ मा इरानले इराकमा रहेका दुई अमेरिकी सैन्य आधार शिविरमा २० भन्दा बढी क्षेप्यास्त्र प्रहार गरेको थियो। त्यस घटनामा कोही पनि हताहत भएन। ■

हिस्ट्रीबाट उमेश ओझाद्वारा अनुवादित र सम्पादित

विद्युतीय साहित्यको विराट् फड्को

■ राजेन्द्र सुवेदी

'विद्युतीय' र 'साहित्य' दुई पद मिलेर बनेको तथा विद्युतीय माध्यमबाट प्रसारमा आउने साहित्यलाई सम्बोधन गर्ने पारिभाषिक नेपाली पदावली हो विद्युतीय साहित्य। यस पदावलीले साइबर साहित्य र संस्कृतिको सम्बोधन प्रस्तुत हुने सन्दर्भ पनि प्रस्तुत हुन्छ। यस शब्दले आधुनिक साहित्यको प्रसारको काम गर्ने विद्युतीय माध्यम बनेर आउने ध्वनि तथा दृश्याभिनयका आधारमा प्रक्षेपण गरिने काम हुन्छ भन्ने कुरा बुझिन्छ।

रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल तथा साइबर विधिद्वारा प्रस्तुत भएको सन्दर्भित साहित्यलाई बुझाउने प्राविधिक शब्दावली हो यो। यसले साहित्यका ध्वन्यात्मक तथा दृश्यात्मक सञ्चार माध्यमले प्रसारण गर्ने भएकाले यहाँ विद्युतीय साहित्यको तहमा प्रस्तुत गरिएको हो।

साहित्य मानवीय संवेदना र भाव प्रकाशनको कलात्मक माध्यम हो। मान्छेको भावजगत् जुन किसिमको व्यापक र फराकिलो रहन्छ यसको विषय क्षेत्र पनि त्यत्तिकै व्यापक रहन्छ। साहित्यका विविध विधा र प्रविधाले साहित्यको जुनसुकै स्वरूप र शिल्पको अपेक्षा गरेको हुन्छ। यदि यस अनुशासनबाट बाहिर पर्ने हो भने त्यो साहित्यको परिधिमा नै पर्दैन। मानव सभ्यताको इतिहास जति लामो छ साहित्यको इतिहास पनि त्यत्तिकै लामो छ।

लिपिबद्ध हुनुभन्दा पहिलेको अवस्थादेखि चल्दै आएको लोकसाहित्य र लिपि निर्माण भएपछि लिपिबद्ध बनेर सृजना भएको साहित्यको परम्परा अत्यन्त सुदीर्घ छ र यसले मानवीय संवेदनाको प्रतिनिधित्व गर्दै आएको छ ।

प्रारम्भमा ईश्वरीय अर्ती र उपदेश, ईश्वर स्तुति र प्रार्थनाबाट आरम्भ भएको लिखित वा सृजित साहित्य वेद हो । उपनिषद्, गीता, पुराण, रामायण तथा महाभारत केन्द्रित ग्रन्थहरू, त्रिपिटक सूत्र, बाइबल, कुरान, हदीशजस्ता कालजयी कृतिको सृजनाले मान्छेलाई पाठ्यसाहित्यतर्फ अभिप्रेरित बन्न निकै सहयोग गरेको अवस्था हो । यस्ता कृतिमा विषयवस्तु, शिल्प र शैलीहरूको संयोजनका कारण लोकप्रियता प्राप्त गर्दै विस्तारित बन्दै गएको स्थिति प्रकाशमा आएको छ ।

साहित्यमा क्रमशः हुँदै आएका यस प्रकारका विकासका कारण साहित्य प्रसारणका माध्यम, रूप तथा शैलीमा पनि परिवर्तनका अनेक रूप देखिन थाले । पाठ्यमाध्यमका रूपमा व्यवस्थित र प्रतिष्ठित बनेको साहित्य सञ्चार तथा सम्प्रसारणका तहमा पनि अनेक माध्यमसँग जोडिएर प्रकाशमा आउन थालेका क्रान्तिकारी सन्दर्भ आएका छन् । यस्ता स्थितिलाई आजको साहित्यले विद्युतीय माध्यमको तहलाई निरूपित गर्ने प्रयास गरेको छ । ध्वनि तरङ्गबाट प्रसारित हुने रेडियो साहित्य, दृश्य तथा ध्वनि तरङ्गका साथ प्रसारित हुने टेलिसाहित्य तथा चलचित्रका माध्यमबाट प्रक्षेपित हुने दृश्यसाहित्य आजका सन्दर्भमा विद्युतीय साहित्यमा पर्ने विषय हुन् ।

साहित्य विषय, क्षेत्र, परिभाषा तथा प्रस्तुति आदि कुनै पनि माध्यमका आधारमा आमसञ्चारको परिधिमा पर्ने विषय होइन परन्तु आमसञ्चारको व्यापक परिधिभित्र साहित्यको अत्यन्त महत्त्वपूर्ण स्थान भने अवश्य छ । साहित्य समाचार र पत्रकारिता होइन तर समाचार वा पत्रकारिता कुनै न कुनै रूपमा साहित्य नै भइदिन्छ । पाठ्यसञ्चारका माध्यममा पाठ्यसाहित्यको अनिवार्य रहेजस्तै श्रव्यदृश्य सञ्चार माध्यममा श्रव्यदृश्य साहित्य अनिवार्य बन्दै आएको छ । यसको कारण के हो भने सञ्चार माध्यमहरू शुद्ध पत्रकारिता र सूचनाका सम्प्रेषक मात्र बनेर जीवित रहन सम्भव हुन्न । यिनले आफ्नो उद्देश्य प्राप्तिका निम्ति साहित्यको गहन भूमिकामा जोडिनु अनिवार्य बन्दै गएको छ । शिक्षा, स्वास्थ्य, मनोरञ्जन तथा ज्ञानको प्राप्ति जस्ता विषयको अभावमा विद्युतीय साहित्यको आदर्श पूर्ण हुन सक्दैन ।

विश्वमा १९ औँ शताब्दीको उत्तरार्द्धमा विकसित बनेको चलचित्र प्रविधिले साहित्यका विविध विधामा केही आयाम थप गरेको छ । चलचित्रको आरम्भसँगै महाआख्यान, उपन्यास, नाटक, कथा, कविता, काव्य, खण्डकाव्य, महाकाव्य, जीवनी, गीत तथा प्रगीत, गजल,

चलचित्रको आरम्भसँगै महाआख्यान, उपन्यास, नाटक, कथा, कविता, काव्य, खण्डकाव्य, महाकाव्य, जीवनी, गीत तथा प्रगीत, गजल, मुक्तक, रुवाई तथा निबन्ध जस्ता साहित्यका विधा र प्रविधाका आधारमा पर्दा नाटकमा रूपान्तरण गर्न मिल्ने पटकथा लेखनको परम्परा पनि आरम्भ भयो ।

मुक्तक, रुवाई तथा निबन्ध जस्ता साहित्यका विधा र प्रविधाका आधारमा पर्दा नाटकमा रूपान्तरण गर्न मिल्ने पटकथा लेखनको परम्परा पनि आरम्भ भयो । यसको कारण के हो भने चलचित्र जगत्का निम्ति साहित्यको उपयुक्त पाठ्यविधा वा पाठ्यमाध्यमहरू मात्र आवश्यकता अनुसार सृजना हुने परम्परा त्यति सबल थिएन । त्यसकारण पनि पटकथा लेखनको संस्कृति विकसित बन्यो ।

चलचित्र माध्यमले विशेष गरी नाट्यसाहित्य र त्यसपछि आख्यान साहित्यलाई निकै हदसम्म अनुकूल ठानेको देखिन्छ । यस प्रकारको विद्युतीय साहित्यमा संवादलेखन पनि चलचित्र अन्तर्गत पर्ने विषय हो र यसले आज अलग विधाको हैसियत लिन लागेको देखिन्छ । चलचित्रको आविष्कारभन्दा पहिले विद्युतीय श्रव्य माध्यम रेडियो आविष्कार भएपछि आरम्भदेखि नै साहित्यका गीत, सङ्गीत, ध्वनि र विज्ञापनका आकर्षक संवेदनालाई सूचना, शिक्षा र ज्ञानको माध्यम बनाएको देखिन्छ । यसो हुँदाहुँदै पनि साहित्यले यस विद्युतीय सञ्चार प्रवाहलाई सञ्चार माध्यमका आधारमा महत्त्वपूर्ण भूमिका खेल्दै गएको देखिन्छ ।

आख्यान साहित्य सबैजसो विधा र प्रविधालाई विद्युतीय माध्यमद्वारा सफलताका साथ चलचित्राङ्कन गरी लोकप्रिय बनाएर प्रसारण गर्ने परम्पराको सूत्रपात हुनुभन्दा पहिले नै रेडियोमार्फत ध्वनि प्रसारणको परम्पराबाट विधान्तरणको काम आरम्भ भइसकेको हो। पाठ्यसाहित्यमा वर्णन, बिम्ब वा प्रतीकद्वारा गरिने विशिष्ट प्रकारका सम्प्रेषण कलालाई यस श्रव्य माध्यममा वाचनका अनेक भावभङ्गीमा आदि पक्ष विभिन्न स्वर विशेषका प्रभावमार्फत प्रभावकारी ढङ्गले रूपान्तरित गर्न सकिन्छ।

सारमा के भन्न सकिन्छ भने चलचित्र वा टेलिभिजन आदिभन्दा रेडियो साहित्य प्रसारणका कुरालाई काव्य सामग्रीमा रूपान्तरण गर्ने सामग्री हो र अरू विशेष पृथक् यहाँ पाइन्न। अधिकांश पाठ्यसाहित्य गोष्ठीहरूमा सहजै सुनाउन सकिन्छ। यस कारण पनि पाठ्य र श्रव्य प्रयोगमा

अधिकांश पाठ्यसाहित्य गोष्ठीहरूमा सहजै सुनाउन सकिन्छ। यस कारण पनि पाठ्य र श्रव्य प्रयोगमा विशेष तहको भिन्नता भने रहन्न। यस्तै प्रकारको अर्को विद्युतीय माध्यम चलचित्रका तहमा रूपान्तरित तथा दूरदर्शनका सन्दर्भमा पनि समेट्ने शक्ति र सीमाका स्थिति पनि यहाँ छन्।

विशेष तहको भिन्नता भने रहन्न। यस्तै प्रकारको अर्को विद्युतीय माध्यम चलचित्रका तहमा रूपान्तरित तथा दूरदर्शनका सन्दर्भमा पनि समेट्ने शक्ति र सीमाका स्थिति पनि यहाँ छन्। श्रव्य र दृश्य चलचित्रजस्तै अर्को तहको यो दोस्रो रूप टेलिभिजनको प्रसारण चलचित्रकै विकसित तह हो। प्रत्यक्ष प्रसारणको विषयलाई छोडिदिने हो भने चलचित्र र टेलिभिजनको स्वभाव एउटै हो।

श्रव्य र दृश्य माध्यम तथा घरमै बसेर हेर्न मिल्ने माध्यम भएको हुँदा यो एक सशक्त, प्रभावकारी र लोकप्रिय विधाका रूपमा रहेको देखिन्छ। अझ अरू पनि श्रव्यदृश्य माध्यमका तुलनामा समेत निरन्तर विकसित बन्दै गएको देखिन्छ। यस माध्यममा रङ्गमञ्च आवश्यक नपर्ने र रङ्गमञ्च तथा चलचित्र भवनमा भेला पनि नभइकन पनि अवलोकन गर्न सकिन्छ। यस माध्यममा रङ्गमञ्चको आवश्यकता पर्ने नाटक जस्तो विधाको अत्यन्त सफल प्रयोग भएको देखिन्छ।

यो रेडियो जस्तो श्रव्यमा रूपान्तरण गरिने विधामा भन्दा अधिकतर प्रभावकारी हुन्छ तर यस प्रकारको माध्यममा उत्कृष्ट दृश्य योजना र परिस्थितिको संयोजनबिना महाकाव्यको दृश्याङ्कन हुन सम्भव नै देखिन्न। महाकाव्यको दृश्यात्मक प्रस्तुति निकै जटिल कार्य हो। श्रव्यदृश्य माध्यम भएका कारण दृश्यपक्षको



सशक्त प्रस्तुतिका निम्ति पाठ्यविधामा रचना गरिएको भए मूल रचनाभन्दा केही परिवर्तित र परिमार्जित तहको प्रस्तुति पनि सम्भव छ। विद्युतीय माध्यमबाट सम्प्रेषण गर्दा त्यसको स्वरूप र स्तर पटकथा तथा समग्र निर्देशनको स्वरूप एवं स्तरमा निर्भर रहन्छ। टेलिभिजन २०औँ शताब्दीको नवीनतम आविष्कार हो र यो माध्यम विद्युतीय माध्यममध्ये पनि सर्वाधिक शक्तिशाली र लोकप्रिय माध्यम हो। यसको वैशिष्ट्य आज विश्वव्यापी बन्दै गएको छ।

दर्शकमाथि आज टेलिभिजनले गहिरो मोहनी लगाएकाले यसलाई जादुपयोगी बाकस पनि भन्ने गरिन्छ। जुन बाकसको अघिल्तिर बसेपछि मान्छे विमोहित बन्छ र हतपती हलचल पनि गर्दैन। यस प्रकारका विद्युतीय सञ्चारका माध्यमको व्यापकता, लोकप्रियता तथा आक्रामक विस्तारका कारण आज पुस्तक वा पाठ्यसाहित्य पढ्ने प्रवृत्ति कम हुँदै गएको देखिन्छ। यो विषय आफैँमा सत्य वा मिथ्या जे हो अथवा ठिक बेठिक जे हो त्यो भिन्नै बहसको विषय हो।

कुरा के चाहिँ साँचो हो भने समयको प्रवाहमा चल्न नसक्ने हो भने आजको मान्छे आफैँ पछि पर्ने सम्भावना पनि निश्चित छ। आजको व्यस्त समयमा मान्छेका सामु समय अति महँगो बन्दै गएको छ। यस्तो स्थितिमा छोटो समयमा रोचक र सशक्त ढङ्गले पाठ्य वा दृश्य सामग्रीको प्रभाव पाठकसम्म पुगेरै छाड्छ। यस प्रकारको सापेक्षित सत्यलाई पाठकले आत्मसात् गर्नबाट वञ्चित भने हुनै हुन्न। पाठक, दर्शक वा भावक अब कसैमा पनि भिन्नता देखिन्न। साहित्यकार वा स्रष्टा पाठकसम्म पुग्न हिजोसम्म प्रकाशक मात्रै प्रमुख आधार मानिन्थ्यो त्यो समस्या आज समाधान भएको छ तर रचनालाई विद्युतीय साहित्यमा सम्प्रसारण गर्दा कृति ऊँट भइदिने हो कि भन्ने खतरा पनि बढेको छ।

विद्युतीय प्रसारण पत्रपत्रिका जस्तो सर्वसुलभ नभएर महँगो पनि छ। यस दृष्टिले पाठक र दर्शकका निम्ति विद्युतीय साहित्य विशेषतः टेलिभिजनका माध्यमबाट प्रसारण गरिने साहित्य अधिकतर रोचक, प्रेरणाप्रद र आकर्षक पनि हुने भएकाले यो रोचक, सशक्त र ज्ञानवर्धक तथा अपठित र असाक्षर भावकका निम्ति पनि मनोरञ्जक हुन्छ भन्ने कुरा पनि सिद्ध भएको छ। यो माध्यम एकातर्फ अवसर र अर्कातर्फ चुनौतीको विषय पनि बनेको छ।

नेपाली साहित्यका उपन्यास, कथा तथा नाट्यकृति पनि विद्युतीय माध्यमबाट प्रसारण योग्य चलचित्र, टेलिशृङ्खला तथा विभिन्न सामाजिक सञ्जालका रूपमा पनि भावकसमक्ष श्रव्य र दृश्य सामग्रीका रूपमा प्रस्तुत भइसकेका छन्। तिनलाई नेपाली भावकहरूले आत्मसात् गर्ने अवसर लाभ गरिसकेका छन्। बालकृष्ण समको प्रेमपिण्ड नाटक, डाइमन्ड शमशेरको वसन्ती र सेतो बाघ, पारिजातको शिरीषको फूल तथा लिलबहादुर क्षेत्रीको बसाइँ उपन्यास, देवकोटाको मुनामदन काव्य आदि चलचित्रको पर्दामा भावकले देखिसकेका छन्। यसलाई नेपाली सन्दर्भमा विद्युतीय साहित्यको विराट् उपलब्धि मान्न सकिन्छ। ▪

(स्व. राजेन्द्र सुवेदीको अप्रकाशित रचना। साउन उहाँको जन्म महिना पनि हो।)

आजीविका बन्न सक्छ साइबर सुरक्षा

■ शैलेन्द्र मगराती

साइबर सुरक्षामा आजीविका (करिअर) बनाउने चाहना छ तर कहाँबाट सुरु गर्ने थाहा छैन ? जीवन अलमलिएर वा असमन्जसले चल्दैन। हामीले मनले चाहेको, जानेको र उपलबध अवसरको लाभ लिन सक्ने हुनु पर्छ।

डिजिटल संसारको विस्तारसँगै साइबर सुरक्षा (Cybersecurity) अहिलेको युगमा अनिवार्य सिप बन्दै गएको छ। तपाईं विद्यार्थी हुनुहुन्छ, फ्रिलान्सर हुनुहुन्छ वा पेसागत आजीविका बनाउने सोचाइमा हुनुहुन्छ, साइबर सुरक्षा एक यस्तो क्षेत्र हो जसले तपाईंलाई कम स्रोत, उच्च सिप र आत्मनिर्भरता दिने स्पष्ट बाटो दिन्छ।

तर धेरैको पहिलो प्रश्न हुन्छ :

सुरुवात नै कसरी गर्ने ?

अझ जागिर नपाइकनै कसरी सिकेर आत्मनिर्भर बन्न सकिन्छ ?

साइबर सुरक्षा भन्नाले के बुझिन्छ ?

साइबर सुरक्षा भन्नाले कम्प्युटर, मोबाइल फोन, वेबसाइट, सर्भर, नेटवर्क र अन्य डिजिटल प्रणालीमा हुने अनधिकृत पहुँच, डेटा चोरी वा सिस्टम आक्रमणबाट जोगाउने उपाय बुझिन्छ।

साइबर सुरक्षा विशेषज्ञहरूले डाटा सुरक्षित गर्छन्, ह्याकरलाई पत्ता लगाउँछन्, प्रणालीको कमजोरी परीक्षण

गर्छन् र सुरक्षा रणनीति बनाउँछन् ।

सुरुवात गर्नुअघिको आधारभूत तयारी

कुनै विश्वविद्यालयको डिग्री नभए पनि तपाईंलाई निम्न विषयको प्राथमिक जानकारी हुनु फाइदाजनक हुन्छ ।

-कम्प्युटर सञ्चालनको सामान्य ज्ञान ।

-फोल्डर बनाउने, फाइल चलाउने, सफ्टवेयर इन्स्टल गर्ने ।

-अङ्ग्रेजी पढ्न सक्ने क्षमता ।

-स्रोतहरू प्रायः अङ्ग्रेजीमा हुने भएकाले बुझ्न आवश्यक हुन्छ ।

-नयाँ कुरा सिक्ने मनोवृत्ति ।

-म जान्दिनँ भन्ने स्वीकारेर अभ्यास गर्ने इच्छाशक्ति आवश्यक छ ।

अपरेटिङ सिस्टम

Linux, विशेष गरेर Kali Linux प्रयोग गरेर धेरै अभ्यास गरिन्छ ।

के सिक्ने ?

–Linux Command Line: ls, cd, chmod, sudo आदि

Windows PowerShell Commands

–File permissions, network settings

स्क्रिप्टिङ र प्रोग्रामिङ

साइबर सुरक्षामा समस्या हल गर्न script लेख्न सक्नुपर्ने हुन्छ ।

के सिक्ने ?

–Variables, Conditions, Loops, Functions

सिक्नैपर्ने मूलभूत कुरा

कम्प्युटर नेटवर्किङ

साइबर सुरक्षामा सिस्टमहरू कसरी जोडिन्छन्, डेटा कसरी बग्छ त्यो बुझ्न नेटवर्किङ अनिवार्य छ ।

के सिक्ने ?

-IP Address, DNS, Subnetting, TCP/IP

-Ping, Traceroute, nslookup

–File handling

–Network scripting (socket, request)

सिकाइको अर्को चरण : प्रयोगात्मक अभ्यास

Lab Setup : आफ्नै कम्प्युटरमा प्रयोग गर्न मिल्ने सुरक्षित वातावरण ।

तपाईंले VirtualBox वा VMware प्रयोग गरेर

Kali Linux, Ubuntu र Test Vulnerable Machine (Metasploitable) मा अभ्यास गर्न सक्नु हुन्छ।

YouTube मा 'Kali Linux Ethical Hacking Lab Setup' सर्च गरेर त्यसमा भनिए अनुसार अभ्यास गर्न सकिन्छ।

Platform प्रयोग गरेर अभ्यास गर्ने

TryHackMe (सुरुवातका लागि उपयुक्त)

Guided Labs, Interactive Content

-Secure Practice Labs

Hack The Box

-CTF-style machines

-Real-world exploitation practice

OverTheWire

-Linux mastery and terminal-based security challenges

सिकेको ज्ञानलाई मजबुत पार्ने उपाय

Web Security:

OWASP Top 10 को अध्ययन गर्नुहोस्। यसले संसारभरका प्रमुख वेबसाइटमा पाइने कमजोरी सूचीबद्ध गर्छ।

Notes राख्ने बानी बनाउनुहोस्।

-GitHub मा आफ्ना अभ्यास, स्क्रिप्ट, writeups अपलोड गर्नुहोस्।

-यसले तपाईंको सिकाइलाई प्रस्ट पार्छ र भविष्यमा पोर्टफोलियोको रूपमा काम गर्छ।

आत्मनिर्भर बन्ने उपाय

Bug Bounty

-विभिन्न कम्पनीका वेबसाइटमा कमजोरी फेला पारेर रिपोर्ट गर्दा इनाम पाउनुहुन्छ।

प्लेटफर्महरू

-HackerOne

-Bugcrowd

Freelancing

-Fiverr, Upwork मा सेवा दिने Website Security Audit, Malware Cleanup, WordPress Hardening आदि।

Blogging वा YouTube

-'How I hacked this vulnerable box' जस्ता सिकाइ बाँड्ने।

-दर्शक बटुलेर विज्ञापन वा sponsorship बाट कमाइ गर्ने।

Tools बनाउने

-Python बाट Port Scanner, Directory Brute Forcer, Email Spoof Checker आदि बनाउनुहोस्।

-GitHub मा राख्नुहोस्। जुन तपाईंको व्यावसायिक परिचय बन्न सक्छ। ■

भूमिमा युवा पैरवी

■ धर्मराज जोशी

जातजाति, धर्म, समुदाय र अर्थ राजनीति प्रणाली अनुसार विभिन्न देश र समाजमा भूमिलाई हेर्ने आआफ्नै दृष्टिकोण छन् । हाम्रो देशमा पनि भूमिसम्बन्धी फरक फरक मान्यता छन् । कसैले भूमिलाई उत्पादनको साधन, जीवन निर्वाह र अर्थोपार्जनको माध्यम मान्छन् भने कसैका लागि भूमि पहिचान, स्वतन्त्रता, सम्मान र मर्यादाको विषय हुने गरेको छ । अचेल भूमिलाई सम्पत्तिका रूपमा हेर्ने र सामाजिक सुरक्षाको सबैभन्दा भरपर्दो माध्यम मान्ने क्रम व्यापक बन्दै गएको देखिन्छ ।

भूमिसँग नजोडिने विषय सायदै होलान् । वर्तमान विश्वले विकास निर्माणका नयाँ नयाँ आयाम र वैज्ञानिक चमत्कार हासिल गरेसँगै भूमि स्रोतको सीमितता, बढ्दो जनसङ्ख्या, जलवायु परिवर्तन, वातावरणीय विनाश, खाद्य असुरक्षा जस्ता विश्वव्यापी सङ्कटले गर्दा जनमुखी भूमि शासन, भूमि स्रोतको उचित व्यवस्थापन र दिगो उपयोग, व्यक्ति तथा समुदाय विशेष गरी गरिबीको चपेटामा परेका दलित, आदिवासी, जनजाति, महिला तथा सीमान्तकृत समुदायको भूमि अधिकारको सवाल राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका विकाससम्बन्धी छलफल, बहस, अन्तर्क्रिया र सम्मेलनमा जोडदार उठ्न थालेको छ ।

विभिन्न मञ्चमा युवा र भूमिको विषय

सन् २०२४ मा पहिलो पटक संयुक्त राष्ट्रसङ्घको जैविक विविधतासम्बन्धी महासन्धि (CBD), मरुभूमीकरणविरुद्धको संयुक्त राष्ट्रसङ्घको महासन्धि (UNCCD) र जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घको रूपरेखा महासन्धि (UNFCCC) ले एकै वर्षमा आफ्ना पक्ष राष्ट्रको सम्मेलन (COPs) आयोजना गरेको थियो । जसमध्ये UNCCD जलवायु परिवर्तनको सन्दर्भमा भूमि स्वामित्वसम्बन्धी छलफलका लागि प्रमुख फोरम हो भने CBD ले सुरक्षित भूसम्बन्ध तथा भूस्वामित्वलाई कुनमिङ-मोन्ट्रियल विश्व जैविक विविधता रूपरेखा (KMGBF) अन्तर्गत नयाँ अनुगमन सूचकाङ्कका रूपमा समावेश गरेको छ । यसले जैविक विविधता संरक्षणमा आदिवासी तथा स्थानीय समुदायको अधिकार र भूमिकालाई सशक्त बनाउने पक्ष राष्ट्रहरूलाई प्रेरित गर्ने अपेक्षा गर्न सकिन्छ । यी तीन वटै महासन्धिले भूमि स्वामित्व र भूमि शासन प्रणाली जस्ता जटिल

विषयसम्बन्धी आदिवासी तथा स्थानीय समुदायका अधिकार, महिलाको भूमि अधिकार र महासन्धिहरूबीचको सम्भावित सहकार्यलाई उजागर गरिदिएको छ ।

नेपालमा भूमिको सन्दर्भमा युवासम्बन्धी खासै छलफल हुने गरेको देखिँदैन तर अन्तर्राष्ट्रियस्तरका विभिन्न संस्था तथा सङ्गठनले युवा समूह बनाई भूमिसम्बन्धी युवाका सवालमा छलफल र बहस गर्न थालेका छन् । अन्तर्राष्ट्रिय भूमि सञ्जालले सन् २०२५ जुन १५ देखि २० सम्म आयोजना गरेको विश्व भूमि मञ्च (Global Land Forum) को पूर्वसन्ध्यामा जुन १२ देखि १४ सम्म विश्व भूमि मञ्च युवा २०२५ को दोस्रो संस्करण कोलम्बियामा आयोजना गऱ्यो । जहाँ विश्वका युवाले भूमिमा पहुँच र भूमि व्यवस्थापनमा युवाले बेहोरिरहेका चुनौती, अवसर तथा सञ्जाल सबलीकरण बारे जोडदार आवाज उठाए ।

युवाको भूसम्बन्ध

विश्व जनसङ्ख्याको करिब ५६ प्रतिशत युवामध्ये ९० प्रतिशत विकासोन्मुख मुलुकमा रहेको देखिन्छ । नेपाल सरकारले १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्यालाई युवा भनी परिभाषित गरेको सन्दर्भमा नेपालमा कुल जनसङ्ख्याको करिब ४३ प्रतिशत हिस्सा युवाको छ । जनसङ्ख्याको यो अवस्था हेर्दा दिगो विकासका हरेक पहलमा उनीहरूको भूमिका सशक्त बनाउन र परिवर्तनमा प्रभावकारी वाहकका रूपमा सक्षम तुल्याउन युवालाई भूमि शासन प्रणाली, भूमि व्यवस्थापन, भूमिसम्बन्धी नीति निर्माण र अधिकारको पैरवी गर्ने क्षेत्रमा महत्त्वपूर्ण हिस्सेदारी दिनु आवश्यक देखिन्छ ।

नेपालको संविधानले हरेक नेपाली नागरिकका लागि समानता, स्वतन्त्रता, सम्पत्ति, आवास, खाद्य सुरक्षा र सम्प्रभुतासम्बन्धी अधिकारको व्यवस्था मौलिक हकका रूपमा गरेको छ । कोही पनि नेपाली नागरिक भूमि र आवासको अधिकारबाट वञ्चित नहुने गरी भूमिसम्बन्धी ऐन–२०२१ मा संशोधन तथा राष्ट्रिय भूमि नीति– २०७५ र आवाससम्बन्धी ऐन–२०७५ तर्जुमा गरेको छ । नेपाली युवालाई विकासको मूलधारमा समावेश गर्न र युवाका सवाल सम्बोधन गर्न नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालय नै स्थापना गरेको छ तर कहीँकतै युवाको भूमि अधिकारको विषयले ठाउँ पाएको देखिँदैन । ग्रामीण भेगमा अचेल युवा भेट्नै मुस्किल हुन्छ ।

हाम्रो देशमा ६० प्रतिशत घरधुरीको मुख्य रोजीरोटीको स्रोत कृषि हो तर तीमध्ये अधिकांश परिवारलाई वर्षभरि खान पुग्ने खाद्यान्न उत्पादन हुँदैन । हिमाली तथा पहाडी भेगबाट तीव्रतर तराई र शहरोन्मुख बसाइँसराइले पहाडको खेतीयोग्य जमिन बाँझै छ भने तराई र तुलनात्मक हिसाबले सुविधाजनक ठाउँका जमिनमा बसोबासको चाप बढ्दो छ ।

बसाइँसराइका अनेक कारण हुन सक्छन् । जसमध्ये कम उब्जाउ जमिनका कारण कष्टकर दैनिकी, रोजगारीका अवसरको कमी र सेवा सुविधाको असमान वितरण प्रमुख हुन् । यी र यस्तै विविध कारणले गर्दा भूमि र युवाको सम्बन्ध खलबलिन पुगेको छ ।

नीतिगत तथा व्यावहारिक समस्या

भूमिमा स्वामित्वको कुरा हेर्दा सामान्य जस्तो लागे पनि व्यक्ति तथा परिवारका लागि भूमिमा सुरक्षित पहुँच र कानुनी भूस्वामित्वले विभिन्न अवसरका ढोका खोल्दछ । नेपालमा युवाको भूमिमाथिको पहुँच र भूस्वामित्व स्थापित

गर्न सामान्यतया अंशबन्डा तथा उत्तराधिकारसम्बन्धी व्यवस्थाको अधीनमा रहेर कार्य गरिन्छ । जुन व्यवहारमा अत्यन्तै परम्परागत र सुस्त देखिन्छ । अधिकांश परिवारमा अंशबन्डा गरी युवा उमेरका छोराछोरीको नाममा जग्गा नामसारी गरिदिन आनाकानी गरिन्छ । जसले गर्दा पुस्तौँसम्म पनि पूर्ण रूपले दोस्रो र तेस्रो पुस्तामा जमिनको हक हस्तान्तरण हुन सक्दैन । यसका कारण पनि फरक फरक हुन सक्छन् तर सम्पत्ति (जमिन) संरक्षण कार्यमा समाज र परिवारमा जरा गाडेर बसेको युवापुस्ताप्रतिको अविश्वास पनि एक हो ।

कुनै पनि व्यापार व्यवसायका लागि पर्याप्त लगानी नहुँदा साहुमहाजन, बैङ्क तथा वित्तीय संस्थाबाट ऋण निकाल्न चाहिने भरपर्दो उपाय भनेको जमिन बन्धक राख्नु

नेपाल सरकारले भूमि वितरणका सन्दर्भमा विद्यमान असमानता घटाउन जनमुखी भूमि शासन प्रणाली स्थापना गर्न पछिल्लो १० वर्षमा भूमिसम्बन्धी नीति तथा कानुनमा व्यापक सुधार गरेको छ ।

हो। आफ्नो नाममा जमिन नहुँदा यो काम सहज हुँदैन। यसरी भूमि अधिकार समयमै स्थापित गर्न नसक्दा युवाले रोजगारी तथा आयआर्जनका विभिन्न अवसर गुमाइरहेका छन्। जसले गर्दा युवामा वितृष्णा र निराशा पलाई बिदेसिने वा बेरोजगार बस्ने जस्ता कठिन विकल्प मात्रै बाँकी रहन्छन्।

भूमिहीन, सुकुमवासी र अव्यवस्थित परिवारका युवाको भूमि अधिकारको अवस्था झनै दयनीय छ। नेपाल सरकारका भूमिसम्बन्धी नियामक निकायको पछिल्लो तथ्याङ्क हेर्दा अहिले करिब १५ लाख परिवार भूमिहीन वा अव्यवस्थितको हैसियतमा सरकारी, सार्वजनिक वा अरू कसैको जमिनमा बसोबास गरिरहेका छन्।

भूमिमाथिको स्वामित्व नहुँदा मानिस जबरजस्ती उठिबास र विकल्पबिना निष्कासनमा परिरहेका छन् भने जमिनको स्वामित्व स्थापित नभएसम्म बसोबास गरिरहेको जमिनबाट जबरजस्ती उठिबास र विकल्पबिना निष्कासनमा पर्ने त्रासमा बाँच्न बाध्य छन्। स्वामित्व नभएको जमिनमा व्यवसाय सञ्चालन, जमिनको विकास वा पर्याप्त लगानीको सम्भावना झन्झटिलो र न्यून रहन्छ। जसले गर्दा जग्गा प्रशासन प्रणालीबाहिर रहेको दर्ता हुन बाँकी जमिनको समुचित उपयोग हुन सकिरहेको छैन। जमिनमाथि स्वामित्वको अभावमा युवाले सामाजिक रूपमा समेत भेदभाव तुलनात्मक रूपमा बढी नै बेहोर्नु परिरहेको देखिन्छ।

आगामी बाटो

भूमिविहीनता, अंशबन्डामा ढिलासुस्ती, अनौपचारिक भूसम्बन्धका अतिरिक्त युवामा भूमि अधिकारसम्बन्धी सचेतना र भूमिको महत्त्वसम्बन्धी सामान्य जानकारीको पनि अभाव रहेको छ। भूमि अधिकार, वातावरण संरक्षण तथा भूउपयोगका बारेमा युवालाई जागरुक बनाउन नीतिगत तथा व्यावहारिक हिसाबले निम्न कार्य तत्काल सुरु गर्नुपर्ने देखिन्छ।

भूमि शिक्षा तथा कानुनी सचेतना

आधारभूत जानकारीका लागि भए पनि भूमि अधिकारसम्बन्धी विषय कुनै पनि तहको औपचारिक शैक्षिक पाठ्यक्रममा समावेश गरिएको छैन। फलस्वरूप भूमि अधिकारसम्बन्धी जानकारी युवामाझ न्यून छ। नेपाल सरकारले भूमि वितरणका सन्दर्भमा विद्यमान असमानता घटाउन जनमुखी भूमि शासन प्रणाली स्थापना गर्न पछिल्लो १० वर्षमा भूमिसम्बन्धी नीति तथा कानुनमा व्यापक सुधार गरेको छ। भूमि समस्या समाधान आयोग गठन गरी सरकारले भूमिहीन दलित, सुकुमवासी र अव्यवस्थित बसोबासी र उनीहरूले चर्चेको जमिनको तथ्याङ्क सङ्कलन गरिरहेको छ। भूमि अधिकार प्राप्तिको प्रक्रियालाई गति दिन, युवालाई भूमि अधिकार र सम्बन्धित कानुनसम्बन्धी जानकार बनाउन सम्बन्धित सरोकारवाला सरकारी निकाय तथा सामाजिक सङ्घ संस्थाले भूमि साक्षरता तथा कानुनी सचेतनासम्बन्धी कार्यक्रम समुदायस्तरमा व्यापक रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ। यसरी सचेत युवाले आआफ्नो गाउँठाउँमा भूमि अधिकार, उपयोग र व्यवस्थापनबारे समुदायका मानिसलाई जानकारी गराई सकारात्मक भूमिका खेल्न सक्छन्।

भूमि अधिकारको कानुनी मान्यता

नेपाल सरकारले पारित गरेका कानुन तथा नीतिहरूको अक्षरशः कार्यान्वयन गरी अनौपचारिक हिसाबले प्रयोग भइरहेको जमिनमाथि प्रयोगकर्ताको भूमि अधिकारलाई

यथासक्य चाँडो कानुनी मान्यता दिँदै युवालाई सुरक्षित भूस्वामित्व सुनिश्चित गर्नु पर्छ। अंशबन्डा वा अन्य हिसाबले युवालाई प्राप्त हुन सक्ने जमिनमा पनि कुनै किसिमको कानुनी झमेलाबिना नै सहज ढङ्गले युवा जनशक्तिको पहुँच सुनिश्चित गर्नुपर्ने देखिन्छ।

क्षमता विकास

युवा जनशक्तिको भूमिप्रतिको आकर्षण बढाउन उनीहरूमा भूउपयोग र भूमिको व्यवस्थापनसम्बन्धी सिप तथा क्षमता विकास गर्नु अत्यन्त जरुरी छ। भूमि स्रोत सीमित भएकाले यसलाई बढाउन त सकिँदैन तर उपलब्ध ज्ञान, सिप र प्रविधिमा युवाको सहज पहुँच स्थापित गर्न सकिन्छ। ज्ञान, सिप र प्रविधिको उपयोग गरी हाम्रो जस्तो वातावरणीय र जैविक विविधताले भरिपूर्ण फरक फरक भौगोलिक क्षेत्रमा अवस्थित जमिनको विशेषता अनुकूल जमिनको व्यवस्थापन तथा त्यसको उपयोगको दूरगामी योजना बनाई युवा जनशक्ति परिचालन गरिनु बुद्धिमानी हुन्छ।

भूमि अधिकार र जीविकोपार्जन

भूमि अधिकारलाई जमिनको एक थान लालपुर्जासँग मात्रै जोडेर हेरिनु हुँदैन। जीविकोपार्जनका लागि अधिकांश जनसङ्ख्या भूमिमा निर्भर रहेको हाम्रो देशमा राज्यले भूमि अधिकार स्थापित गराउँदा त्यो परिवारको जीविकोपार्जनसँग जोडिएकै हुनु पर्छ। परिवारको जीविकोपार्जनका लागि न्यूनतम कति जमिन आवश्यक हुने हो कम्तीमा त्यति जमिन उपलब्ध गराउनु पर्छ। यदि युवाले व्यवसाय गर्न चाहे भने व्यवसायको प्रकृति हेरेर आवश्यक मात्रामा जमिन उपलब्ध गराउनु पर्दछ।

नीतिगत सुधार

अहिले भूमिसँग सम्बन्धित अनेक खालका ऐन, कानुन, नियमावली अस्तित्वमा भए पनि कतिपय कानुन अहिले असान्दर्भिक भइसकेका छन्। केही कानुनी दस्तावेजमा युवाको भूमिसम्बन्धी सवाल पर्याप्त रूपमा समेटिएको छैन। त्यसैले असान्दर्भिक भइसकेका ऐन कानुन तुरुन्तै खारेज गर्ने र अन्य भूमिसम्बन्धी प्रमुख कानुनी दस्तावेजमा युवाका भूमिसम्बन्धी सवाल समेट्न संशोधन गर्नुपर्ने आवश्यकता छ।

नीति तथा कानुन निर्माणमा युवाको सहभागिता

भूमिसम्बन्धी कानुन, नीति तथा योजना तर्जुमा गर्दा युवालाई सहभागी गराइएको देखिँदैन। उनीहरूको सहभागिताबिना बनाइने कानुन, नीति तथा योजनामा युवाका आवश्यकता, अपेक्षा, योजना र दृष्टिकोण सायदै समेटिन सक्छन्। त्यसैले भूमि शासन, व्यवस्थापन र उपयोगसम्बन्धी युवाका आवश्यकता, अपेक्षा, योजना र दृष्टिकोणलाई व्यापक छलफल तथा बहसमा ल्याउन र तिनको सान्दर्भिकता परीक्षण गर्न पनि युवालाई कानुन, नीति तथा योजना निर्माणमा सहभागी गराउनु उचित हुन्छ। ■

टिपन टापन

नोबेल पुरस्कार विजेता साहित्यकार

१. **रवीन्द्रनाथ टैगोर (भारत)**



नोबेल पुरस्कार : सन् १९१३
विशेषता : पहिलो एसियाली नोबेल पुरस्कार विजेता, गहिरो आध्यात्मिक र मानवीय भावनासहितका कविता
कविता सङ्ग्रह : गीताञ्जली ।

२. **पाब्लो नेरुदा (चिली)**
नोबेल पुरस्कारः सन् १९७१
कविता सङ्ग्रह : ट्वान्टी लभ पोयम्स एन्ड सन् अफ डिस्पेयर
विशेषता : प्रेम, राजनीति र प्रकृतिको गहिरो अभिव्यक्तिले भरिएको काव्यशैली ।

३. **अर्नेस्ट हेमिङ्ग्वे (अमेरिका)**
नोबेल पुरस्कार : सन् १९५४
प्रसिद्ध कृतिः दी ओल्ड म्यान एन्ड दी सी
विशेषता : सरल शैली तथा वीर र जीवन सङ्घर्षको कथनका लागि परिचित ।

४. **गाब्रियल गार्सिया मार्केस (कोलम्बिया)**
नोबेल पुरस्कार : सन् १९८२
प्रसिद्ध कृति : वान हन्ड्रेड इअर्स अफ सोलिट्युड
विशेषता : जादुई यथार्थवादका प्रवर्तक ।

५. **विलियम फकनर (अमेरिका)**

नोबेल पुरस्कार : सन् १९४९
प्रसिद्ध कृति : दी साउन्ड एन्ड फ्युरी
विशेषता : मनोवैज्ञानिक र सामाजिक विषयवस्तु ।

६. **टोनी मोरिसन (अमेरिका)**
नोबेल पुरस्कार : सन् १९९३
प्रसिद्ध कृति : विलभिड
विशेषता : अमेरिकामा अफ्रिकी मूलका मानिसको अनुभवलाई सशक्त रूपमा व्यक्त ।

७. **अल्बेयर कामु (फ्रान्स)**
नोबेल पुरस्कार : सन् १९५७
प्रसिद्ध कृति : दी स्ट्रेन्जर
विशेषता : अस्तित्ववाद र मानव अस्तित्वको निरर्थकताका बारेमा लेखिएको ।

८. **आरहान पामुक (टर्की)**
प्रसिद्ध कृति : माई नेम इज रेड, स्नो
विशेषता : टर्कीको इतिहास र पहिचानमा आधारित रहस्य र दर्शन मिश्रित उपन्यास ।

९. **हर्मन हेस्से (जर्मनी)**

नोबेल पुरस्कार : सन् १९४६
प्रसिद्ध कृति : सिद्धार्थ
विशेषता : आत्मिक खोज र दर्शनमा आधारित कथा ।

१०. **होजे सारामागो (पोर्चुगल)**
नोबेल पुरस्कार : सन् १९९८
प्रसिद्ध कृति : ब्लाइन्डनेस
विशेषता : दार्शनिक र गहिरो सामाजिक सन्देश दिने कथा ।

११. **टी एस इलियट (अमेरिका)**
नोबेल पुरस्कार : सन् १९४८
प्रसिद्ध कविता : दी वेस्ट ल्यान्ड
विशेषता : जटिल र गूढ प्रतीकको प्रयोग ।

१२. **सेज्लाव मिलोस (पोल्यान्ड)**
नोबेल पुरस्कार : सन् १९८०
विशेषता : युद्ध, मानवतार नैतिकतासम्बन्धी कविता ।

१३. **जोसेफ ब्रडस्की (अमेरिका)**

नोबेल पुरस्कार : सन् १९८७
विशेषता : निर्वासित जीवन, स्वतन्त्रता र अस्तित्वका विषयमा कविता लेखन ।

१४. **डेरेक वाल्कट (सेन्ट लुसिया)**
नोबेल पुरस्कार : सन् १९९२
प्रसिद्ध कृति : ओमेरोस
विशेषता : होमरको इलियाड र ओडिसीको क्यारेबियन संस्करण जस्तै पुनः कल्पना ।

१५. **विस्लावा सिम्बोर्स्का (पोल्यान्ड)**
नोबेल पुरस्कार : सन् १९९६
विशेषता : विज्ञान, दर्शन र सामान्य जीवनको यथार्थताका बारे सरल कविता ।

१६. **लेइस ग्लक (अमेरिका)**
नोबेल पुरस्कार : सन् २०२०
विशेषता : मृत्यु, बाल्यकाल र पुनर्जन्मबारे सटिक कविता ।

१७. **एलिस मुनरो (क्यानडा)**
नोबेल पुरस्कार : सन् २०१३
प्रसिद्ध कृति : दी मुन्स अफ जुपिटर र डियर लाइफ
विशेषता : सामान्य ग्रामीण जीवनका महिलाको अनुभव ।

१८. **जे एम कोएत्जी (दक्षिण अफ्रिका)**
नोबेल पुरस्कार : सन् २००३
प्रसिद्ध कृति : डिस्ग्रेस
विशेषता : मानवाधिकार, सत्ता र नैतिकता र अस्तित्ववादी प्रश्न ।

१९. **ओले सोयन्का (नाइजेरिया)**
नोबेल पुरस्कार : सन् १९८६
प्रसिद्ध कृति : अ डान्स अफ दी फरेस्ट
विशेषता : योरुबा संस्कृति र मिथकको प्रयोग ।

२०. **अनातोले फ्रान्क (फ्रान्स)**
नोबेल पुरस्कार : सन् १९२१
प्रसिद्ध कृति : थाया, पेन्गुइन आइल्यान्ड
विशेषता : व्यङ्ग्यात्मक शैली, मानवतावाद ।

२१. **जाँ पाल सात्र (फ्रान्स)**
नोबेल पुरस्कार : सन् १९६४
प्रसिद्ध कृति : बी एन्ड नोथिनेस
विशेषता : अस्तित्ववादी दर्शन र स्वतन्त्रता ।

२२. **एनी अर्नो (फ्रान्स)**
नोबेल पुरस्कार : सन् २०२२
प्रसिद्ध कृति : अ वुमन्स स्टोरी
विशेषता : आत्मकथात्मक लेखन, महिलाको यौनिकता ।

२३. **जर्ज बर्नार्ड स (आयरल्यान्ड)**



नोबेल पुरस्कार : सन् १९२५
प्रसिद्ध कृति : आर्म्स एन्ड दी म्यान
विशेषता : हाँसोका माध्यमबाट गम्भीर सामाजिक मुद्दा उठाउनु ।

२४. **सेल्मा लागरलोफ (स्विडेन)**
नोबेल पुरस्कार : सन् १९०९
प्रसिद्ध कृति : गोस्टा बर्लिंग सागा
विशेषता : नारी जीवन, समाज, धर्म र आत्मचिन्तन । ■

प्रस्तोता : बद्रीप्रसाद घिमिरे

गोत्रको ऐतिहासिक नालीबेली

निश्चित पुस्ता कटेपछि एउटै बाबुबाजेका सन्तानका बीचमा पनि कुल फुट्ने र जुठोसुतक बार्ने चलन फुकाउँदै गएको पनि देखिन्छ तर गोत्र हजारौँ वर्षअघिदेखि अभ्यासमा रहेको छ ।

■ डा. शुक्रराज अधिकारी

समकालीन समाजमा गोत्र व्यवस्थाका कारण बिहेबारी तथा लेनदेनमा ठूलो प्रभाव परेको देखिन्छ । खास गरी मागी विवाहको प्रक्रियामा सबै कुरा मेल खायो तर केटा पक्ष र केटी पक्षको गोत्र मिल्न गएमा विवाह रद्द हुने परम्परा यद्यपि छ । त्यसैले मागी विवाहमा वर बधूका बारेमा खोजी गर्दा सबैभन्दा पहिले गोत्रको नाम सोध्ने चलन रहँदै आएको छ ।

प्राचीन तथा ऋग्वैदिक कालमा जीवनयापनको प्रमुख माध्यम पशुपालन थियो । त्यसमा पनि गाईको अधिक महत्त्व थियो । गाईलाई विनिमयको सूचक एवं सम्पन्नताको सूचकका रूपमा मानिएको पनि पाइन्छ ।

केटाकेटीको गोत्र एउटै हुन गएमा अरू सबै कुरा मिले पनि एउटै रक्तसमूहका दाजुबहिनीको अर्थ लाग्ने भएकाले एउटै गोत्रभित्रका केटाकेटीबीचको विवाहलाई वर्जित गरिने चलन अभ्यासमा रहेको देखिन्छ । यसको मूल कारण गोत्रलाई रक्तसम्बन्ध तथा वंशगत समूहका रूपमा मान्नु नै हो ।

हजारौँ वर्षअघिदेखि नै एउटै वंशका सन्तान अन्तर्गत पर्दछौँ भन्ने विश्वासमा केटाकेटीबीच दाजुबहिनीको नाता पर्छ भन्ने मानिन्छ । निश्चित पुस्ता कटेपछि एउटै बाबुबाजेका सन्तानका बीचमा पनि कुल फुट्ने र जुठोसुतक बार्ने चलन फुकाउँदै गएको पनि देखिन्छ तर गोत्र हजारौँ वर्षअघिदेखि अभ्यासमा रहेको छ । कति पुस्ता भए त्यसको निरन्तर गणना नै सम्भव नभएको अवस्था छ तर बिहेबारीमा सगोत्रीया भएका कारण छेकथुन भएको देखिन्छ ।

वर्तमान नेपाली समाजको यस्तो बलियो अभ्यासका रूपमा रहेको गोत्र परम्परा के रक्तसम्बन्ध तथा वंशसम्बन्धमा मात्रै सीमित हो त ?, यसको ऐतिहासिकता के हो ? यस्ता प्रश्नको उत्तर खोज्नु वर्तमान अनुसन्धानकर्ताको अनिवार्य कर्तव्य हुन आउँछ ।

गोत्र र यसको ऐतिहासिकता

ऋग्वेदमा गोत्रको अर्थ गाईको बथानसँग जोडेर लगाइएको छ भने अथर्ववेदमा गोत्रलाई किल्ला तथा सिमानासँग सादृश्य गरिएको छ । यसबाट के बुझिन्छ भने वैदिक कालमा गोत्र रक्त तथा वंश समूह मात्र नभएर एउटै आश्रम तथा किल्ला वा सीमा वा गाईगोठभित्र रहेका सबै सदस्यबीचको साझा सूचक तथा प्रतीकात्मक शब्दका रूपमा प्रयोग भयो । जहाँ एउटै रक्त वंशका सदस्य मात्र नभएर भिन्न भिन्न रक्तसमूह तथा वंशका मानिस पनि हुन सक्दथे भन्ने बुझिन्छ ।

प्राचीन तथा ऋग्वैदिक कालमा जीवनयापनको प्रमुख माध्यम पशुपालन थियो । त्यसमा पनि गाईको अधिक महत्त्व थियो । गाईलाई विनिमयको सूचक एवं सम्पन्नताको सूचकका रूपमा मानिएको पनि पाइन्छ । जीविकोपार्जनका लागि गाईगोठ निर्माण गरिन्थे । ती गाईगोठको नेतृत्व लिने खास खालका ऋषि हुन्थे । तिनै ऋषिका नामबाट भिन्न भिन्न खालका गोत्रको निर्माण गरिएको छ । जस्तै कश्यप, भारद्वाज, विश्वामित्र आदि ऋषिले नेतृत्व गरेको गणका सदस्य जति सबै उनै ऋषिको नामबाट निर्मित गोत्रभित्र पर्दथे ।

त्यसको क्षेत्रभित्र रहने सबै मानिस एउटै रक्तवंशका नभएर जीविकोपार्जनका लागि त्यस समूहमा आश्रित भएका पनि हुन सक्दथे । यी तथ्यबाट प्राचीन तथा वैदिक कालमा गोत्रले रक्तवंशको अर्थ नदिएर खास खालको वासस्थानभित्रका सदस्यको विम्ब दिन्थ्यो भन्ने बुझिन्छ । यस तथ्यलाई बल पुग्ने अर्को प्रसङ्ग ऋग्वेदका सूक्तमा पनि पाइन्छ । शुन शेपलाई बिक्री गरेपछि उनका बाबुले आफ्नो गोत्रमा राख्न मानेनन् । पछि विश्वामित्र ऋषिले आफ्नै गोत्रमा आश्रय दिएको सन्दर्भ छ ।

यसबाट पनि बिक्री हुनु भनेको वासस्थानबाट निष्क्रिय भएको र नयाँ बस्ने ठाउँ (आश्रम, गाईगोठ) मा जाँदा त्यहीँको गोत्र प्राप्त भएको तर उनले प्राप्त गरेको गोत्रको नाम तत् ऋषिको सन्तान चाहिँ नभएको तथ्य बुझिन्छ । ऋषिहरूले आफ्नो आश्रय तथा आश्रमभित्रका खास समूहलाई खास खालको चरा तथा जनावरको सङ्केत तथा चिह्न (टोटेम) दिने गर्दथे भनेका छन् ।

यसले पनि रक्तवंशभन्दा पनि एउटै वासस्थानभित्रको समूह सूचकका रूपमा गोत्रको उत्पत्ति र विकास भएको तथ्य प्रदान गर्दछ ।

यसरी गोत्रलाई वर्तमान कालमा रक्तवंशकै सदस्य भनेर बुझ्ने र बिहेबारीमा एउटै गोत्रभित्र गर्दा एउटै रक्तवंश पऱ्यो भन्ने मान्यतामा प्रश्न उठ्छ । गोत्रभित्र रक्तवंश हुँदै हुँदैन भन्ने पनि होइन र गोत्रभित्रका सबै सदस्य एउटै रक्तवंशका हुन् भन्ने ठान्नु वा भन्नु पनि सत्य होइन रहेछ भन्ने कुरा टुङ्गोमा पुग्न सकिन्छ ।

वंश र गोत्र परिवर्तन

वेदकालीन समयमा आफ्नै कुल तथा गोत्रको सन्तान विवाह र बिक्रीपछि गोत्रच्यूत हुने र नयाँ गोत्रमा सर्ने चलन रहने गरेको देखिन्छ । ऋग्वेदको विवाह सूक्तमा सूर्याको विवाहपछि उनी आफ्नो पैतृक कुलबाट मुक्त भई नयाँ कुलमा सरेको सन्दर्भ पाइन्छ भने शुन शेपलाई उसका बाबुले बलि दिन बिक्री गरेपछि वरुणको स्तुतिबाट उनी बलि चढ्नबाट बचे पनि उनका बावुले बिक्री गरिसकेको छोरालाई आफ्नो गोत्रमा भित्रिन नदिई गोत्र च्यूत गराएको सन्दर्भ पनि छ ।

ऋग्वेदको १० औं मण्डलको ८५ औं सूक्तको २५ सौं ऋचामा कन्यालाई सम्बोधन गर्दै "तिमीलाई पिताका कुलबाट मुक्त गर्दछौँ तर पतिका कुलबाट होइन। तिमीलाई पतिका कुलमा राम्ररी आबद्ध गराउँछौँ," भन्ने भाव व्यक्त भएको छ ।

प्रेतो मुञ्चामि नामुतः सुबद्धाममुतस्करम् ।
यथेयमिन्द्र मीढ्वः सुपुत्रा सुभगासति ॥२५॥

(हे कन्या यस पिताका कुलबाट तिमीलाई मुक्त गर्दछौँ तर पतिका कुलबाट होइन। पतिका कुलमा तिमीलाई राम्ररी आबद्ध गराउँछौँ। हे कामना वृषक इन्द्र देव यी वधु सुसन्तानले सम्पन्न र सौभाग्यवती रहुन्। ऋ–१०–८५–२५) ।

यस भावले वेदकालीन समयमा विवाहपछि छोरीको पिताबाट गोत्र परिवर्तन भएर पतिको गोत्रमा सर्ने चलन रहेको देखाउँछ। सनातनी तथा वैदिक विवाह पद्धतिमा हाल पनि यस्तै चलन रहँदै आएको छ। वर्तमानको यो परम्परा पनि त्यही वैदिक संस्कृतिको निरन्तरता हुन सक्छ। गोत्रको खास अर्थ कुलको सदस्य तथा सोही कुलले पालनपोषण एवं त्यसको आर्थिक जिम्मेवारी लिनुपर्ने कुरासँग सम्बन्धित देखिन्छ ।

विवाहपछि छोरीको गोत्र पिताकुलबाट परिवर्तन भएर पतिको गोत्रमा सर्नु भनेको पितृसत्तात्मक परिवार संरचनामा छोरीको विवाहपछि उनको पालनपोषणको जिम्मेवारी वर पक्षको कुलमा हस्तान्तरित हुन्छ भन्ने अर्थ हो ।

मदनमणि दीक्षितले ऋग्वेदको ऋचालाई विश्लेषण गर्दै कमारोका रूपमा बेचिएका पुत्रको गोत्र च्यूत भएको सन्दर्भलाई 'त्यो युग' पुस्तकमार्फत व्यक्त गरेका छन्। भनिएको छ, "कमारोका रूपमा बेचिएर गोत्र च्यूत भएको शुन शेपलाई आफ्नो गोत्रमा फिर्ता लिन उनका बावु अजीगर्त सौयावाशी राजी हुँदैनन् । उसका कुलका अन्य सदस्य पनि शुन शेपलाई लिन राजी हुँदैनन्। त्यस बखत बिनागोत्रको मानिसको कल्पनासम्म हुन सक्दैनथ्यो। यस्तो अवस्थामा दस्यु, असुर, राक्षस, दानव, दैत्य र दास इत्यादि बाहेक शुन शेप बिलखबन्दमा परेर निऋतिलाई सराप्न थाले। त्यो देखेर उनका मामा पर्ने ऋषि विश्वामित्रले नयाँ धर्म रूपी आफ्नो हात अगाडि बढाएर शुन शेपलाई आफ्नो कौशिक गोत्रमा आउन आग्रह गरे। विश्वामित्रको त्यस्तो कार्यले धर्म विरोधी आचरणका रूपमा आई उनको गोत्रमा विद्रोह

खडा गर्छ र कौशिक कुल गोत्रमा आचार्य कौशिकले शुन शेपलाई सगोत्रीय रूपमा प्रवेश गराएको कार्यलाई विरोध गर्दै कौशिकहरूको ठूलो सङ्ख्याले विश्वामित्रलाई बहिष्कार गर्दछ। तथापि विश्वामित्रले पनि शुन शेपलाई आफ्नो गोत्रमा लिँदा त्यस बालकको नाउँ फेरेर देवरात भन्ने नयाँ नाम राख्छन्। यसरी गोत्र परिवर्तन हुँदा नयाँ नाम राखे पुरानो नाउँ पुरानै गोत्रसँगै अन्त्य हुन्थ्यो।"

उल्लेखित ऐतिहासिक विश्लेषणबाट वेदकालीन समयमा गरिब मानिसको बिक्रीसमेत हुने गरेको, बिक्री भइसकेको मानिस फिर्ता भएर आउँदा उनका बाबुले आफ्नो गोत्रमा प्रवेश नदिएको, त्यसलाई अर्कै नाम दिएर विश्वामित्र ऋषिले आफ्नो गोत्रमा प्रवेश गराएको तथ्य प्राप्त हुन्छ। यसबाट त्यस समयमा बिक्री हुँदा तथा कमारो (तल्लो) वर्गमा सर्दा मानिसको पनि गोत्र परिवर्तन हुने गर्दथ्यो भन्ने बुझ्न सकिन्छ।

वंश र गोत्रबीचको सम्बन्ध

वर्तमान परिवेशमा वंश र गोत्रलाई समानार्थी भावमा बुझिए पनि वेदकालीन ऐतिहासिक सन्दर्भले समानभावमा व्याख्या गरेको देखिँदैन। कुनै पनि बाबुआमाको रक्तसम्बन्धको शाखा सन्तानले वंशजको अर्थ प्रदान गर्दछ तर गोत्रले शाखा सन्तान तथा वंशको खलकलाई मात्र नजनाएर जीवन निर्वाहका लागि एउटै ऋषि आश्रम अन्तर्गत रहेर जीविका चलाउने तथा एउटै वासस्थानमा रहने मानिसको समेत उही एउटै गोत्र प्राप्त गरेको तथ्य ऋग्वेदका ऋचामा उल्लेख भएको पाइन्छ।

माथि उल्लेखित शुन शेपको गोत्र परिवर्तनको सन्दर्भले वेदकालीन समाजमा ऋषिकुल सम्बद्ध आश्रम तथा वासस्थान हुने गरेको, तिनै ऋषिकुल अन्तर्गतको वासस्थानमा रहेर जीविका चलाउने सबै सदस्य उनै ऋषि नामको गोत्र अन्तर्गतको सदस्यका रूपमा चिनिने प्रस्ट्याउँछ तर वास्थानमा रहने सबै सदस्य एउटै वंशका हुन्छन् नै भन्ने थिएन।

ऋषिकुलमा ज्ञान आर्जन, युद्धकला, योग साधना, गोरक्षा आदि विभिन्न हेतुले जम्मा भएका ऋषिका शाखा सन्तान (वंश) भन्दा बाहिरका मानिस पनि एउटै गोत्र समूहका सदस्यका रूपमा चिनिन्थे। यसबाट वंश र गोत्रलाई समभावमा बुझ्दा र व्याख्या गर्दा गलत हुन जान्छ। एउटै गोत्र भएका मानिस एउटै वंशजका हुन्छन् नै भन्न सकिँदैन तर एउटै ऋषिकुल तथा आश्रमका सबै सदस्यको (अन्य वंशको भए पनि) एउटै गोत्र रहने गरेको बुझ्न सकिन्छ।

वर्तमानमा सगोत्रीयलाई रक्तसम्बन्धको नातासँग नै जोडेर व्यवहार गर्ने चलन छ। गोत्र परम्परामा ऐतिहासिक वास्तविकता लोप भएर गलत चलनको विकास हुन गएको देखिन्छ। जस्तै कश्यप गोत्रभित्र कश्यप ऋषिका रक्तसम्बन्धका शाखा सन्तान मात्र नभएर कश्यप ऋषिकुलमा रहेर जीविका गर्ने, ऋषि रक्तसम्बन्धभन्दा बाहिरका सदस्यसमेत हुन सक्ने भएकाले सगोत्रीयाहरू सबै एकै वंशका नै हुन्छन् भन्ने ठान्नु र मान्नु गलत हुन जाने तथ्य वैदिक सन्दर्भले दर्साएका छन्। ■

जीवराम भण्डारी

सञ्चारकर्मी/अध्येता

तीन दशकभन्दा लामो समयदेखि पत्रकारिता कर्म गर्दै आएका ओखलढुङ्गाका जीवराम भण्डारी आफ्नो पेशामा मात्र नभएर अध्ययन एवं समसामयिक राजनीतिक विश्लेषकका रुपमा पनि अब्बल मानिन्छन् । विभिन्न सञ्चार माध्यममा काम गर्दै आएका भण्डारी हाल योहो टेलिभिजनमा समाचार प्रमुखको जिम्मेवारीमा कार्यरत छन् । कानुनमा स्नातक एवं आमसञ्चारमा स्नातकोत्तर गरेका भण्डारी पुस्तकलाई अन्धकाररुपी मानवजीवनको प्रकाशपुञ्ज मान्छन् । पुस्तकबिनाको जीवन कल्पना गर्नुपर्दा अन्धकार युगको मनुष्यको रुपमा कल्पना गर्दा जुन रुपको सम्झना आउँछ, त्यस्तै हो भन्छन् ।

“पछिल्लो समयमा विश्व संसार डिजिटल युगमा प्रवेश गरेको छ तर यो मात्रै पूर्ण होइन । पुस्तक मानवजीवनको सहज ज्ञान आर्जनको प्रमुख हिस्सेदार मित्र हो ।” उनी भन्छन्, “डिजिटल शताब्दीको पुस्तकको ‘कपी पेस्ट’ मात्रै हो डिजिटल सामग्री । यसमा पुस्तकको हुबहु र पूर्ण रुप हुने आधार कमजोर छ । पुस्तक नै पूर्ण सचेत मानवजीवनको अभिन्न अङ्ग हो भन्दा फरक पर्दैन ।”

मानवजीवनले हासिल गरेको अहिलेको समृद्धिको मूल आधार भनेकै पुस्तक हो, पुस्तक पथप्रदर्शक पनि हो । उनको विचारमा यसैको माध्यमबाट ज्ञानविज्ञान र प्रविधिको विकास सम्भव भएको हो ।

ऐतिहासिक एवं अन्वेषणमूलक पुस्तक अध्ययन गर्न रुचाउने भण्डारी आफूलाई पुस्तक सङ्ग्रहकर्ताका रुपमा पनि चिनाउँछन् । राजेश्वर देवकोटाद्वारा लिखित ‘द्वन्द्वको अवसान’ पुस्तकले आफ्नो जीवनमा अद्भुत परिवर्तन ल्याइदिएको उनको अनुभव छ । त्यसताका महाभारत र रामायणका टेलिशृङ्खला आउने गरेको स्मरण गर्दै भनी भन्छन्, “भारतीय टेलिभिजनको प्रभाव धेरै थियो । नेपालमा पनि अधिकांशले निर्लिप्त भएर ती शृङ्खला हेर्दथे । मेरो मनमा भने के भगवान्मा यतिसम्म ज्ञान राख्ने क्षमता हुँदैनथ्यो होला र भन्ने जिज्ञासा जागृत भयो । क्षमता नै नभएका कसरी भगवान् भए ? भगवान् थिए भने कसैलाई लाभ नहुने द्वन्द्वमा सबै किन सामेल भए ? अनेक जिज्ञासाबीच पारिवारिक झगडाले कसैलाई लाभ नहुने सन्देश पुस्तकबाट पाएँ । जसले गर्दा मेरो जीवनमा सोच्ने तौरतरिकामै परिवर्तन गराइदियो ।” गम्भीर लेखकका पुस्तक प्रकाशित भए भने किनिहाल्ने उनको स्वभाव छ । प्रस्तुत छन् सञ्चारकर्मी भण्डारीले अध्ययन गरेका पाँच पुस्तक :

इतिहासका पानामा धर्मप्रसाद ढकाल

धर्मप्रसाद ढकाल भनासाथ झापा काण्डको सम्झना हुन्छ। प्रस्तुत पुस्तक खगेन्द्रप्रसाद ढकाल र समीरा लुइटेल (धर्मप्रसाद ढकालका छोराछोरी) को सक्रियताले तयार पारिएको समृतिग्रन्थ हो। पुस्तकले एक ऐतिहासिक घटनाक्रमको पटाक्षेप गरेको छ। झापा विद्रोह भनिएको उक्त हत्याकाण्ड कुन पृष्ठभूमिमा भएथ्यो ? कसरी एक प्रतिष्ठित उद्योगी, समाजसेवी एवं राजनीतिक अगुवाको उग्रवामपन्थी उक्साहटमा हत्या गरिएथ्यो भन्ने सविस्तार सूचना पुस्तकमा प्रकाशित छ। धर्मप्रसाद ढकाल र घरबिदामा आएका उनका विद्यार्थी छोरा ज्ञानेन्द्रप्रसाद ढकालको हत्या, बाँचेका परिवारजनले भोग्नु परेको त्रासपूर्ण अवस्थालगायतले पाठकलाई उद्वेलित बनाउँछ। हत्याकाण्ड मच्चाउनेले नै पछि आएर उक्त कदम चालिनु गल्ती थियो भन्दै सार्वजनिक रूपमा आत्मालोचना गरेकाले परिवारजनले क्षमा दिएको प्रसङ्गसहित पुस्तकमा उल्लेख छ।

नेपालको पहिलो नमुना जनगणना

प्राडा जगदीशचन्द्र रेग्मी र डा. गोविन्द टण्डनद्वारा लिखित 'नेपालको पहिलो नमुना जनगणना' पुस्तकले ऐतिहासिक तथ्यको जानकारी दिनुका साथै सूचनामूलक पनि छ। विसं १९१० देखि १९१३ सम्म तीन वर्ष लगाएर सत्यमोहन जोशी, भैरव रिसाल, तेजेश्वरबाबु ग्वङ्ग व्यक्तित्वको सहयोग र भावनालाई समेटेर ७६२ पृष्ठमा समेटिएको पुस्तक आकारमा मात्र नभएर खुराकमा पनि महत्त्वपूर्ण छ। त्यसबेला गरिएको पहिलो राष्ट्रिय जनगणनामा नेपालको कुल जनसङ्ख्या ५२ लाख भएको खुलासा गरिएको छ। जनगणनाका आधारमा तयार पारिएको पहिलो पुस्तक भएकै कारण पनि पढ्नैपर्ने कृतिका रूपमा यसलाई लिइएको छ।

द्वन्द्वको अवसान

राजनीतिज्ञ एवं साहित्यकार राजेश्वर देवकोटाद्वारा लिखित 'द्वन्द्वको अवसान' पुस्तकले महाभारतको लडाइँ र परिणाममा सबैले गुमाउनुबाहेक केही नपाएको सन्देश दिएको छ। पारिवारिक कलहले सिर्जना गरेको तनाव र बिग्रेको राजपाठ पुस्तकको मर्म हो। नेपाली संस्कृति र परम्पराका ज्ञाता देवकोटाले पौराणिक प्रसङ्गमार्फत समकालीन राजनीतिक उतारचढावका विकृति र विसङ्गतिप्रति सचेत गराउन खोजेको अनुभव हुन्छ।

त्यसबखतको नेपाल



सरदार भीमबहादुर पाँडेद्वारा लिखिति 'त्यसबखतको नेपाल' पुस्तकले इतिहासको जानकारी राख्न चाहने पाठकको भोक–तृष्णा मेटाइदिन्छ। नेपालको इतिहास झल्काउने पुस्तक त धेरै लेखिएका छन् तर तिथिमितिको आधिकारिकता र पात्र तथा घटनाको विश्लेषण रोचक शैलीमा गरिएको प्रस्तुत कृति इतिहासका पाठकका लागि अत्यन्तै उपयोगी छ। पढ्दै जाँदा कतिपय कुरामा त त्यस्तो पनि होला र भन्ने जस्तो पनि लाग्दछ। नेपालको इतिहासको महत्त्वपूर्ण कालखण्डलाई समेटिएको पुस्तक जो कोहीले पढ्नैपर्ने हुन्छ।

मान्छेको मुटु

डा. अवनीभूषण उपाध्यायद्वारा लिखित 'मान्छेको मुटु' निकै पठनीय पुस्तक हो। पहिलो कुरा त डाक्टर हुन कतिसम्म मेहनत र दुःख बेहोर्नुपर्छ भन्ने पुस्तकले उजागर गरेको छ र अझ महत्त्वपूर्ण त पेशामा लागेर शिखरमा पुग्न कसरी सम्भव भयो भन्ने तथ्य पुस्तकमा पढ्न पाइन्छ। संसारमै भयावह बन्दै आएको मुटुरोग लाग्नबाट जोगिन के कसरी सम्भव हुन्छ ? मुटुरोग देखा परिहालेमा के गर्ने पूर्ण व्यावसायिक र योग्यतम मुटुरोग विशेषज्ञले लेखेको पुस्तक चिकित्सकका लागि मात्र नभएर आमपाठकका लागि पनि उत्तिकै पठनीय सामग्रीका रूपमा आएको छ। ■

–प्रस्तुति : तुलसीहरि कोइराला

भिजिट वा पर्यटक भिसामा विदेश गएर कामको खोजी गर्नुलाई गैरकानुनी कार्य मानिन्छ । अध्यागमन विभागका अनुसार भिजिट भिसामा विदेश प्रस्थान गर्नुअघि यात्रुले आवश्यक कागजपत्रका साथै यात्रा परामर्श 'मापदण्ड' पूरा गरेको हुनुपर्छ ।

भिजिट भिसामा गोलमाल

'भिजिट भिसामा हजुर भिजिट भिसामा
देश (भुइँ) छोडर हिँड्नेहरू पश्चिम दिशामा...'

करिब छ वर्षअघि रचना गरिएको यो गीतको चर्चा यतिबेला चुलिएको छ तर प्रसङ्ग साङ्गीतिक सिर्जना 'हिट' वा 'फ्लप' को लेखाजोखाको सवालसँग सम्बन्ध छैन, बरु 'भिजिट भिसा' को वास्तविकता सतहमा आउँदा तरङ्गित समाज र राजनीतिमा यस गीतको धुन अहिले 'हिट' छ ।

भिजिट भिसामा विदेश पुग्दाको दुःख, कष्ट, शोषण, यातना त छँदैछ भिजिट भिसालाई मानव बेचबिखन जस्तो गम्भीर अपराधमा समेत प्रयोग गरिँदै आएको घटना सार्वजनिक भएपछि व्यङ्गोक्तिमा यो गीत जनजिब्रोमा झुन्डिएको छ ।

चर्चित हास्यव्यङ्ग्य कलाकार हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठ सञ्चालक रहेको मह सञ्चारले निर्माण गरेको 'दालभात र तरकारी' चलचित्रका लागि रचना गरिएको भिजिट भिसा बोलको गीत विदेश उड्नेहरूको जीवन र सपनासँग जोडिएको छ ।

कलाकार हरिवंश आचार्य भन्छन्, "जुन बेला (२०७५/७६ साल) यो गीत सार्वजनिक भयो, त्यो बेला गीतले खासै चर्चा पाएन । यतिबेला भने करिब पाँच लाख दर्शकले युट्युबमा यो गीत हेरिसकेका छन् ।

गत जेठ ७ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय (इमिग्रेसन) प्रमुखसहित उच्च तहका सरकारी कर्मचारी नै भिजिट भिसा काण्डमा मुछिएको घटना सार्वजनिक भयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भिजिट भिसाका नाममा 'सेटिङ' मिलाएर सेवाग्राहीबाट लाखौं रुपियाँ असुली गरेको गोप्य सूचनाका आधारमा अध्यागमन कार्यालय प्रमुख सहसचिव तीर्थप्रसाद भट्टराईसहितका कर्मचारीलाई नियन्त्रणमा लिएको थियो ।

विमानस्थल अध्यागमन कार्यालयमा गृह मन्त्रालयमातहतकै कर्मचारी खटिने भएकाले यसको 'तार' विमानस्थलदेखि सिंहदरबारसम्म फैलिएको हुन सक्ने अख्तियारको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

के हो भिजिट भिसा ?

विदेशमा रहेका आफन्त नातेदारलाई भेट्न वा पर्यटकका रूपमा विदेश घुम्ने उद्देश्य लिएर विदेश प्रस्थान गर्ने नेपालीका लागि विभिन्न देशले जारी गर्ने प्रवेश अनुमतिपत्र हो भिजिट भिसा ।

भिजिट वा पर्यटक भिसामा विदेश गएर कामको खोजी गर्नुलाई गैरकानुनी कार्य मानिन्छ । अध्यागमन विभागका अनुसार भिजिट भिसामा विदेश प्रस्थान गर्नुअघि यात्रुले आवश्यक कागजपत्रका साथै यात्रा परामर्श 'मापदण्ड' पूरा गरेको हुनुपर्छ ।

यो मापदण्डमा भिजिट भिसा स्वीकृत गरेको छ महिना अवधिको राहदानी, पाँच सय अमेरिकी डलर नगद वा डिजिटल कार्ड, वार्षिक पाँच लाख रुपियाँ करयोग्य आम्दानी, प्रायोजन गर्ने व्यक्ति वा संस्था भएमा आमन्त्रण पत्रका साथै होटेल बुकिङ गरेको कागजपत्र र दुईतर्फी हवाई टिकट साथमा हुनुपर्छ ।

त्यस्तै नातेदार भेट्न जानेहरूका लागि आमन्त्रण पत्र, आमन्त्रण गर्ने व्यक्तिसँगको नाता प्रमाणलगायत कागजपत्र अनिवार्य गरिएको छ । खाडी क्षेत्रका मुलुक जानेको हकमा स्वदेश फर्किने शर्तसहितको स्वघोषणा गराइएको हुन्छ ।

यात्रा परामर्श अलपत्र

विमानस्थल अध्यागमन कार्यालय भिजिट भिसाका नाममा रकम असुली अड्डा जस्तै बनेको गुनासो आएपछि अध्यागमन विभागले २०८० साल माघमा १३ बुँदे 'ट्राभल्स एड्भाइज' (यात्रा परामर्श) मापदण्ड जारी गरेको थियो । यो मापदण्डमा कडा शर्त राखिएका थिए ।

ती शर्त पूरा गर्न समस्या भएपछि गृह मन्त्रालयले नै अलि खुकुलो बनाई १३ बुँदाबाट घटाएर ६ बुँदामा झार्‍यो । छबुँदे शर्त पनि कडाइका साथ कार्यान्वयन गर्दा 'सेटिङ' धन्दा सुरु भएको दाबी अध्यागमन विभागको छ ।

वैदेशिक रोजगारको खोजीमा भौतारिनेका लागि भिजिट भिसा छिटो र सजिलो 'मार्ग' हो । खाडी क्षेत्रका देशहरू, युरोपेली देशहरू जापान, दक्षिण कोरिया, अस्ट्रेलियालगायत अमेरिका भिजिट भिसामा जानेहरूको लर्को लाग्ने गरेको छ ।

श्रम गन्तव्य मुलुकहरूमध्ये कुवेत, ओमान, संयुक्त अरब इमिरेट्स, बहराइन, मलेसियालगायतका देशमा बिचौलियाले वैदेशिक रोजगारको प्रलोभन देखाएर

महिलालाई भिजिट र पर्यटक भिसामा लैजाने गरेका छन् । अमेरिका जानका लागि अवैध मार्ग अपनाइने गरेको छ ।

कतिसम्म भने भिजिट भिसाबाट अवैध मार्ग अपनाई अमेरिका जानेले 'छिरे मालामाल, फर्के दलाल' भन्ने गरेका छन् । अमेरिका छिर्न नसकेर नेपाल फर्केमा लगानी उठाउन दलाली गर्ने गरेको पाइएको छ ।

भिजिट भिसाका नाममा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै गैरकानुनी लाभ वा अन्य फाइदा लिने उद्देश्य राखी बदनियतपूर्वक ढङ्गले कुनै नेपाली नागरिकलाई नक्कली वा झुट्ठा कागजात बनाई झुक्याएर विदेश लैजाने कार्यलाई मानव बेचबिखन मानेको छ ।

यो परिभाषाको आधारमा भन्नु पर्दा भिजिट भिसाका नाममा अध्यागमन कार्यालयबाट नै आर्थिक लाभ लिएर मानव बेचबिखन तथा ओसारपसार हुने गरेको विभिन्न घटनाले पुष्टि गरेका छन् ।

मानव बेचबिखन ब्युरो प्रमुख कृष्ण पङ्गेनी भिजिट भिसा मानव तस्करीका लागि 'इजी कार्ड' जस्तै बनेको बताउँछन् । यो विश्वभर नै गम्भीर अपराध मानिन्छ । यसको नियन्त्रण र रोकथामका लागि कानुनी उपचारका अतिरिक्त नागरिकमा सचेतना, गाउँबस्तीसम्म फैलिएको अन्तर्राष्ट्रिय गिरोहको सञ्जाल तोड्नेदेखि सम्बन्धित निकाय जिम्मेवार बन्नुपर्ने आवश्यकता रहेको भनाइ पङ्गेनीको छ ।

खेलाडी, कलाकार पनि बेपत्ता

भिजिट भिसामा चर्चित र प्रतिष्ठित व्यक्ति पनि विदेश पलायन हुने गरेका छन् ।

विभिन्न देशमा आयोजना हुने औपचारिक तथा अनौपचरिक कार्यक्रममा सहभागी हुने भन्दै कलाकार, खेलाडी, पत्रकार, व्यापारी, राजनीतिकर्मी, उद्योग व्यवसायी, स्वास्थ्यकर्मी, प्राध्यापक, चिकित्सकसमेत पलायन हुने गरेका छन् ।

तत्कालीन नेकपा (माओवादी) जनयुद्धकाल, २०७२ सालको भूकम्प र कोभिड-१९ सर्वमहामारीपछि विभिन्न



> **वैदेशिक रोजगारको प्रलोभनमा ठगिएका एक अछामका भूपेन्द्र खत्री भन्छन्, "परिचित साथीहरू नै हुन् । विश्वास लागेर तीन लाख खर्च गरेँ अहिले त न भिसा मिल्यो न दले (मान्छे) ।"**

पेशा व्यवसायको आवरणमा भिजिट भिसामा विदेश जाने र उत्तै बस्नेहरू धेरै थिए, अझै पनि यसो भइरहेको बताइन्छ । त्योभन्दा पनि सङ्गठित रूपमा हुलका हुल बाँधेर विदेश जाने र लुकेर बस्ने, तल्लो बाटो प्रयोग गरी अमेरिका छिर्ने समस्या सतहमा देखिएको छ ।

वैदेशिक रोजगार विभागका निर्देशक एवं प्रवक्ता टीकाराम ढकालका अनुसार भिजिट भिसामा गएर उतै लुक्ने अधिकांशको बाध्यता रोजगार नै हो । कतिपय देशले वर्किङ (कामदार) भिसा सजिलैसँग नदिने भएकाले छोटो र छिटो मार्गका रूपमा भिजिट भिसा अपनाउने गरेको देखिन्छ ।

यसको पछाडि अन्तर्राष्ट्रियस्तरको सङ्गठित गिरोह सक्रिय रहेको भनाइ प्रहरी अधिकारीको छ । मानव बेचबिखन एवं तस्करीमा संलग्न गिरोहका एजेन्टले गाउँबस्तीमा मान्छे खोज्नेदेखि सेटिङ मिलाएर गन्तव्यसम्म पुऱ्याइदिने गर्छन् । त्यसबापत प्रत्येक गौँडामा खर्च गर्नुपर्ने हुन्छ, ब्युरो प्रहरीका एक अधिकारी भन्छन्, "त्यसमध्येको पैसा असुल्ने एक गौँडा हो विमानस्थल (इमिग्रेसन) अध्यागमन कार्यालय ।"

श्रमशोषण र यौनहिंसा

खाडी क्षेत्रका देशमा रोजगारीका लागि जाने महिलामाथि यौनहिंसा तथा श्रमशोषण हुने गरेको छ । वैदेशिक रोजगारपीडित महिलाको पुनर्स्थापनामा सक्रिय श्रमिक महिला रक्षा सङ्घका अनुसार खाडी क्षेत्रका देशमा दुःख पाएर फर्किएका तथा उद्धार गरिएका महिलाले आफ्नो पीडा सुनाउने गर्छन् ।

भिजिट भिसामा जाने महिलासँग श्रम स्वीकृति, बिमा, म्यानपावर कम्पनीसँग कुनै किसिमको लिखत सम्झौता नहुने भएकाले न्यूनतम ज्यालामा घरेलु कामदारका रूपमा खटिनुपर्ने तथा उनीहरू चरम श्रमशोषण, शारीरिक यातना र यौनहिंसाको उच्च जोखिममा पर्ने कतिपय घटनाले दर्शाएको छ ।

कतिसम्म भने नेपाली महिला खाडी क्षेत्रका मुलुकमा पशु जस्तै खरिदबिक्री हुने गरेका छन् । श्रमिक महिला रक्षा सङ्घका अध्यक्ष सविना लिम्बूका अनुसार खाडी क्षेत्रलगायत मध्यपूर्वका देशमा आप्रवासी कामदारमा 'काफला सिस्टम' लागू हुन्छ । यो एक किसिमको घरेलु कामदार खरिद गर्ने वैधानिक व्यवस्था हो ।

प्रत्येक महिलाको उमेर हेरी मोलमोलाइ हुन्छ र मालिकले मन पराएमा उनले कागजपत्र आफूसँगै राखेर घरेलु कामदारका रूपमा लैजाने गर्छन् । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) ले पनि काफलाको नाममा आप्रवासी कामदारको मानव अधिकार उल्लङ्घन, श्रमशोषण, लैङ्गिक हिंसा हुने गरेको भन्दै चिन्ता व्यक्त गरेको छ ।

यस्तो पीडादायी जीवन जिउन बाध्य नेपाली महिला तथा पुरुषलाई भिजिट भिसामा खाडी क्षेत्रका देशलगायतका देशमा पुऱ्याउन राज्यकै पदाधिकारी तथा कर्मचारी, स्थानीय नेता तथा कार्यकर्ता, बिचौलिया र आफन्त, नातेदारको संलग्नता बढी देखिएको प्रहरीको अनुसन्धानले देखाएको छ ।

खाडी क्षेत्रका देशमा जानेको हकमा प्रतिव्यक्ति एक लाख तथा युरोपेली देशहरू, अमेरिका, जापान, दक्षिण

कोरिया र अस्ट्रेलियाका लागि दुई लाख रुपियाँसम्म 'सेटिङ' गरे बापत खर्च तिर्नुपर्ने बाध्यता रहेको कुरा पीडितकै मुखबाट सुन्न सकिन्छ ।

मानव तस्करी एक सङ्गठित अपराध हो । यसमा को कसको के कति संलग्नता छ त्यो अख्तियार दुरुपयोग अनुसन्धानले प्रस्ट्याउला तर मानव बेचबिखन ब्युरोको स्थापनापछि भने केही सुधार आएको मानव बेचबिखन ब्युरो प्रहरी उपरीक्षक रुगम कुँवर बताउँछन् ।

कसरी हुन्छ सेटिङ ?

ग्रामीणस्तरमा छरिएर बसेका बिचौलियाले स्थानीय युवालाई राम्रो जागिर, आकर्षक तलब सुविधाको प्रलोभनमा राहदानीसमेत बनाई काठमाडौँसम्म पुऱ्याउने गर्छन् ।

वैदेशिक रोजगारको प्रलोभनमा ठगिएका एक अछामका भूपेन्द्र खत्री भन्छन्, "परिचित साथीहरू नै हुन् ।

विश्वास लागेर तीन लाख खर्च गरेँ अहिले त न भिसा मिल्यो न दले (मान्छे) ।" खत्रीले भिजिट भिसामा जर्मनी जाने भनेर पटक पटक गरी तीन लाख बुझाएका थिए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा पनि च्यातिएको झोला र फाटेको चप्पल लगाएर वैदेशिक रोजगार जान लागेको दृश्य प्रायः देख्न सकिन्छ । यस्तो अवस्थाका यात्रुलाई अध्यागमनका कर्मचारीले 'केरकार' गर्नु पर्ने हो तर ट्राभल एजेन्सी, म्यानपावर सञ्चालक, कन्सल्टेन्सीसहितका बिचौलियाको सेटिङमा मोटो रकम लिएर अध्यागमनका अधिकारीले नै सहजै रूपमा प्रस्थान गर्न दिने गरेको आरोप लाग्दै आएको छ ।

२०८० सालमा पनि भिजिट भिसामा रकम असुली गरेको घटना सार्वजनिक भएपछि अध्यागमनका नौ कर्मचारीलाई निलम्बन गरिएको थियो । तीमध्ये धेरैको निलम्बन फुकुवा भइसकेको छ । विमानस्थल अध्यागमनमा कार्यरत १४९ जनामध्ये ७० जना कर्मचारीमाथि अनुसन्धान गरिएको गृह मन्त्रालयले जनाएको छ ।

तर पनि यिनै कर्मचारी पटक पटक विमानस्थल अध्यागमनमा खटिन्छन्, जनगुनासो र विवाद बढ्नेबित्तिकै छ महिना वर्ष दिनका लागि मन्त्रालयमा सरुवा हुन्छन् भन्ने आरोप छ ।

वर्षमा कति जान्छन् ?

यो भिसा वास्तविक सेवाग्राहीका लागि सहज नै देखिन्छ तर भिजिट भिसाका नाममा झुक्याएर वैदेशिक रोजगारीमा जानेका लागि चाहिँ खर्चिलो छ । दुईतर्फी हवाई टिकट, साथमा डलर, होटेल बुकिङलगायतका शर्त पूरा गर्न उनीहरूले ठूलो रकम खर्चिनु पर्छ ।

अध्यागमन विभागका अनुसार प्रत्येक महिना करिब १५ देखि ३० हजार नेपाली यहीँ भिसाबाट विदेश जाने गरेका छन् । सन् २०२१ देखि सन् २०२५ सम्मको तथ्याङ्क अनुसार करिब नौ लाख नेपाली भिजिट भिसामा विदेश गएको देखिन्छ ।

सन् २०२५ को जनवरीदेखि हालसम्म करिब एक लाख २१ हजार जना भिजिट भिसामा विदेश गएको विभागको तथ्याङ्कले देखाएको छ । त्यसमा महिलाको सङ्ख्या ४३ हजार रहेको छ ।

सन् २०२४ मा दुई लाख ७४ हजार ४२३, सन् २०२३ मा दुई लाख चार हजार, सन् २०२२ मा एक लाख ७८ हजार २१४ र सन् २०२१ मा ९० हजार ७५० जना भिजिट भिसामा विदेश गएका थिए ।

नियन्त्रणको प्रयास

भिजिट भिसा प्रकरणको छानबिन गर्न पूर्वमुख्य सचिव शङ्करदास वैरागीको संयोजकत्वमा उच्चस्तरीय छानबिन समिति बनेको छ ।

यो समितिले विमानस्थलदेखि गृह मन्त्रालयसम्म हुने सेटिङ र बिचौलियाविरुद्ध छानबिन नभई भिसा प्रक्रिया व्यवस्थित र मर्यादित बनाउन सुझाव दिने छ ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पनि तत्कालीन सहसचिव गोविन्द रिजालको नेतृत्वमा कार्यदल गठन गरेको थियो । रिजाल हाल अध्यागमन विभाग प्रमुखका रूपमा कार्यरत छन् ।

हाल गृह मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, अध्यागमन विभाग, वैदेशिक रोजगार विभाग, अन्तर्राष्ट्रिय एयरलायन्सहरू र वैदेशिक रोजगार कम्पनीबीच कानुनी प्रावधानलाई कडाइका साथ कार्यान्वयनसँगै सचेतना, समन्वय गर्ने काम भइरहेको छ ।

भिजिट भिसा खुकुलो बनाउँदा भद्रगोल र कडाइ गर्दा बिचौलिया हाबी हुन थालेपछि यस किसिमको सहकार्य र समन्वय अगाडि बढाइएको भनाइ सम्बद्ध अधिकारीको छ । ■

–देवबहादुर कुँवर

तागाधारीको पर्व जनैपूर्णिमा

■ बोधनाथ पौडेल

सप्तर्षिलाई तर्पण दिइसकेपछि आफ्नो शरीरको रक्षाका लागि ब्राह्मण एवं पुरोहितद्वारा विधिपूर्वक मन्त्रिएको डोरो आफ्नो हातको नाडीमा बाँध्ने कार्य गरिन्छ ।

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाको दिन जनै धारण गर्नेहरू (तागाधारीहरू) को धार्मिक पर्व जनैपूर्णिमा पर्व आउँछ । यो पर्व ब्राह्मण, क्षेत्रीय एवं वैश्य आदि जातिको चोखो, पवित्र एवं प्रमुख पर्व हो ।

व्रतबन्ध गरी जनै धारण गर्नेहरूका लागि यो तिथि उत्तम तिथि एवं दिन मानिन्छ । वैदिक कालदेखि लिएर महर्षिहरूका कालसम्म सबै वर्ण वर्गका मानवले यो कर्म गर्दै आएका छन् । यो पर्वलाई ऋषितर्पणी, जनै फेर्ने पूर्णिमा, रक्षाबन्धन, क्वाँटी खाने पूर्णिमा आदि विभिन्न नामले जानिन्छ ।

यस दिन सप्तऋषिहरू कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, जमदग्नी, गौतम र वशिष्ठहरूलाई तर्पण दिइन्छ । यसैले यो पर्वलाई ऋषितर्पणी पूर्णिमा भनिन्छ । यस दिन ब्राह्मण एवं गुरुपुरोहितद्वारा विधिपूर्वक मन्त्रिएको नयाँ जनै लगाई गत वर्ष या उपनयन संस्कार गर्दा लगाइएको जनै सेलाउने गरिन्छ । यसैले यस दिनलाई जनैपूर्णिमा पर्व भनिएको हो ।



सप्तर्षिलाई तर्पण दिइसकेपछि आफ्नो शरीरको रक्षाका लागि ब्राह्मण एवं पुरोहितद्वारा विधिपूर्वक मन्त्रिएको डोरो आफ्नो हातको नाडीमा बाँध्ने कार्य गरिन्छ। यस दिन मास, मुगी, केराउ, भटमास आदि नौ थरीका द्विदलीय जातका गेडागुडी भिजाएर टुसा उमारी पकाएर क्वाँटीका रूपमा खाइन्छ। यसैले यस दिनलाई क्वाँटी खाने पर्व पनि भनिन्छ।

नयाँ जनै धारण गर्ने तागाधारीले श्रावण शुक्ल चतुर्दशीका दिन एक छाक हविष्यान्न भोजन गरी ब्रह्मचर्य नियम पालना गरेका हुन्छन्। पूर्णिमाको दिन नयाँ जनै धारण गर्नुअघि झिसमिसेमै कुनै पवित्र तीर्थ, जलाशय या आफूलाई पायक पर्ने नदीको तीरनजिकै गएर देह शुद्ध गरी सप्तर्षिको पूजाआजा गर्नु आवश्यक छ। आफ्नो देह शुद्धिका लागि यस दिन विशेष किसिमले नियमपूर्वक एवं मन्त्रपूर्वक स्नान गर्नु पर्दछ। जनैपूर्णिमाको दिन स्नान गर्दा पूर्वज ऋषिमुनि, देवता, पितृ, पशुपन्छी, जलचर, थलचर आदि विशेषलाई सम्झी कुश, गोबर, दुबो, अपामार्ग आदि आफ्नो शरीरमा स्पर्श गर्दै सप्तमृत्तिका लगाएर आआफ्नो शरीरको पाउदेखि खुट्टासम्म मार्जन गरी अन्त्यमा देह स्नान गरिन्छ र ऋषिहरूलाई तर्पण पनि दिइन्छ।

तर्पण दिइँदा वंशप्रवर्तक, गोत्रप्रवर्तक ऋषिहरूलाई तर्पण दिई पानी चढाइन्छ। यसपछि मात्र स्नान कार्य पूरा भएको मानिन्छ। यसरी सामूहिक रूपले नुहाउने कार्य पूरा भएपछि र सप्तर्षिलाई तर्पण दिइसकेपछि जनै र डोरोलाई मन्त्रने काम गरिन्छ। एउटा ठूलो भाँडोमा जनैको झुप्पो राखेर कुशका सप्तर्षिको प्रतीक बनाई रुद्राभिषेक पद्धतिबाट गुरु पुरोहितद्वारा नयाँ जनै र डोरो (रक्षासूत्र) लाई बेसार या केशरमा रङ्गाई मन्त्र पढ्दै विधिपूर्वक मन्त्रिइन्छ। हवन कार्य आदिद्वारा मन्त्रिएको जनैलाई यज्ञोपवित (यज्ञसूत्र) भनिन्छ। यसरी मन्त्रिएको रक्षासूत्र गुरु पुरोहित, ब्राह्मण या ज्वाइँहरूद्वारा मन्त्रपूर्वक लगाइन्छ। जनै लगाउँदा निम्न मन्त्र पढ्दै जनै लगाइन्छः 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबलः।

तेन त्वां प्रतिबध्नामी रक्षे मा चल मा चल ॥'

अर्थात् भगवान् वामन अवतार रूपि विष्णुले दानवराज बलिराजालाई उनको सुरक्षाका लागि जुन बन्धनले बाँधेका थिए त्यही बन्धनले तपाईंको हातमा पनि बाँधिदिएको छु, तपाईंको रक्षा होस्।

मन्त्रिएको जनै धारण गर्नेबित्तिकै गत वर्ष लगाइएको पुरानो जनै पनि शरीरबाट झिकी यसलाई चुँडालेर मन्त्रपूर्वक चोखो ठाउँ (तुलसीको मठ) मा सेलाइन्छ। यसरी विधिपूर्वक मन्त्रिएको नयाँ जनै र डोरो लगाउनाले वर्षभरि आइपर्ने रोगव्याधि, आपत्‌विपत् हानिनोक्सानी, भूतप्रेत आदि पनि नहुने तथा आफू र आफ्नो परिवारको समेत रक्षा हुने विश्वास गरिन्छ।

विधिविधानपूर्वक निर्माण गरी मन्त्रिएको डोरो धारण गर्दा यसले दीर्घायु, सद्‌बुद्धि, ओज एवं बलसमेत

प्रदान गर्दछ भनी शास्त्रमा उल्लेख भएको छ। यससँग सम्बन्धित कथा पुराणमा पनि पाइन्छन्। एक पटक देवराज इन्द्र र असुरहरूबीच भएको युद्धमा असुरशक्ति प्रबल बनी देवगणलाई दबाउन मोर्चा लिई रणयुद्धमा अघि सऱ्यो। देवगणहरूले आफ्नै शक्तिले भ्याएसम्म यसको सामना त गरे तर लामो समयसम्मको युद्धमा देवगणले असुरशक्तिमाथि विजय हासिल गर्न सकेनन्।

यस घटनापछि इन्द्रले आफ्ना गुरु बृहस्पतिलाई कुनै उपाय अपनाउन सकिन्छ कि भनी निवेदन गरे। त्यो दिन श्रावण शुक्ल चतुर्दशीको दिन थियो। गुरु बृहस्पति पनि पूर्णिमाको दिन बिहानै सुरक्षाका लागि रक्षाविधान (रक्षासूत्र) तयार गरी इन्द्रको हातमा बाँध्न पुगे। त्यस बेलादेखि सुरक्षित रहनका लागि गुरु एवं पुरोहितहरूको हातबाट

डोरो बाँध्ने चलन चल्यो भनिन्छ।

यस दिनलाई क्वाँटी भात खाने पर्वका रूपमा पनि परिभाषित गरिएको छ। विशेष गरी नौ थरीका द्विदलीय गेडागुडीको सम्मिश्रण जस्तै केराउ, चना, मुगी, मास, सिमी, भटमास आदिलाई भिजाएर टुसा उमारी मरमसला हाली पकाई क्वाँटीको रूपमा खाइन्छ। क्वाँटी र यसको रस खाँदा पहिले देवीदेवतालाई चढाई त्यसपछि सपरिवार सँगै बसेर रमाइलो गरी खाने गरिन्छ।

क्वाँटी खानाले पेटसम्बन्धी विभिन्न रोग निको हुनुका साथै शरीरमा चिसोबाट भएको गडबडी एवं वर्षाको पानीबाट भएको अस्वस्थता निको हुन्छ भनेर धर्मग्रन्थमा पनि उल्लेख भएको पाइन्छ। यस पूर्णिमालाई 'क्वाँटी पुन्ही' पनि भन्ने चलन छ। खेतीपाती गर्ने कृषकवर्ग यो दिनलाई ज्यादै महत्त्वका रूपमा मान्दछन्। किसानले भ्यागुताको पूजासमेत गर्दछन्।

भ्यागुताले राति टर् टर् गरेर सामूहिक रूपमा आवाज निकाल्न थालेपछि स्वर्गका देवता इन्द्रले पानी पार्न थाल्छन् भन्ने विश्वास गरी भ्यागुताको पूजा गर्ने चलन चलेको हो। साथै कुनै समयअगाडि नेपाल उपत्यका प्रवेश गरेर नरसंहार गर्न खोज्ने घण्टासुर भन्ने राक्षसलाई भ्यागुताले हिलोको दलदलमा पारी फसाएको थियो र नगरवासीले मौकाको फाइदा लिई नर्कटले पिटी त्यस राक्षसलाई मारेका थिए भन्ने विश्वास गरिन्छ।

यसरी उक्त राक्षसलाई मार्नमा सहयोग पुऱ्याएको भ्यागुताको सो गुण सम्झी वर्षेपिच्छे पूर्णिमाको दिन त्यसको पूजाआजा गर्ने चलन छ। सो दिन खेतको गरागरातिर मुहाननजिकै गएर बोडीको पातमा क्वाँटीभात र फूल चन्दन राखी भ्यागुतालाई भोजन खुवाउने गरिन्छ। भ्यागुताको पूजाआजापश्चात् चार दिनसम्म खेतको रखवाली यिनले नै गर्छन् भनी किसान खेतमा हेर्न जाँदैनन्। यस दिन नेवार जातिले कागको पनि पूजा गर्छन्। मानिसलाई शुभ अशुभ सबै प्रकारका सूचना दिने कागले पनि यस संसारमा फैलिएका किराफट्याङ्ग्रा खाएर मानिसलाई सहयोग गर्दै आएको उनीहरूको धारणा छ।

जनैपूर्णिमाको दिन दिदीबहिनीले आफ्ना दाजुभाइको दाहिने हातको नाडीमा दीर्घायु र सफलताको कामना गर्दै रङ्गीचङ्गी धागो र फूल जोडिएको रक्षाबन्धन/राखी बाँधेर टीका लगाइदिने चलन पनि छ। दाजुभाइले पनि दिदीबहिनीलाई उपहारसहित दक्षिणा पैसा दिएर दिदीबहिनीको रक्षा गर्ने वचन दिन्छन्।

मानिसलाई शुभ अशुभ सबै प्रकारका सूचना दिने कागले पनि यस संसारमा फैलिएका किराफट्याङ्ग्रा खाएर मानिसलाई सहयोग गर्दै आएको उनीहरूको धारणा छ।

एक शास्त्रीय कथा अनुसार यमदूतले आफ्नी बहिनी यमुनासँग राखी बाँध्ने सन्दर्भमा "जसले यस पवित्रताको राखी बाँध्ने काम गर्दछ ऊ यमदूतको सजाय अथवा भयबाट मुक्त हुन सक्दछ।" यसर्थ रक्षाबन्धन एक धार्मिक उत्सव पनि हो। जसको सम्बन्ध जीवनको श्रेष्ठता एवं निडरतासँग छ।

यसै दिन काठमाडौँको ठँबहिल (विक्रमशील महाविहार) मा विशेष रूपले सजाएर राखिने श्रावण पूर्णिमाको प्रदर्शनीमा महायानी बौद्धमार्गीको सबभन्दा ठूलो दर्शनग्रन्थ 'शतसाहस्रिका प्रज्ञापारमिता' प्रदर्शन गरिन्छ। निलपत्रमा, रञ्जनाक्षरमा, संस्कृत भाषामा लेखिएको यो एक लाख श्लोक भएको धर्मग्रन्थ चार खण्डमा सम्पूर्ण रूपमा सुवर्णाक्षरले

लेखिएको छ। यो अद्वितीय ग्रन्थको दर्शन गर्नका खातिर तिब्बती लामा र तीर्थयात्रीको त्यहाँ घुइँचो लाग्दछ।

एक जनैमा ९६ सुत प्रयोग भएको हुन्छ। नौ गुना र तीन डोरा अनि पाँच ग्रन्थी गरेर यसलाई तयार गरिन्छ। जनैमा प्रयोग गरिने जुन नौ गुणा छ त्यसले शरीरमा विद्यमान नौ द्वारको सङ्केत गर्छ। जनै बनाउँदा पाँच ग्रन्थी अर्थात् पाँच गाँठा पारिन्छन्। यी पाँच गाँठा पञ्चमहायज्ञका प्रतीक हुन्।

जनैका दुई शिखामध्ये एक शिखामा रहेका तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा अर्को शिखाको डोरालाई कर्म, उपासना र ज्ञानका तीन योग मानिन्छ।

शुद्ध जमिनमा उम्रेको कपासलाई सधवा ब्राह्मणीले कातेको धागोको जनै बनाएर जनैपूर्णिमाको दिन वैदिक मन्त्रद्वारा पूजा गरिएको जनै धारण गर्नुपर्ने कुरा शास्त्रमा उल्लेख गरिएको छ।

जनैको नौ सुतमा भिन्न भिन्न नौ देवताको अधिष्ठान गरिएको हुन्छ। जुन यस प्रकार वर्णन गरिएको छ। प्रथम देवता ॐ कारको गुण हो ब्रह्मज्ञान। द्वितीय देवता अग्निदेवको गुण हो तेज। तृतीय देवता अनन्तको गुण हो धैर्य। चतुर्थ देवता चन्द्रदेवको गुण हो शितलता। पञ्चम देवता पितृदेवको गुण हो स्नेहशीलता। षष्ठ देवता प्रजापतिको गुण हो प्रजापालन तत्परता। सप्तम देवता वायुको गुण हो बलयुक्तता। अष्टम देवता सूर्यको गुण हो प्रकाशता। नवम् देवता सर्वदेवताको गुण हो सात्विकता।

यी गुणको प्रतीक मानिने यज्ञोपवितलाई ब्रह्माले सूत्र पैदा गरे। विष्णुले तीन गुणा गरे। शिवजीले गाँठो अर्थात् शिखा पारे। यी त्रिदेवले तयार पारेको यज्ञोपवितलाई सावित्रीले अभिमन्त्रित गरिन्। यस्तो पवित्र यज्ञोपवित पूजा गरेर विधिपूर्वक धारण गर्नाले सम्पूर्ण उक्त गुणले घोषित हुन जान्छ भन्ने विश्वास गरिन्छ।

कुनै पनि धार्मिक कर्म गर्दा र जुठो सूतकबाट जोगिँदा आजकै दिन मन्त्रिएको जनै फेरेर शुद्ध भइन्छ भन्ने भनाइ छ। जनै धारण गर्दा नाभीभन्दा माथि अथवा तल हुनु हुँदैन ठिक्क नाभीसम्म मात्र हुनुपर्छ भन्ने शास्त्रमा मान्यता छ। शुद्ध जमिनमा उम्रेको कपासलाई सधवा ब्राह्मणीले कातेको धागोको जनै बनाएर जनैपूर्णिमाको दिन वैदिक मन्त्रद्वारा पूजा गरिएको जनै धारण गर्नुपर्ने कुरा शास्त्रमा उल्लेख गरिएको छ।

यस दिन काठमाडौँको पशुपति, गोकर्णेश्वर, डोलेश्वर, सन्तानेश्वरलगायत शिवालय तथा उपत्यकाको उत्तरपूर्वी भेगस्थित मणिचूड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गङ्गासागर, जुम्लाको दानसाधु एवं नवलपरासीको त्रिवेणीधामलगायतका ताल, पोखरी र कुण्डमा भक्तजनको मेला लाग्ने गर्दछ। ■

थारूको उत्सव हर्दहवा

■ लक्की चौधरी

हर्दहवा अथवा हर्दहुवा भनेको रोपाइँ सकेर मनाइने एक किसिमको उत्सव हो। हर्दहवा ठेट थारू शब्दमा पर्छ। 'हर' भनेको शरीर बुझिन्छ। 'धुवाइ' भनेको धुनु, सफा गर्नु हो। एक महिनासम्म हिलोमैलो भएर खेतबारीमा रोपाइँको काम सम्पन्न गरेपछि हरधुवाइको काम गरी मनाइने उत्सवलाई नै हर्दहवा भनिन्छ।

हरधुवाइ शब्द बोलीचालीमा अपभ्रंश हुँदै हर्दहवा बनेको हो। नेपाली बृहत् शब्दकोषले हर्दहवा भनेको रोपाइँ सकेको खुसियालीमा थारू समुदायले रमाइलोका साथ गर्ने खानपान भनेको छ।

रोपाइँ सम्पन्न भएको दिन हिलोपानीमा देवर–भाउजू, साली–भेना अर्थात् रोपाहारबीच रमाइलोका लागि हिलोपानीसँग रमाइलो गर्नुलाई पनि हर्दहवा भनिन्छ। थारू समुदायमा एउटा बुझाइ छ, खेत रोप्दारोप्दै

र सम्पन्न गर्ने गाउँका सदस्यले हर्दहवा मनाएर खुसी साटासाट गर्छन् । असारमा सुरु गरेको रोपाइँ प्रायः साउन मसान्तसम्म सम्पन्न हुने गर्छ । हर्दहवा पनि असार र साउन दुवै महिनामा मनाइन्छ ।

हिलो माटोमा महिना दिनसम्म काम गरेपछि गाउँका सदस्यले थकान महसुस गर्छन् । त्यही थकान मेट्न रमाइलो गरी हर्दहवा मनाउने गरिन्छ । हिलोमाटोमा महिना दिनसम्म रोपाइँको काम गर्दा शरीर गलेको हुन्छ । शरीरबाट शक्ति क्षीण भएको हुन्छ । शरीरको शक्ति पुनः जगाउन माछा, मासु र मिठो परिकार खाएर शरीरलाई तागतिलो बनाउने काम हर्दहवाले गर्ने बुझाइ गाउँका अगुवाको छ ।

एकअर्कासँग हर्दहवा जति खेल्यो पछि धान त्यति राम्रो फलेर आउँछ । झमझम पानी परेका बेला धान रोप्दै हिलोपानीसँगै एकअर्कासँग शरीरमा हिलोपानी छ्यापेर रमाइलो गर्नुलाई हर्दहवा खेल्नु भनिन्छ ।

महिना दिनसम्म हिलो माटोमा काम गरेर रोपाइँ सम्पन्न हुने दिन त्यसै पनि कृषकको मन फुरुङ्ङ हुन्छ । त्यही खुसियालीमा रमाइलो गर्ने प्रचलन थारू समुदायको छ । यसरी खेतमै रोपाइँ सकेको दिनमा रमाइलो गर्नुलाई 'सेकौनी' रमाइलो भनिन्छ । यो रमाइलो घरपरिवारका सदस्यबीच मात्र सीमित हुन्छ ।

हर्दहवा भनेको सामूहिक उत्सव हो । गाउँघरका सबै घरपरिवारले रोपाइँ सम्पन्न गरेपछि सामूहिक रूपमा रमाइलो गर्ने काम हर्दहवा मनाउनु हो । उसो त हर्दहवाको तोकिएको तिथिमिति छैन । रोपाइँको काम सम्पन्न भएपछि गाउँमा एक दिन पारेर सामूहिक रूपमा मनाइन्छ । हर्दहवामा सुँगुर या बङ्गुरको मासु अनिवार्य हुन्छ । गाउँघरका सबै घरधुरीलाई पुग्ने गरी बङ्गुरको मासु व्यवस्थापन गरिन्छ ।

बङ्गुर मारी मासु भाग लगाएर खुसियाली मनाइने प्रचलन हर्दहवामा छ । गाउँघरमा रोपाइँको काम चलिरहेको

हर्दहवामा सुँगुर या बङ्गुरको मासुबाहेक माछा, घुँघी या सिपीको परिकार, गँगटा र गेडागुडीको परिकार तयार गरी खुसियाली मनाउने प्रचलन थारू गाउँमा रहेको छ । तागतिलो परिकार खाएर थकित शरीरलाई पुनर्ताजगी ल्याउने काम गर्ने गरिन्छ ।

हर्दहवामा विवाहित चेली, फुपूलाई माइतीमा बोलाएर मिठो मसिनो खुवाउने प्रचलन छ । परिवारका सदस्य, गाउँका सदस्य तथा आफन्तजन सामूहिक रूपमा खानपिन गरी रमाइलो गर्ने गर्छन् । हर्दहवामा झुम्रा, धुम्रा, छोक्रा नाच पनि नाचिन्छ । यसरी रमाइलो गर्दा थकित शरीरमा पुनर्ताजगी आउने बुझाइ छ ।

माछा, मासु, घुँघी, गँगटाको परिकारसँगै जाँड, घरेलु रक्सी पिउने र पाहुनालाई पिलाउने गरिन्छ । हर्दहवा मूलतः रोपाइँ सकेको खुसियाली मनाउने प्रचलन भएकाले एकापसमा जमेर रमाइलो गर्ने गरिन्छ । यो कुनै पर्व नभएर रोपाइँ सम्पन्न गरी सामूहिक रूपमा गाउँका सदस्यले खुसी मनाउने बहाना मात्र भएको धनगढी उपमहानगरपालिका–८ का भलमनसा (बरघर) सरोजकुमार चौधरीको भनाइ छ । ■

परमाणु कार्यक्रम इरानलाई गलपासो

■ रामप्रसाद आचार्य

इरानको परमाणु कार्यक्रम शान्तिपूर्ण प्रयोजनका लागि भनिँदै आए पनि त्यसलाई अमेरिका र इजरायलले विश्वास नगरेपछि इरानसँग १२ दिने युद्ध भयो । इजरायल र इरानबीच युद्ध सुरु भएको १० औँ दिनमा अमेरिकाले इरानका तीन वटा परमाणु केन्द्रमा 'बङ्कर बस्टर' बम प्रहार गर्दै युद्धमा होमियो ।

अमेरिका र इजरायल एकातिर अनि अर्कोतिर इरानबीच जारी युद्ध तत्काल अन्त्य हुने सम्भावना कम बन्दै थियो । आत्मसमर्पण गर्न इरानले मानेको थिएन । अमेरिका युद्धमा होमिएको भोलिपल्ट इरानले जुक्तिबुद्धि लगाएर कतारस्थित अमेरिकी सैन्य अखडामा आक्रमण गऱ्यो । यो आक्रमणबाट अमेरिका फस्कियो । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले एकाएक युद्धविरामको प्रस्ताव गरे । इरान र इजरायल दुवै युद्धविरामका लागि सहमत भएसँगै युद्ध सुरु भएको १२ औँ दिनमा युद्ध अन्त्य भयो ।

मूलतः इरानलाई उसको कथित परमाणु कार्यक्रम गलपासो बन्यो । यही निहुँमा इजरायल र अमेरिकाको संयुक्त आक्रमणले इस्लामिक इरानी

सत्ता नै डगमगाउने अवस्थामा पुग्यो। ४५ वर्षदेखिको इरानी सत्ता परिवर्तन गर्न र इरानको परमाणु कार्यक्रम सदाका लागि बन्द गराउन सके मात्र यो युद्धमा अमेरिका र इजरायलको विजय हुने ठानिएको थियो तर त्यसो भएन। युद्ध फैलिने र अमेरिकी सेना असुरक्षित हुने ठानेर ट्रम्पले युद्धविरामको प्रस्ताव गरे। इरान पनि युद्ध लम्ब्याउने पक्षमा थिएन। युद्धविराम भयो, तत्काललाई ठूलो युद्धको जोखिम टऱ्यो।

छद्म युद्ध गर्दै आएका दुई प्रतिद्वन्द्वी इजरायल र इरान जुन १३ देखि प्रत्यक्ष युद्धमा होमिए। इजरायलले एक्कासि इरानविरुद्ध भीषण आक्रमण गरी उच्च सैन्य नेतृत्व र परमाणु वैज्ञानिकको हत्या गर्नुका साथै परमाणु केन्द्रमा क्षति पुऱ्याएसँगै इरान प्रत्याक्रमणमा उत्रियो। दुवै देशले एकअर्काविरुद्ध आक्रमणलाई तीव्र बनाए। अत्याधुनिक हातहतियार र प्रविधिका हिसाबले इरानभन्दा इजरायल बलियो भएकाले बढी क्षति इरानतर्फ भयो। १२ दिने युद्धमा इरानले सन् १९८० देखि सन् १९८८ सम्म इराकसँगको युद्धमा भएजति क्षति बेहोरेको अनुमान छ।

तैपनि इरानी नेतृत्व आत्मसमर्पण गर्ने पक्षमा थिएन। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई बिनाशर्त आत्मसमर्पण गरी परमाणु कार्यक्रम बन्द गर्न दुई साताको समय दिए पनि हतार गरेर दुई दिनपछि असार ८ गते इरानका तीन वटा परमाणु केन्द्रमा बङ्करभेदी बम प्रहार गर्दै अमेरिका युद्धमा होमियो। उनले इरानलाई आत्मसमर्पण गर्न फेरि पनि चेतावनी दिए। इरानका सर्वोच्च नेता अयोतोल्लाह अली खुमेनीले अमेरिका र इजरायलसामु कहिल्यै पनि आत्मसमर्पण नगर्ने अडान लिए। आफूलाई इजरायलले कुनै पनि बेला मार्न सक्ने सम्भावना बढेपछि उनी बङ्करमा बसे।

चीन र रुसले यस युद्धमा सामेल नहुन अमेरिकालाई आग्रह गर्दागर्दै पनि इजरायलको आग्रहमा अमेरिका युद्धमा सामेल भयो। महाशक्तिशाली अमेरिका र इजरायलसँग इरानले युद्ध लम्ब्याउनु भनेकै आफूलाई हदैसम्म कमजोर बनाउनु थियो। युद्धबाटै छिनोफानो गर्ने पक्षमा इजरायल र अमेरिका थिए।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुका अनुसार इरानको विवादास्पद परमाणु कार्यक्रम नै इजरायलको सुरक्षामा मुख्य चुनौती छ। यो कार्यक्रम

अमेरिकामा बनेका अत्याधुनिक लडाकु जेटहरू प्रयोग गरिरहेको इजरायललाई आफ्नो आकाशमा रोक्न सक्ने सामर्थ्य इरानसँग नभएको प्रतीत हुन्छ । इजरायलले जहाँ मन लाग्यो त्यहीं प्रहार गर्‍यो । रातमा मात्रै नभएर दिनकै उज्यालोमा पनि बम प्रहार गरेको थियो ।

समाप्त नगरेसम्म इजरायल सुरक्षित नहुने उनको भनाइ छ। इरानको परमाणु कार्यक्रम शान्तिपूर्ण प्रयोजनका लागि भनिए पनि अन्ततः परमाणु हतियार बनाउने उद्देश्य त्यसमा निहित रहेको दाबी इजरायल र पश्चिमा देशहरूको छ। इजरायल इरानका परमाणु केन्द्रहरू नष्ट गर्नका लागि आक्रमण गरिएको कुरामा अडिग छ। क्यानडामा सम्पन्न जी-सातको शिखर सम्मेलनले पनि इरानका कारण मध्यपूर्व असुरक्षित भएको दाबी गर्दै इजरायलले सुरु गरेको सैन्य कारबाहीप्रति समर्थन जनाएको थियो ।

गत अक्टोबरको आक्रमणमा इजरायलले इरानका धेरै हवाई सुरक्षा प्रणाली ध्वस्त पारेको थियो। अहिले पनि पहिलो हमला इरानको हवाई सुरक्षा प्रणालीमै गरिएको छ। अमेरिकामा बनेका अत्याधुनिक लडाकु जेटहरू प्रयोग गरिरहेको इजरायललाई आफ्नो आकाशमा रोक्न सक्ने सामर्थ्य इरानसँग नभएको प्रतीत हुन्छ। इजरायलले जहाँ मन लाग्यो त्यहीं प्रहार गर्‍यो। रातमा मात्रे नभएर दिनकै उज्यालोमा पनि बम प्रहार गरेको थियो।

इजरायलले पहिलो दिनमै इरानी सेनाको चेन-अफ-कमान्ड तोड्न इरानी सेना प्रमुख, उपप्रमुख, इस्लामिक रिभोलुसनरी गार्ड कोरका (आइआरजिसी) प्रमुखलगायत वरिष्ठ जनरलहरूको हत्या गरेको थियो। तिनको ठाउँमा नयाँ नियुक्त भएका जनरलहरूको पनि हत्या गरिरहेको छ। त्यस्तै इरानको परमाणु कार्यक्रममा संलग्न धेरै वैज्ञानिक र विज्ञको समेत हत्या गरिएको छ।

उता इरानले प्रहार गरेका धेरैजसो क्षेप्यास्त्रलाई इजरायली हवाई सुरक्षा प्रणालीले खसालेर ठूलो जनधनको क्षति रोकेको छ। केही क्षेप्यास्त्र खसाल्न नसके पनि इजरायलमा लगभग सबै जनताका लागि लुक्न मिल्ने निजी र सार्वजनिक बङ्कर बनाइएको छ। जसले गर्दा त्यहाँ धेरै ठूलो मानवीय क्षति भएन।

विगत दुई महिनादेखि अमेरिका र इरानबीच विभिन्न चरणमा वार्ता भइरहेको थियो तर इजरायलले एक्कासि आक्रमण गरेसँगै वार्ता पनि भाँडियो। इरानी नेतृत्वले आत्मसमर्पण नगर्ने जिकिर गरे पनि बाह्य सहयोगबिना एक्लै युद्ध लम्ब्याइरहन सक्ने अवस्था भने कमजोर थियो। उसलाई सहयोग गर्ने हमास, हुथी र हेजबुल्लाह जस्ता विद्रोही समूहलाई इजरायलले तहसनहस पारिदिएको छ। यस्तो अवस्थामा लामो समय युद्ध लम्ब्याउनु इरानको हितमा थिएन।

गत डिसेम्बरमा सिरियामा बसर अल-असदको सत्ता ढलेपछि मध्यपूर्वमा आफ्नो प्रभाव भएको अर्को देशमा पनि

इरानले लामो समयदेखि सञ्चालित आफ्नो परमाणु कार्यक्रम परमाणु हतियार बनाउन नभएर शान्तिपूर्ण उद्देश्यका लागि हो भन्दै आएको छ तर इजरायल, अमेरिकालगायत पश्चिमा राष्ट्र इरानको यस कुरामा विश्वस्त छैनन्। इरानले परमाणु हतियार नै बनाउन खोजेको भन्दै त्यसलाई रोक्ने कोसिस उनीहरूले गर्दै आएका छन्।

इरानले परमाणु हतियार बनाउन थालेको भरपर्दो प्रमाण भएको इजरायलको दाबी छ। इरानलाई हराउने मात्र होइन उसको परमाणु कार्यक्रम सदाका लागि समाप्त पार्ने र सत्ता परिवर्तन गराई उदारवादीको हातमा सत्ता सुम्पनेसम्मको तयारी इजरायलले गरेको अनुमान लगाउन सकिन्छ।

इरानले परमाणु हतियार बनाए आफूमाथि आक्रमण गर्ने वा अतिवादीलाई त्यस्ता हतियार उपलब्ध गराएर ठूलो खतरा उत्पन्न गर्ने ठम्याइ इजरायलको छ। अहिले कमजोर भएको बेलामा कडा सर्त माने पनि विस्तारै शक्ति सञ्चय गरेर इरानले फेरि परमाणु हतियार विकास कार्यक्रम अघि बढाउँछ भन्ने डर इजरायललाई छ। त्यसैले भरसक युद्धबाटै इरानका परमाणु केन्द्रहरू ध्वस्त पार्न र सदाका लागि परमाणु हतियार विकास कार्यक्रम रोक्नुपर्ने मान्यतामा रहेका इजरायलका प्रधानमन्त्री नेतन्याहुले त्यसका लागि अमेरिकालाई मनाएको विश्वास गर्न सकिन्छ।

सत्ता परिवर्तन नहोस् भनेर रुसले यो युद्ध रोक्न लगातार ट्रम्प सरकारसँग पहल गरेको थियो । तथापि युक्रेनसित तीन वर्षदेखि युद्ध गरिरहेको रुस पनि इरानलाई आवश्यक सहयोग गर्न सक्ने अवस्थामा छैन। यस्तो अवस्थामा इरानलाई ठूलो बाह्य सहयोग मिलिहाल्ने सम्भावना कम देखिन्छ। अर्कोतिर इजरायलले इरानका कुनै पनि नेतालाई आक्रमणको निसाना बनाउन सक्ने क्षमता राख्छ।

मानिसभन्दा भेडा बढी भएको देश

न्युजिल्यान्डको जनसङ्ख्या ५३ लाख छ तर त्यहाँ दुई करोड ३६ लाख भेडा छन्। यस हिसाबले प्रत्येक न्युजिल्यान्डवासीका भागमा ४.५ वटा भेडा पर्छन्। सन् १९८२ मा प्रतिव्यक्तिका भागमा २२ वटा भेडा पर्थे। त्यसबेला मासु र ऊनका लागि भेडापालन गरिन्थ्यो तथा त्यो न्युजिल्यान्डको सबैभन्दा ठूलो आम्दानीको स्रोत थियो।

अब सिन्थेटिक फाइबरतर्फ विश्वव्यापी झुकावले ऊनको मूल्यमा आएको कमीले किसानलाई आफ्नो जमिनमा के गर्ने भन्ने सोच्न बाध्य पारेको छ।

क्षेत्रफलका हिसाबले न्युजिल्यान्ड लगभग बेलायत समान छ तर यसको जनसङ्ख्या बेलायतको भन्दा १३ गुणा कम छ। यस कारण यहाँ भेडाका लागि प्रशस्त ठाउँ छ।

१५० वर्षसम्म भेडापालन उद्योग न्युजिल्यान्डको अर्थतन्त्रको मेरुदण्ड थियो। सन् १९८२ मा भेडापालन चरम विन्दुमा पुगेको थियो।

गत अप्रिलमा सुरु गरिएको नयाँ सरकारी खरिद

इजरायल एक्लैले इरानका सबै परमाणु केन्द्रहरू नष्ट गर्न नसक्ने भएकाले युद्धमा अमेरिकालाई इजरायलले सहभागी गराउन चाह्यो र अमेरिका आफ्नै किसिमले सहभागी भयो पनि ।

अमेरिका युद्धमा होमिएको दुई दिनमै युद्धविराम भयो । युद्धविरामसँगै मध्यपूर्व ठूलो युद्धबाट जोगियो । ■

विश्वकै पहिलो मेडिकल ड्रोन

चीनले आपत्कालीन अवस्थामा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन विश्वको पहिलो अत्याधुनिक मेडिकल ड्रोन विकास गरेको छ ।

यो विशेष ड्रोनमा रिमोट भिडियो निगरानी जस्ता अत्यावश्यक स्वास्थ्य सेवासम्बन्धी उपकरण जडान गरिएका छन् । यो ड्रोन अति चिसो तापक्रम तथा पाँच हजार मिटरको उचाइसम्मका कठिन भूगोलमा समेत प्रभावकारी रूपमा खोज तथा उद्धार कार्य गर्नमा खट्न सक्षम छ ।

यस ड्रोनको तौल छ सय किलोग्राम छ र यसले तीन सय किलोग्रामसम्मको भार बोक्न सक्छ । यसमा स्वचालित उडान प्रणालीका साथै टाढाबाट नियन्त्रण गर्ने सुविधा पनि रहेको छ । यसले गर्दा विपत् वा महामारीका बेला छिटो र प्रभावकारी रूपमा उद्धार कार्य सञ्चालन गर्न सकिने छ । ■

निर्देशिकामा नयाँ निर्माण वा पुनर्निर्माण गरिएका सार्वजनिक भवनमा न्युजिल्यान्डको ऊनबाट उत्पादन गरिएका कार्पेट र इन्सुलेसन आदि प्रयोग गर्न भनिएको छ । ■

महिनाको खेलाडी

अदिश खड्का (तेक्वान्दो खेलाडी)

सानो उमेरमा प्रतिभा पहिचान गरेर उचित प्रशिक्षण, मार्गदर्शन पायो भने खेलाडीले ठूलो सफलता हासिल गर्न सक्छ। यही सोचाइबाट अभिप्रेरित भएर नेपालका तेक्वान्दोकर्मी अशोक खड्काले छोरा अदिश खड्कालाई सानै उमेरमै तेक्वान्दो सिकाउन थालेको फल प्राप्त हुन थालेको छ।



१७ वर्षीय अदिशले गत वैशाख महिनामा नेपालबाहिरका दुई प्रतिष्ठित तेक्वान्दो प्रतियोगितामा पदक प्राप्त गरे। अदिशले अस्ट्रेलियामा भएको २०२५ गोल्डकोस्ट ओपन अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक जितेर आफूलाई नेपाली तेक्वान्दोमा एक परिचित नाम बनाए। १७ वर्षमुनि इन्डिभिजुयल पुम्सेमा कुल ६.२३ अङ्क प्राप्त गरी अदिश च्याम्पियन बनेका थिए। त्यसपछि उनले जापानको ओसाका शहरमा भएको प्रतिष्ठित प्रतियोगिता जापान वाटा ओपन अन्तर्राष्ट्रिय तेक्वान्दोको सोही विधामा रजत पदक जिते। एक महिनामा दुई अन्तर्राष्ट्रिय पदक जितेपछि नेपाली तेक्वान्दो वृत्तमा अदिशको चर्चा भइरहेको छ। नामी इन्टरनेसनलमा ११ कक्षामा अध्ययनरत अदिश तेक्वान्दोमा तेस्रो डान प्राप्त खेलाडी हुन्।

अदिश आफ्ना बुवाबाटै प्रेरित भएर तेक्वान्दोमा लागेका हुन्। अशोक पूर्वतेक्वान्दो खेलाडी तथा हाल अन्तर्राष्ट्रिय प्रशिक्षक र रेफ्रीको जिम्मेवारीमा छन्। सानो छँदा बाबाले ट्युबलाइट फुटाउने, इँटा फुटाउने जस्ता स्टन्ट गरिरहने र त्यसबाट आफू निकै प्रभावित भएको भनाइ अदिशको छ। अशोकले छोरा सात वर्षको छँदा आफूले सञ्चालन गरिरहेको नेप्लिज तेक्वान्दो एकेडेमीमा उनलाई भर्ना गरिदिएका थिए। त्यसपछि त इन्टर डोजाङ प्रतियोगितामा उनले धेरै खेल खेले र जिते पनि।

तेक्वान्दोमा अदिश अहिले सुरुको अवस्थामै छन्। यसबीच अदिशको खेल जीवन सलल बगेको छ भन्न पनि मिल्दैन। नेपालको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय पदक दिलाउने सपना देखिरहेका बेला अदिश करिब दुई वर्षअघि नराम्ररी घाइते पनि भए। क्रिकेट खेल्ने क्रममा बल लिन जाँदा अदिश छतबाट खसेका थिए। सो घटनामा घाइते भएका अदिशको शल्यक्रिया नै गर्नु पर्‍यो। करिब १० महिना त बेड रेस्टमै रहे। यद्यपि सो घटनाले अदिशलाई मानसिक रूपमा कमजोर होइन झन् बलियो बनायो।

दुरुस्त भएपछि अदिशले बिहान र बेलुका दुई समय कडा प्रशिक्षण गर्न थाले। एसइईपछि तेक्वान्दोमा अझ गम्भीर भएर लागे। फलस्वरूप उनले जापान र अस्ट्रेलियामा पदक जित्नुअघि थाइल्यान्डमा १५-१७ वर्ष पुम्से क्याडेटमा स्वर्ण पदक जितिसकेका थिए। जापान र अस्ट्रेलियामा खेल्नुअघि बुवा अशोकले अदिशलाई छुट्टै प्रशिक्षकको व्यवस्था गरेर व्यक्तिगत रूपमै राम्रो तयारी गराएका थिए।

अदिश आफ्नो अन्तर्राष्ट्रिय खेल जीवनको सुरुवातमै लगातार पदक जित्न सफल भएपछि निकै उत्साहित छन्। अदिशको बलियो पक्ष किक र सन्तुलन हो। अदिशलाई पुम्सेमा चाहिने यी दुई पक्षमा अलि राम्रो भएकाले पनि जापान र अस्ट्रेलियामा आफू पदक जित्न सकेको जस्तो लाग्छ। यसै गरी उनी सफलताको कारण मेहनत पनि मान्छन्।

कागेश्वरी मनोहरा-२, आलापोटका

बासिन्दा अदिश खेलाडीका लागि अनुभव पनि निकै मत्त्वपूर्ण हुने अनुभव आफूले गरेको बताउँछन् । "जापानमा प्रतियोगिता कठिन नै थियो । हङकङका खेलाडीसँग पछाडि परेँ तर त्यहाँ पनि स्वर्ण पदक जित्न सक्थेँ । मेरो पहिलो ठूलो अन्तर्राष्ट्रिय प्रतियोगिता थियो । त्यसैले म नर्भस भएँ । जापानमा खेलेपछि भने मेरो मनोबल निकै फरक भयो । त्यसैले अस्ट्रेलियामा उच्च मनोबलका साथ खेलेँ । त्यसले पनि अस्ट्रेलिया गोल्डकोस्टमा स्वर्ण पदक जित्न सफल भएँ ।"

नेपाली तेक्वान्दोको दक्षिण एसिया, एसियाली खेलकुद मात्र होइन ओलम्पिकमा पनि राम्रो छाप छ । त्यसैले अदिश घरपरिवारको उचित साथ र मार्गदर्शन भएकाले आफूले अझ धेरै मेहनत गरेमा त्यहाँसम्म पुग्ने सपना देख्छन् । अदिश अब पुम्से मात्र होइन ग्यारोगीमा पनि आफूलाई अब्बल बनाउने प्रयास गरिरहेका छन् । ▪

–प्रजित शाक्य

महिला फुटबलमा

साम्बा युग

नेपाली महिला फुटबललाई लामो यात्रामा लैजान वाइल्डले अहिलेसम्म कुनै पनि उमेर समूह वा टिममा रहेर कप्तानी नसमालेकी साम्बालाई नै रोजे ।

■ सोमराज पोखरेल

कठिन सङ्घर्ष गर्दै नेपाली राष्ट्रिय महिला फुटबल टिम अगाडि बढिरहेको छ । नेपालले आफ्नो सयौँ खेल खेल्न ३९ वर्ष लगायो । हालका दिनमा नेपाली टिमको प्रदर्शन धेरै नै सुधारिएको र सफलता उन्मुख देखिन्छ ।

उज्बेकिस्तानको तासकन्दमा आफ्नो १०० औँ अन्तर्राष्ट्रिय खेलमा नेपालले स्मरणीय प्रदर्शन गऱ्यो । आफूभन्दा सातौँ स्थान पछाडिको लाओसलाई ९–० ले पराजित गऱ्यो र त्यसपछि श्रीलङ्कालाई त्यस्तै ठूलो अन्तरले हरायो ।

पहिलो पटक नेपालले लाओससँग खेलेकाले नतिजा कस्तो आउँछ भन्नेमा असमन्जस थियो तर नेपालले बेजोड जित हासिल गऱ्यो । 'एएफसी महिला एसिया कप छनोट अन्तर्गत लाओसविरुद्धको खेलमा नेपालका लागि नयाँ कप्तान सावित्री भण्डारी 'साम्बा' ले चार गोल गरिन् । त्यस्तै सरू लिम्बू, अनिता बस्नेत, अनिता केसी र रश्मिकुमारी घिसिङले एक एक गोल गरे ।

तर एसिया कपमा छनोट हुन उज्बेकिस्तानलाई नेपालले हराउन सकेन । निकै नै प्रतिस्पर्धात्मक खेलको नियमित समयमा निर्णय हुन नसकेपछि टाइब्रेकर गराइयो र त्यसमा नेपालले निराश हुनु पऱ्यो ।

नयाँ प्रशिक्षक वाइल्डको मिसन

मुख्य प्रशिक्षक प्याट्रिक डे वाइल्डले नेपाली राष्ट्रिय महिला फुटबल टिम समालेको पनि पहिलो पटक नै हो। उनले टिम समालेपछि खेलेको पहिलो खेल लाओसविरुद्ध नै थियो। त्यसले गर्दा वाइल्डले नेपाली खेलाडीलाई कुन तरिकाले प्रशिक्षण दिन्छन् र कस्तो योजना बनाउँछन् भन्ने चासोको विषय थियो। उनले स्वभावैले आक्रामक खेलका लागि नै खेलाडीलाई छोटो अवधिमा तयार पारेका थिए।

उनी नेपाली खेलाडीका लागि नौला प्रशिक्षक होइनन्। केही समयअघि काठमाडौँमा सम्पन्न नेपाल

एन्जिला तुम्बाप्पो सुब्बा फर्ममै रहेका बेलामा उनले कप्तानबाट हटाए। त्यसभन्दा अचम्मको निर्णय त के भने उनले अहिलेसम्म कुनै पनि तहमा नेतृत्व नगरेकी सावित्रा भण्डारी 'साम्बा' लाई टिमको जिम्मा दिए।

साम्बा युग

महिला टोलीको कप्तानी अहिलेसम्म ११ जनाले समालेका छन्। ११ औँ कप्तान बनिन् साम्बा। सन् १९८६ मा नेपालले पहिलो अन्तर्राष्ट्रिय खेल खेल्दा रमा सिंह कप्तान थिइन्। त्यसपछि कमला हिराचन, मीरा चौधरी, जमुना गुरुङ, चन्द्रा भण्डारी, अनु लामा, सजना रानामगर,

अचम्मको निर्णय त के भने उनले अहिलेसम्म कुनै पनि तहमा नेतृत्व नगरेकी सावित्रा भण्डारी 'साम्बा' लाई टिमको जिम्मा दिए।

सुपर लिग फुटबलमा उनले काठमाडौँ रेजर्स टिमको प्रशिक्षण समालेका थिए। बेल्जियमका प्याट्रिकले यसअघि चीन, अल्जेरिया, सोमालिया र रुवान्डाको टिमलाई प्रशिक्षण दिइसकेका छन्। उनले जेठ २२ गते नेपाली टिमको मुख्य प्रशिक्षकको नियुक्तिपत्र बुझेका भए पनि छोटो समयको अवधिमा खेलाडीको क्षमता पहिचान गरेर उनीहरूलाई सही समयमा सही ठाउँमा उतारेर सफलता हासिल गरे।

उनले टिमको सयौँ खेलमा कप्तान परिवर्तन गरेर धेरैलाई अचम्ममा पारे। विगत छ वर्षदेखि कप्तान रहेकी

रेनुका नगरकोटी, निरू थापा र एन्जिला तुम्बाप्पो सुब्बाले टोलीको नेतृत्व समाले। सन् २०१९ देखि एन्जिलाले कप्तान भएर सबैभन्दा लामो समय कप्तानी समाल्ने खेलाडी बनिन्।

प्रशिक्षक वाइल्ड कप्तान फेर्ने दिशामा अग्रसर रहँदा एन्जिलाबाहेक डेढ दशकदेखि राष्ट्रिय टोलीमा रहेकी पूर्वकप्तान रेनुका नगरकोटी पनि विकल्पमा छँदै थिइन्। एन्जिला स्वयम् पनि राम्रो मेहनती खेलाडी भएकाले टिममा उनको उच्च कदर हुन्थ्यो। विभिन्न क्लब र उमेर समूहमा अनिता बस्नेत, सरू लिम्बू, गोलकिपर अन्जना रानामगर, पूजा राना, प्रीति राईले पनि कप्तानी समालिसकेका छन्।

नेपाली महिला फुटबललाई लामो यात्रामा लैजान वाइल्डले अहिलेसम्म कुनै पनि उमेर समूह वा टिममा रहेर कप्तानी नसमालेकी साम्बालाई नै रोजे। त्यसो त उनी कप्तान नभए पनि सबैको रोजाइकी खेलाडी यसै पनि हुन्। अझ कप्तान भएपछि त महिला फुटबलमा साम्बा युग आएको स्पष्टै भएको छ।

लाओससँग खेल्नुअघि ५८ खेलबाट सर्वाधिक ५७

गोल गरेकी साम्बाको भरमा टिम थियो । 'गोलमेसिन' साम्बाले जति गोल गर्छिन् नेपालको भविष्य त्यसरी कुद्छ भन्नेहरूका लागि साम्बाले साँच्चिकै आफ्नो नामलाई थप उचाइमा लगेकी छन् ।

लाओसविरुद्धको नौ गोलमा चार गोल उनकै नाममा रह्यो । आत्मघाती भएको गोल पनि उनकै प्रहार धान्न नसकेर लाओसकी खेलाडीको खुट्टामा लागेर बल गोलपोस्टमा छिरेको थियो ।

अझ अर्को रमाइलो पक्ष त के भने लाओसपछि श्रीलङ्काविरुद्धको खेल पनि नेपालले ८–० ले जित्यो । त्यो खेलमा पनि साम्बाले ह्याट्रिक गरिन् । अन्तर्राष्ट्रिय फुटबलमा लगातार दोस्रो ह्याट्रिक गर्ने कप्तानमा उनको नाम लेखियो । उनी कप्तान भएर आफ्नो खेललाई कतै पनि खस्किन दिइनन् । अझ झन् बढी आक्रामक र सन्तुलित रहेको पाइयो ।

लमजुङमा छ जना छोराछोरी भएको परिवारमा जन्मेकी साम्बाको बाल्यकाल दाजुहरूसँग मोजाको बल खेलेर बितेको थियो । गाउँमा भलिबल तथा एथलेटिक्स खेले पनि घनपोखरा युवा क्लबले गरेको महिला फुटबल प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरेपछि रेफ्री शुक्र लामाले उनलाई सशस्त्र प्रहरी बल एपिएफमा ल्याएका थिए ।

त्योसँगै उनको स्ट्राइक बेजोडको बन्दै गयो । अहिले साम्बा दक्षिण एसियाको उत्कृष्ट स्ट्राइकरमा पर्छिन् । साम्बा हाल फ्रान्सको शीर्ष डिभिजन लिग फुटबल क्लब एनाभान गेडगाङ्पमा आबद्ध रहेकी छन् ।

नेपालको अहिलेसम्मको यात्रा

नेपाली फुटबलको विगत राम्रो छैन । खासगरी सरकारले नै महिला फुटबललाई चिन्ने प्रयास गरेन । महिलालाई खेल्न नदिनु नै दुर्भाग्य भयो । यसको उदाहरण त तथ्याङ्क नै काफी छ । अन्तर्राष्ट्रिय खेल खेल्न थालेको ३९ वर्ष भए पनि निरन्तर प्रतियोगिता नखेल्दा सय खेल पुर्‍याउन करिब चार दशक लाग्यो ।

नेपालले सन् १९८६ को डिसेम्बर १४ मा एसियन च्याम्पियनसिपमा हङकङविरुद्ध खेल्दै अन्तर्राष्ट्रिय यात्राको सुरुवात गरेको थियो । ९९ खेल खेल्दा महिला टोलीको सफलता दर भने खासै नराम्रो रहेन । नेपालले ४६ मा जित, १६ मा बराबरी र ३७ मा हार बेहोरेको थियो ।

पञ्चायती शासनका कारण हो वा बुद्धि नभएका खेलकुदका योजनाकारका कारण हो महिलाले अवसर नै पाएनन् । पुरुष टिमले सन् १९८२ मा अन्तर्राष्ट्रिय खेल सुरु गरेकोमा सन् २००३ मै सयौँ खेल खेलेको थियो । महिला टिमले पहिलो खेल खेलेपछि दोस्रो खेल्न तीन वर्ष र तेस्रो खेल खेल्न त्यसको एक दशक अर्थात् सन् १९९९ मा मात्र सम्भव भयो । त्यतिबेला नेपालले जापान, थाइल्यान्ड, उज्बेकिस्तान र फिलिपिन्ससँग खेल्न पाएको थियो ।

सातौँ खेल खेल्न नेपालले फेरि ११ वर्ष कुर्नु पर्‍यो । सन् २०१० मा ११ औँ दक्षिण एसियाली खेलकुद (साग) मा महिला टोलीले पुनरागमन गर्‍यो । त्यो नै महिला फुटबलको टर्निङ प्वाइन्ट रह्यो । त्यो वर्ष महिला टोलीले ११ औँ साग र महिला साफ च्याम्पियनसिप पनि खेल्यो । दुवै प्रतियोगिताको फाइनलमा पुगेपछि नेपाली महिला टोलीले सम्भावनाको ढोका खोलेको थियो ।

सन् २०१० पछि भने नेपालले लगातार खेलिरहेको छ । यद्यपि दक्षिण एसियामा बढी सीमित हुने गरेको छ । ११ औँ सागयता १२ अन्तर्राष्ट्रिय प्रतियोगिताको फाइनल खेलिसकेको छ तर उपाधि भने अझै हात परेको छैन ।

खड्का सदस्यसचिव

जीवन नै खेलकुदमा समर्पित गरेका लोकबहादुर खड्का सुदूरपश्चिम प्रदेश राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव नियुक्त भएका छन् । उनलाई प्रदेश सरकारले जेठ २९ गते नियुक्त गरेर असार १ गते शपथ दिलाएको थियो । खड्का पूर्वराष्ट्रिय खेलाडी हुन् । त्यस्तै खेलकुद सङ्घका पदाधिकारीमा अहिले पनि कायमै छन् ।

५२ वर्ष लागेका उनी फुटबल र हकीका राष्ट्रिय खेलाडी पनि हुन् । फुटबलमा निरन्तर १० वर्ष (२०४६ सालदेखि २०५६) सम्म खेल्ने क्रममा उनी उमेर समूहदेखि सिनियर राष्ट्रिय टिममा रहेर खेले । सिनियरमा भने उनले धेरै खेल खेल्न पाएनन् । त्यस्तै उनले २०५३ सालमा भएको राष्ट्रिय खेलकुदमा हकी खेलेका थिए ।

कैलालीका उनले खेलकुद बुझेका छन् । किनकि उनी मात्र हैन उनको परिवार नै खेलकुदमा रहेको छ । उनीपछिको पुस्तासमेत खेलकुदमा लागिरहेको छ । आफ्नो खेलाडी जीवनपछि जिल्लाको फुटबल सङ्घमा रहे ।

त्यस्तै कुस्ती सङ्घमा त उनी जिल्लामा दुई पटक अध्यक्ष भए । साथै केन्द्रीय कोषाध्यक्षसमेत हुन सफल भए । हाल उनी क्रिकेट सङ्घमा छन् । कैलाली जिल्ला क्रिकेट सङ्घका सदस्य उनी केन्द्रीय प्रतिनिधिसमेत हुन् ।

के छ त अबको योजना ?

उनी 'भूतले खाजा खाने समय' मा सदस्यसचिव भए । अर्थात् आफ्नो हातमा कुनै पनि बजेट नभएको समयमा । जुन दिन असार १ गते उनले शपथ लिए त्यही दिन प्रदेश सरकारले बजेट सार्वजनिक गरिरहेको थियो । उनले आफ्नो योजना अनुसार बजेट राख्न लगाउन पाएनन् ।

नेपाली खेलकुदमा सबैभन्दा ठूलो समस्या बजेटकै अभाव हो । बजेट अभावकै कारण होला सुदूरपश्चिमका सबै जिल्लामा खेलकुद प्रशिक्षक छैनन् । कर्मचारीसमेत छैनन् । उनले भने, "बझाङमा ताला लगाएको सुनेको छु । अन्य जिल्लामा खेलकुद छ, कर्मचारी एक/दुई जना छन् । प्रशिक्षक नै हाकिम भएर पनि बसेका छन् । खेलुकदका गतिविधि निरन्तर छैनन् ।"

उनले आफ्नो टिमसमेत पूर्ण नभएकाले तत्काल कुनै काम गरेर अगाडि जान सक्ने अवस्था नरहे पनि प्रशिक्षकहरूसँग बसेर साना साना सकारात्मक सन्देश दिने खालका काममा लाग्ने बताए । उनी पुसको पूरक बजेटमा केही गर्न सक्ने सम्भावना रहेमा पहिलो प्राथमिकता सुदूरपश्चिमको राजधानी धनगढीमा रहेको रङ्गशालालाई स्तरीय बनाउने सोचाइमा छन् ।

उनको कार्यसमिति ११ जनाको छ । उनी मात्र नियुक्त भएका छन् । सदस्य कोही नियुक्त नहुँदा जतिसक्यो छिटो टिम भयो भने काम गर्न पनि सकिने उनको भनाइ छ । ■

सन्दर्भ

समकालीन

कालो सूची

आवश्यकता र असर



नेपालको वित्तीय क्षेत्रमा अहिले कालो सूचीसम्बन्धी व्यवस्था चर्चाको विषय बनेको छ। कुनै पनि व्यक्ति वा संस्था कालो सूचीमा परिसकेपछि उसका बैङ्क खाता फ्रिज हुने, कारोबार गर्न नपाइने, अरू बैङ्कमा समेत खाता खोल्न नपाइने जस्ता परिणाम सतहमा आउँछन्।

■ डा. भागवत आचार्य

उपनिर्देशक, नेपाल राष्ट्र बैङ्क

यति मात्र होइन कुनै पनि व्यक्ति वा संस्था कालो सूचीमा परिसकेपछि उसको व्यक्तिगत मात्र होइन परिवार तथा कुल वंशकै इज्जत जाने र ऋण नतिर्दा जेलसमेत पर्न सक्ने सम्भावना भएकाले वित्तीय कारोबार गर्दा सजग भएर मात्र गर्नुपर्ने हुन्छ।

जुन प्रयोजनका लागि कर्जा लिएको हो त्यही काममा लगानी गरी आयआर्जन गर्ने र बेलैमा बैङ्कको ऋण चुक्ता गरेमा कालो सूचीमा पर्नु पर्दैन। यसो भएमा बैङ्क कर्जा आर्थिक उन्नति प्रगतिको कारक हुन्छ। दुरुपयोग गर्दा त्यही ऋण विपत्तिको प्रस्थानविन्दु हुन पनि सक्छ।

कुनै पनि बैङ्क वा वित्तीय संस्थाबाट कर्जा प्रवाह गर्नुअघि व्यक्ति वा संस्था कालो सूचीमा भए नभएको यकिन गर्नुपर्ने नीतिगत व्यवस्था छ। यदि कुनै पनि व्यक्ति वा संस्था कालो सूचीमा परेको रहेछ भने उसलाई कर्जा प्रवाह गर्न रोक लाग्दछ। कर्जा प्रवाह गर्नुअघि कर्जा विश्लेषणलाई प्रभावकारी बनाउन कर्जासम्बन्धी सूचनाको व्यवस्था र बैङ्किङ प्रयोजनका लागि कालो सूची तयार गर्ने कार्यलाई व्यवस्थित गर्न यो व्यवस्था गरिएको देखिन्छ।

कालो सूची र कर्जा सूचना केन्द्र

कुनै पनि व्यक्ति वा संस्थाले कर्जा नतिर्ने, भुक्तानी

नहुने चेक दिई चेक अनादर गर्ने जस्ता काम गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई कर्जा सूचना केन्द्रले कालो सूचीमा राख्ने नीतिगत व्यवस्था छ। यद्यपि यसको प्रक्रियाको सुरुवात खातावाला बैङ्क तथा वित्तीय संस्थाबाट सुरु हुन्छ। कालो सूचीमा राख्नुपर्ने अवस्था आएमा बैङ्कले कर्जा सूचना केन्द्रलाई लेखी पठाउने र केन्द्रले सो सूचीमा राख्ने गर्दछ।

बैङ्क तथा वित्तीय संस्थाले कर्जा सूचना केन्द्रमा ऋणीको विवरण अनलाइनबाट महिना भुक्तान भएको १५ दिनभित्र पठाउनु पर्दछ। सो विवरण बैङ्क तथा वित्तीय संस्थाले स्वीकृत गरेको सम्पूर्ण कर्जा/सुविधा कर्जा प्रवाह गरेको सात दिनभित्र पठाउनु पर्दछ। यसै गरी ९० दिनभन्दा बढीले भाखा नाघेका सम्पूर्ण कर्जा महिना भुक्तान भएको १५ दिनभित्र पठाउनु पर्छ।

यस्तै ९० दिनभन्दा बढीले भाखा नाघेका कर्जाको विवरण प्रत्येक आर्थिक वर्षको त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र कर्जा चुक्ता नभएसम्म कर्जा सूचना केन्द्रमा पठाउनुपर्ने नीतिगत व्यवस्था छ।

कर्जा सूचना लिनुपर्ने

बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनर्संरचना वा पुनर्तालिकीकरण गर्न ऋणी/ग्राहकका बारेमा केन्द्रबाट अनिवार्य रूपमा कर्जा सूचना लिनुपर्ने हुन्छ तर सुनचाँदी, मुद्दती रसिद र सरकारी सुरक्षणपत्र धितो कर्जा, तीन लाख रुपियाँसम्मको क्रेडिट कार्ड कर्जा र सङ्क्षिप्त प्रक्रिया पूरा गरी विद्युतीय माध्यमबाट स्वीकृत हुने पाँच लाख रुपियाँसम्मको कर्जामा चाहिँ यो व्यवस्था अनिवार्य नहुने व्यवस्था छ।

यसै गरी ग्राहक वा ऋणीलाई कर्जा/सुविधा प्रदान गर्दा केन्द्रबाट कर्जा सूचना लिएपछि अन्य निकायबाट सूचना लिन पर्दैन। व्यक्ति वा संस्थाको कुनै खाता खोल्नुअघि कर्जा सूचना केन्द्रको विवरण अनुसार निक्षेपकर्ता कालो सूचीमा नरहेको यकिन गरेर मात्र खाता खोल्नुपर्ने स्पष्ट व्यवस्था गरिएको छ।

कालो सूचीमा समावेश गर्ने प्रक्रिया

बैङ्क वा वित्तीय संस्थाले १० लाख रुपियाँ वा सोभन्दा बढीको कर्जा रकम कालो सूचीसम्बन्धी व्यवस्था अनुसार कालो सूचीमा राख्न सिफारिस गर्नुपर्ने हुन्छ। यस व्यवस्था अनुसार बैङ्क तथा वित्तीय संस्थाबाट जतिसुकै परिमाणको कर्जा, सापट तथा सुविधा रकम लिई नतिर्ने ऋणीलाई कालो सूचीमा राख्न सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले कर्जा सूचना केन्द्रलाई सिफारिस गर्न बाधा नपुग्ने देखिन्छ।

सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट कालो सूचीमा समावेश गर्न सिफारिस प्राप्त भएपछि सो नामावलीलाई कर्जा सूचना केन्द्रले खाता खोल्दा लिएको पहिचान खुल्ने आधिकारिक कागजात यकिन गरी पाँच दिनभित्र कालो सूचीमा राख्नुपर्ने व्यवस्था छ।

कालो सूचीबाट नाम हट्न सक्छ

कालो सूचीमा समावेश गर्न जस्तै कालो सूचीबाट नाम हटाउन पनि बैङ्क तथा वित्तीय संस्थाले केन्द्रसमक्ष सिफारिस गर्नुपर्ने हुन्छ। यदि भाखा नाघेको कर्जाको साँवा ब्याज चुक्ता गरेमा, चेक अनादर भई कालो सूचीमा समावेश भएको भए उक्त चेकको रकम चेक जारी गरेको व्यक्तिलाई भुक्तान गर्ने व्यवस्था गरेमा कालो सूचीबाट हटाउने प्रक्रिया अघि बढ्छ।

बैङ्क तथा वित्तीय संस्थाले परिस्थितिवश ऋण नतिर्ने ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरेको भए पनि केही समय प्रदान गरेमा ऋणीले प्रयास गरी छोटो अवधिमा ऋण चुक्ता गर्छ भन्ने बैङ्क तथा वित्तीय संस्थालाई लागेमा छ महिनाका लागि कालो सूचीबाट हटाउने व्यवस्था गर्न सकिन्छ तर छ महिनाभित्र ऋण चुक्ता नगरेमा अनिवार्य रूपमा कालो सूचीमा समावेश गर्न केन्द्रलाई सिफारिस गर्नुपर्ने नीतिगत व्यवस्था रहेको छ।

यस प्रकार बैङ्क तथा वित्तीय क्षेत्रमा कालो सूचीसम्बन्धी व्यवस्था पेचिलो बन्दै गएको छ। वित्तीय क्षेत्रमा ऋण नतिर्नुमा दुई पक्ष रहेका छन् : पहिलो नियतवश ऋण नतिर्ने र दोस्रो भवितव्य वा परिस्थितिवश ऋण नतिर्ने।

दोस्रो खाले ऋणीलाई भने बैङ्क तथा वित्तीय संस्था वा सरकारी पक्षबाट विभिन्न सहुलियतको व्यवस्था पनि गरिन्छ। यसैले कालो सूचीमा समावेश हुने अवस्था सबैका लागि अप्रिय अवस्था हो। यस कारण बैङ्क कर्जा बेलैमा चुक्ता गरी ऋणमुक्त हुनु सबैभन्दा बुद्धिमानी ठहर्छ। ■

बेवास्तामा परेको जेरियाट्रिक हेल्थ

प्राडा सुमनराज ताम्राकार

जेरियाट्रिक विधा अन्तर्गत प्रौढ व्यक्तिमा कुनै पनि स्वास्थ्य समस्याको रोकथाम, समयमै निदान (डायग्नोसिस) एवं उपचारको कुरा गरिन्छ । नेपालको हकमा यो विधा नौलो जस्तो लागे पनि विकसित देशमा यो निकै अगाडिदेखि अभ्यासमा रहेको छ ।

कसलाई दीर्घायु हुन मन लाग्दैन र ? तर लामो आयु अर्थात् दीर्घजीवनसँगै विविध खालका स्वास्थ्य समस्या वा रोग पनि जोडिएर आउँछन् । बुढ्यौलीकै कारण कतिपय पृथक् एवं फरक खाले स्वास्थ्य समस्या देखा पर्छन् । यही बुढ्यौली बेलाका स्वास्थ्य समस्याको व्यवस्थापन गरिने चिकित्सा विज्ञानको फरक विधा हो– जेरियाट्रिक ।

जेरियाट्रिकसँग जेरेन्टोलोजी भनिने विषय झुक्किने खालको छ। जेरेन्टोलोजी खासमा एक बहुविधागत अध्ययन हो। यसमा बुढ्यौली प्रक्रियाको बहस गरिन्छ। यसमा मानवीय अङ्गको चोट, रोगव्याधि, वातावरणीय जोखिम एवं व्यवहारजन्य जोखिमका कारण बुढ्यौलीमा देखिने स्वास्थ्य समस्याको कुनै सरोकार छैन।

जेरियाट्रिक विधा अन्तर्गत प्रौढ व्यक्तिमा कुनै पनि स्वास्थ्य समस्याको रोकथाम, समयमै निदान (डायग्नोसिस) एवं उपचारको कुरा गरिन्छ। नेपालको हकमा यो विधा नौलो जस्तो लागे पनि विकसित देशमा यो निकै अगाडिदेखि अभ्यासमा रहेको छ।

विश्व परिवेश

संयुक्त राष्ट्र सङ्घको परिभाषा अनुसार ६० वर्षभन्दा माथिकोलाई प्रौढ मान्ने गरिन्छ। विश्वका मानिसको औसत आयुमा सन् १९९० को ६४.२ वर्षबाट सन् २०१९ मा ७२.६ वर्ष पुगेर वृद्धवृद्धाको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ। सन् २०५० सम्ममा ७७.१ वर्षसम्म पुग्ने अनुमान गरिएको छ।

यसरी विश्वमा सन् २०१५ मै करिब ९० करोडभन्दा बढी मानिस ६० वर्षमाथिका थिए भने यो सङ्ख्यामा सन् २०१५ देखि २०३० सम्ममा ५६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ। युरोप र उत्तरी अमेरिकामै ६० वर्षमाथिका प्रौढको हिस्सा २५ प्रतिशतभन्दा बढी पुगिसकेको छ। विश्वमा २५ वर्षपछि एक अर्ब ३० करोड मानिस बुढ्यौलीमा पुग्ने छ।

उत्तर अफ्रिका, पश्चिमी एसिया र ल्याटिन अमेरिकामा बुढ्यौली जनसङ्ख्याको वृद्धि गति तीव्र छ। अब सय वर्षसम्म बाँच्ने मानिसको सङ्ख्या तीन गुणाले बढ्ने अनुमान गरिएको छ तर पनि यस अवधिमा सामान्यभन्दा अधिक प्रगति भएको देखिएको भए पनि विशेषतः अल्प विकसित देशमा असमानता अझै पनि कायम छन्।

सन् २०३० सम्मको दिगो विकास लक्ष्य अन्तर्गतका २७ शीर्षकमध्ये १२ शीर्षक जेरियाट्रिकसँग जोडिएको छ भने गरिबी निवारण (पहिलो शीर्षक), राम्रो स्वास्थ्य एवं स्वस्थता (तेस्रो शीर्षक), असमानतामा कमी (दशौँ शीर्षक) र दिगो शहर एवं समुदाय (एघारौँ शीर्षक) जेरियाट्रिकसँग प्रत्यक्ष जोडिएको छ। सुखद कुरा यी दिगो विकास लक्ष्य प्राप्त गर्ने

दिशामा नेपालले पनि प्रतिबद्धता जनाएको छ। त्यसो भएर नेपालले जेरियाट्रिकलाई लिएर विगतमा ढिलासुस्ती वा नपुग तयारी गरेको भए पनि अब त्यो छुट छैन।

नेपालको अवस्था

नेपालीको आर्थिक स्तरमा सुधार, खानपानमा सुधार एवं स्वास्थ्य सेवामा पहुँचका कारण नेपालीको सरदर आयु पनि बढ्दो छ। हाल नेपालीको औसत आयु ७० (महिला) र ६७ (पुरुष) वर्ष छ। २०६२ सालमा ल्याइएको ज्येष्ठ नागरिक ऐनले ६० वर्षपछिको उमेर समूहलाई ज्येष्ठ नागरिकका रूपमा परिभाषित गरेको छ। २०६८ र २०७८ को जनगणना अवधिको बीचमा नेपालको पहाडी क्षेत्रमा वृद्धवृद्धाको जनसङ्ख्या उल्लेखनीय वृद्धि भएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन अनुसार नेपालमा बालबालिकाको जन्मदर भने घट्दै गएको छ। २०६८ सालमा नेपालमा ६० वा सोभन्दा बढी उमेर समूहको जनसङ्ख्या ८.१ प्रतिशत थियो तर २०७८ मा यो समूहको जनसङ्ख्या १०.२ प्रतिशत पुग्यो। २०७८ को राष्ट्रिय जनगणनाले नेपालमा बुढ्यौली सूचकाङ्क बढ्दै गएको देखाएको छ। २०७८ को जनगणना अनुसार प्रौढको सङ्ख्या करिब १०.२१ प्रतिशत छ। जुन २०६८ सालको दाँजोमा ३८.२ प्रतिशतले बढी हो।

विक्रम संवत् २१११ सम्ममा नेपाल बुढ्यौली समाजमा रूपान्तरण हुने अनुमान गरिएको छ। तथ्याङ्क अनुसार २०४८ सालदेखि बुढ्यौली उमेर समूह लगभग तीन गुणाले बढेको छ। यसले नेपालको जनसङ्ख्या युवा बहुल अवस्थाबाट वृद्धावस्थामा परिवर्तन हुँदै गएको देखाएको छ। यसरी मुलुकमा एकातिर जन्मदर र मृत्युदर घटिरहेको छ भने अर्कोतिर वैदेशिक रोजगार एवं समुद्रपारतर्फको प्रवासनका कारण नेपालमा जनसङ्ख्या सङ्क्रमणकालतर्फ उन्मुख भइरहेको छ।

२०७८ सालको जनगणना अनुसार कुल वृद्ध जनसङ्ख्यामध्ये ६.९ प्रतिशत अपाङ्गता भएका व्यक्तिको छ। नेपालमा आधाभन्दा बढी वृद्धको मृत्यु नसर्ने रोगहरू (मधुमेह, उच्च रक्तचाप, क्यान्सर) का कारण भएको पाइएको छ। विशेषगरी उमेर बढ्दै जाँदा प्राकृतिक प्रकोपले

वृद्ध व्यक्तिको जनसङ्ख्यालाई ठूलो बनाइरहेको देखिन्छ। यसरी नेपालमा बुढ्यौली जनसङ्ख्या बढ्दै जाँदा यसबाट आश्रित जनसङ्ख्याका लागि अतिरिक्त भार सिर्जना गर्ने देखिएको छ। जसका कारण आवास व्यवस्था, स्वास्थ्य हेरचाह, सामाजिक सुरक्षा र आर्थिक भरणपोषणमा पृथक् चुनौती सिर्जना हुने देखिन्छ। यसैकारण होला नेपालमा ज्येष्ठ नागरिक भत्ताको उमेर ६८ बाट बढाएर ७० वर्ष पुऱ्याइएको छ।

नेपालमा आर्थिक वर्ष २०६१/६२ देखि नेपाल सरकारले ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सुरुवात गरेको थियो। आव २०७०/७१ देखि ५० बेडको अस्पतालमा वृद्धवृद्धाका लागि छुट्टै ओपिडी सेवा र सय बेडयुक्त अस्पतालमा जेरियाट्रिक वार्डको व्यवस्था हुनुपर्ने व्यवस्था गरिएको छ। २०७७ सालमा प्रौढ व्यक्तिका लागि खोलिएको केयर होम र सेन्टरको निर्देशिका तयार गरी २०७८ सालमा आवश्यक परिमार्जन गरिएको छ।

यसैगरी आव २०७९/८० मा एक दशकका लागि (आव २०८७/८८) जेरियाट्रिक स्वास्थ्य सेवा रणनीति ल्याइएको छ। हाल नेपालमा ४८ जिल्लाका ६१ वटा अस्पतालमा जेरियाट्रिक स्वास्थ्य सेवा उपलब्ध हुँदै आएको छ। यसबीच २०८०/८१ सम्ममा दुई सयभन्दा बढी स्वास्थ्य जनशक्ति (चिकित्सक, नर्स एवं पारामेडिक्स) लाई जेरियाट्रिक स्वास्थ्य सेवा तथा हेरचाहसम्बन्धी विशेष तालिम दिइएको छ।

पेडियाट्रिक (बालरोग) जस्तै जेरियाट्रिक पनि भिन्न तरिकाले समाल्नुपर्छ। यस विधामा लाग्ने चिकित्सक, नर्सले विशेष तालिम लिनु पर्दछ। त्यसो त अमेरिका, क्यानडा पाँच वटा 'एम' – माइन्ड, मोबिलिटी, मल्टिकम्प्लेक्सिटी, मेडिकेसन्स र म्याटर्समा फोकस गरेर जेरियाट्रिकमा लाग्ने स्वास्थ्यकर्मीलाई पोख्त बनाई प्रौढको हेरचाह र स्वास्थ्य उपचारमा लगाइन्छ।

बुढ्यौलीमा के कस्ता स्वास्थ्य समस्या आइपर्छ ?

बुढ्यौलीसँगै डिमेन्सिया, अल्जाइमर्स, पिसाब थाम्न नसक्ने, निष्कासन गर्न नसक्ने, धारो नखुल्ने, कट्टु वा पेन्टमै चुहिने तथा रिँगटा लाग्ने, ढल्ने, हाडजोर्नी खिइने र मक्किने, मधुमेह, उच्च रक्तचाप, हृदयाघात, मस्तिष्काघात, कुपोषण, पार्किन्सन, निमोनिया, जोर्नी सुन्निने, जाम हुने, जीर्ण खालको श्वासप्रश्वास समस्या (सिओपिडी), डेलेरियम, निद्रा नलाग्ने समस्या, बहुऔषधि, जीर्ण खालको मिर्गौला समस्या, दृष्टि समस्या, नसासम्बन्धी समस्या, श्रवणशक्ति ह्रास, दाँतको समस्या, पाचन एवं पेटको समस्या, क्यान्सर एवं आत्मविश्वास, आत्मबल, निर्णय क्षमतामा क्षयीकरणलगायतका समस्या निम्तिन सक्छन्।

हाल नेपालका ज्येष्ठ नागरिकमा मुटु एवं रक्तसञ्चार प्रणाली, श्वासप्रश्वास प्रणाली, मेटाबोलिक, हाड तथा मांसपेशी एवं मूत्र प्रणालीसम्बन्धी समस्या बढी पाइएको छ। ■

कण कणमा कला

कलाकारले आफूलाई अनेकौँ कोण, विषय र विम्बमा दर्शकमाझ पोखिरहेका हुन्छन्। माध्यमका रूपमा पनि परम्परागत रूपमा प्रयोग गरिने तेल वा जलरङ होस् वा पेन्सिल, चारकोल, एक्रेलिक आदि कलाकारले आफ्नो रुचि र विषयवस्तु अनुसार प्रयोग गर्न रुचाउँछन्। कलाकार प्रकाश थापा भने बालुवाबाट आफ्नो सृजना कोर्ने गर्दछन्।

कलाकार : प्रकाश थापा (प्रथा)
शीर्षक : बालुवाको गाउँ
माध्यम : क्यान्भासमा बालुवा
आकार : २४ X २४ इन्च
सृजना वर्ष : सन् २०१९

थापा २०६४ सालमा कलाकै कामका लागि दुवई पुगेका थिए। त्यहाँ अरूले पनि विविध रङबाटै कला सृजना गर्थे। दुवईको बालुवामा केही नयाँ गर्न सकिन्छ कि भनेर प्रयोग गर्दै जाँदा उनको यो शैलीको विकास भएको रहेछ। त्यहीं उनले दृश्यचित्रणका साथै मुहारचित्र पनि बालुवाबाटै बनाए। सुरुमा त मान्छेले बालुवाको कला हो भन्दा पत्याएनन्। पछि राम्ररी नियालेपछि बल्ल विश्वास गर्न बाध्य भए।

भरतपुरका प्रथाले नारायणीको बालुवाबाटै ३७ जना साहित्यकारका मुहारचित्र बनाएर गैँडाकोटमा प्रदर्शनी गरिसकेका छन्।

प्रस्तुत चित्र पनि बालुवाबाटै बनाइएको छ। घान्द्रुकको वास्तुकलालाई राम्ररी संरक्षण गरिनु पर्छ भन्ने ध्येयले यो कला सृजना गरिएको रहेछ। बालुवा नै भए पनि कलाकार यसमा दुरान्तर, गहिराइ, छाया र प्रकाशको प्रभावलाई जीवन्त रूपमा देखाउन सक्षम देखिएका छन्। ■

■ केशवराज खनाल


RIPLEY'S Believe It or Not!
सन् १९१३ मा पहिलो पटक क्रसवर्ड पजल आविष्कार गरियो । एक पटक छपाइमा भएको त्रुटिले CROSS–WORD हुनु पहिले यसलाई WORD–CROSS भनिन्थ्यो ।
FUN
CASTAÑO
लेडी गागाका लागि सन् २०१० मा अर्जेन्टिनी गौमासले बनाइएको पोशाकलाई नबिग्रने गरी सुरक्षित पारेर रक एन्ड रोल हल अफ फेममा प्रदर्शनीमा राखिएको छ ।
दोस्रो विश्वयुद्धमा लडेका सय वर्षीय एन्ड्रु बोस्टिन्टो पुरुष वर्गको वर्ल्ड फिजिक कन्टेस्टमा सहभागी हुने विश्वको सर्वाधिक बूढो बडिबिल्डर भएका थिए ।
Distributed by Andrews McMeel for UFS. www.gocomics.com www.ripleys.com © 2025 Ripley Entertainment Inc.

गाउँ फर्कियो चलचित्र

ग्रामीण परिवेशमा बाबुछोराको कथा बुनिएको चलचित्र 'पूर्णबहादुरको सारङ्गी' ले स्वदेशी बक्सअफिसमा ४८ करोडभन्दा बढीको कुल व्यापार गरेर सर्वकालीन ब्लकबस्टर चलचित्रको रेकर्ड नै बनायो ।

■ नेमिष गौतम

गाउँमा के मात्र छैन ? बाटो, विकास, बिजुली, इन्टरनेट र आधुनिकता सबै छ । चलचित्रकर्मीलाई यही प्रश्न सोध्दा उनीहरू थप्छन् 'कथा' र 'चलचित्र' पनि छ । बाटोसँगै विकासले गाउँको मुहार फेरिरहँदा पूर्वदेखि पश्चिम, उत्तरदेखि दक्षिणका नेपाली गाउँमा चलचित्रकर्मीको उपस्थिति पनि यतिबेला बाक्लै छ ।

कुनै समयमा शहरमा छ्यापछ्याप्ती देखिने चलचित्रकर्मी यतिबेला ठीकविपरीत गाउँमा भेटिन्छन् । जोकोहीले गाउँमा चलचित्रकर्मीलाई भेटे भने गाउँमा चलचित्रको काम भइरहेको छ अथवा हुँदै छ भनेर सहजै अनुमान लगाउँछन् ।

नेपाली चलचित्रले सुरुवातदेखि अन्त्यसम्म नै ग्रामीण परिवेश र कथालाई प्राथमिकता दिन थालेको चानचुन डेढ दशक मात्र भएको छ । ११ वर्षअघि रिलिज भएको चलचित्र 'कबड्डी' पछि अधिकांश चलचित्रकर्मीले ग्रामीण कथालाई चलचित्रमा स्थान दिए । 'कबड्डी' शृङ्खला, 'छक्का शन्जा' शृङ्खला, 'जारी', 'भिँगे दाउ', 'नाङ्गो गाउँ', 'पुजार सार्की', 'घरज्वाइँ', 'पूर्णबहादुरको सारङ्गी', 'ऊनको स्वेटर' लगायतका

चलचित्रले गाउँकै कथालाई उठान गर्दै कथा गाउँमै टुङ्ग्याएका छन् ।

ग्रामीण परिवेशमा बाबुछोराको कथा बुनिएको चलचित्र 'पूर्णबहादुरको सारङ्गी' ले स्वदेशी बक्सअफिसमा ४८ करोडभन्दा बढीको कुल व्यापार गरेर सर्वकालीन ब्लकबस्टर चलचित्रको रेकर्ड नै बनायो । यो चलचित्रले प्रदर्शनको सयौँ दिन नै मनाएको थियो । यो चलचित्रको व्यापारको रेकर्डलाई तोड्न कुनै चलचित्रलाई केही वर्ष पर्खनै पर्ने हुन्छ ।

गाउँकै कथा किन ?

नेपाली चलचित्रको कथामा 'अर्ग्यानिक' अथवा 'मौलिकपन' भएन भन्ने चलचित्रकर्मीको गुनासो पुरानै हो । चलचित्रको प्रिमियर, चलचित्रकर्मीको भेला, अन्तर्क्रिया अथवा भेटघाट नै किन नहोस् जहाँ पनि नेपाली चलचित्रको कथा राम्रो भएन भन्ने चर्चा चलिरहन्छ । यो गुनासोलाई मेट्न पछिल्ला दशकमा चलचित्रकर्मीको ध्यान गाउँतिर मोडिएको छ । कथा खोज्न होस् वा लोकेसन रोज्न, गाउँमा उनीहरूको आउजाउ बाक्लिएको छ ।

चलचित्र 'पूर्णबहादुरको सारङ्गी' का कथाकार तथा निर्देशक सरोज पौडेल शहरमा बस्ने ९० प्रतिशत मानिसको पृष्ठभूमि गाउँ नै रहेकाले चलचित्रले गाउँको कथा खोज्ने गरेको बताउँछन् ।

"पहिलेका चलचित्र गाउँबाट सुरु भएर शहरमा टुङ्गिन्थे तर पछिल्ला दशकका चलचित्रको कथा गाउँबाटै सुरु हुन्छन्, गाउँमै सकिन्छन् । जसले गर्दा ती कथाले दर्शकलाई प्रत्यक्ष छुन्छ ।" निर्देशक पौडेल भन्छन्, "गाउँको कथा देखाउँदा दर्शकले आत्मीयता अनुभव गर्छन् । जसको फाइदा चलचित्रको व्यापारमा हुने गर्छ । त्यसकारण पनि चलचित्रकर्मीको ध्यान गाउँतिर नै सोझिएको छ ।"

निर्देशक पौडेल यतिबेला आफ्नै चलचित्र 'कोसेढुङ्गा' को काममा व्यस्त छन् । यो चलचित्रले पनि गाउँकै कथा बोल्छ । चलचित्र 'पूर्णबहादुरको सारङ्गी' अघि 'वेलकम टु हेम्जाकोट' बाट चलचित्र निर्देशन सुरु गरेका पौडेलले यो चलचित्रको कथा पनि गाउँले परिवेशमै बुनेका थिए ।

पाँचथर र इलामको सेरोफेरोमा रहेर निर्माण गरिएको चलचित्र 'ऊनको स्वेटर' यो वर्षको सफल चलचित्रमा गनिन्छ । चलचित्रले असार १४ गते प्रदर्शनको ५१ औँ दिन मनाएको थियो । चलचित्रले हालसम्म झन्डै साढे १२ करोडमाथिको ग्रस कलेक्सन गरिसकेको छ ।

यो चलचित्रका लेखक तथा निर्देशक नवीन चौहान एउटा चलचित्रका लागि गाउँ मात्र नभई त्यहाँभित्र रहेको संस्कार र संस्कृति पनि महत्त्वपूर्ण हुने बताउँछन् । "शहरकेन्द्रित चलचित्रले दर्शकलाई दिक्क बनाइरहँदा गाउँमा बनेका चलचित्रले उनीहरूलाई मुड फ्रेस बनाइदिएको छ । प्रायः नेपाली गाउँमै जन्मिएका छन् । त्यस कारण त्यहाँको कथालाई देखाउँदा दर्शकलाई छुन्छ ।" नवीन भन्छन्, "चलचित्रमा कथा त्यही हो तर २०–२५ वर्षसम्म हुर्केको, घुमेको परिवेशलाई कथात्मक रूपमा प्रस्तुत गर्दा त्यसले दर्शकलाई 'रिफ्लेक्ट' गर्दो रहेछ ।"

नवीनको बुझाइमा शहरमा जन्मिएर हुर्किएका दर्शक पुस्ता कुनै न कुनै रूपमा आफूलाई गाउँसँग नजिक बनाउन चाहन्छन् । त्यो नजिक्याउने माध्यम अहिलेका लागि चलचित्र नै रहेको उनी दाबी गर्छन् ।

एउटा चलचित्रको सफलतामा त्यसको कथा प्रत्यक्ष जोडिन्छ । कथाले नै दर्शकलाई हँसाउँछ, रुवाउँछ, गम्भीर बनाउँछ र आक्रोश दिन्छ । लेखक सामीप्यराज तिमल्सेना झन्डै डेढ दशकभन्दा बढी समयदेखि चलचित्र लेखनमा सक्रिय छन् । चलचित्र समीक्षक समाजका अध्यक्ष तिमल्सेना आममानिसलाई चलचित्र 'कबड्डी' पछि गाउँको सम्झनाले सताउन थालेको देखिएको बताउँछन् ।

"गाउँको बेसमा चलचित्र चाहिँ बनिरहेको हो तर एक दुईवटा चलचित्रको सफलताले चलचित्रकर्मीले यही फर्मुलालाई नै अघि सारेर गाउँको कथामा चलचित्र बनाउने क्रम सुरु भएको छ । त्यसो हुँदाहुँदै गाउँको

कथा छ भन्दैमा हलमा दर्शकको भीड लागेको भन्ने उदाहरण कम छ।"

लेखक तिमल्सेना गाउँतिर चलचित्रकर्मीको ध्यान बढी जानुमा उनीहरूको अनुसन्धानलाई प्रमुख कारक मान्छन्। "चलचित्रकर्मीले दर्शकको रुचि केमा छ भनेर अनुसन्धान गरेर चलचित्र बनाउने हो। अहिलेको हिसाबले जुनजुन चलचित्र सफल भएका छन् तिनको परिवेश गाउँ भएकाले चलचित्रकर्मीलाई मैले पनि त्यही परिवेशमा चलचित्र बनाएँ भने चाहिँ सफल भइन्छ कि भन्ने विश्वास जागेको छ," उनको भनाइ छ

चलचित्र 'पूर्णबहादुरको सारङ्गी' का निर्माता विनोद पौडेल गाउँको कथामा दर्शक झुम्मिनुलाई 'जुन कुराबाट आफू टाढा भइन्छ, त्यसको माया धेरै लाग्ने' अर्थमा बुझ्न आग्रह गर्छन्। "गाउँको चलचित्र हेरिरहँदा दर्शक विगतमा फर्किन्छन्। चलचित्रले कथा भनिरहँदा उनीहरू विगत सम्झेर हाँस्ने, रुने, पछुताउने, गम्भीर बन्ने गर्छन्।" उनी भन्छन्, "अधिकांश युवा विदेश गए, शहर पसे। हलमा चलचित्र हेर्न जाने अधिकांश युवापुस्ता नै हुन्। चलचित्रमा गाउँको कथा देखिएपछि उनीहरूले नै थप दर्शक हलमा तान्न मध्यस्थकर्ताको भूमिका निर्वाह गर्छन्।"

पौडेल सेभेन सिज सिनेमाका सञ्चालक पनि हुन्। सेभेन सिज सिनेमाले नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय बजारमा प्रदर्शनसँगै प्रवर्धन पनि गर्दै आएको छ। उनी विशेषतः विदेशी भूमिका नेपाली गाउँका कथा बढी बिक्ने गरेको स्वीकार्छन्। "विदेशमा बस्ने नेपालीलाई गाउँले परिवेशको चलचित्रले छिट्टै छुन्छ। किनकि उनीहरू घर र आफ्नो देशदेखि टाढा हुन्छन्। विदेशमा चलचित्र देखाउँदा दर्शकले चलचित्रको कथावस्तुमा निकै चासो राख्छन्," पौडेल भन्छन्।

निर्माण भएको चलचित्रलाई थिएटर अथवा हलमा पुर्‍याउने काम वितरकको हुन्छ। हलमा पुगेपछि मात्र दर्शकले चलचित्र हेर्न पाउँछन्। सामान्यतयाः चलचित्र हल वा थिएटरमा प्रदर्शन भएपछि मात्र डिजिटल प्लेटफर्ममा आउने चलन छ। अपवादका रूपमा केही चलचित्रकर्मीले मात्र सिधै डिजिटल प्लेटफर्ममा रिलिज गर्छन्।

लामो समयदेखि चलचित्र वितरणमा सक्रिय रिच इन्टरटेनमेन्टका प्रमुख करण श्रेष्ठ 'क्रेजी' गाउँ र शहरको भन्दा पनि कुन चलचित्रले दर्शकसँग रिलेट गर्छ भन्ने कुरामा भर पर्ने बताउँछन्। "हिजोको समयदेखि नै नेपालीले आफ्नो माटोलाई माया गर्दै आइरहेका छन्। त्यसकारण पनि उनीहरूलाई गाउँको कथाप्रति मोह र लोभ छ।" उनी भन्छन, "सरकारले चलचित्रका लागि स्टुडियो बनाउन सकिरहेको छैन। अझ भनौं राज्यबाट सहयोग नै छैन। सेट लगाएर सुटिङ गर्न सकिन्छ तर त्यो सबै ठाउँमा सम्भव छैन। त्यस कारण प्रकृतिले दिएको स्टुडियो भनेको नेपालका गाउँ नै हुन्। त्यही कुरालाई देखाउन निर्माता चाहन्छन्।

छिटो काम, सस्तो बजेट

चलचित्रकर्मीको अनुभवमा शहरभन्दा गाउँमा चलचित्रको छायाङ्कन गर्न बजेटको हिसाबले केही सस्तो पर्छ। गाउँकै स्थानीय स्रोतसाधन बढी प्रयोग गर्नुपर्ने भएकाले पनि शहरको तुलनामा गाउँमा बजेट निकै कम पर्छ।

लेखक तथा समीक्षक तिमल्सेना सेड्युल र सुटिङका हिसाबले गाउँमा सस्तो हुने बताउँछन्।

उनी गाउँमा चलचित्र निर्माणको क्रम बढ्दा स्थानीयस्तरमा रोजगारीको अवसर हुने गरेको बताउँछन्।

"चलचित्र क्षेत्र एउटा यस्तो क्षेत्र हो जहाँ एउटा चलचित्र निर्माण हुँदा धेरै जनशक्तिले रोजगारी पाउँछन्। किनभने यसको विभाग नै धेरै हुन्छ। गाउँमा सुटिङ हुँदा त्यहाँको स्थानीय स्रोतसाधन पनि प्रयोग हुन्छन्, जसकारण गाउँ लाभान्वित हुन्छ। रिलिजसम्म आइपुग्दा भिन्न भिन्न सरोकारवाला निकाय जोडिनुपर्ने हुँदा अरू मान्छेलाई पनि फाइदा पुग्छ," उनको बुझाइ छ।

निर्माता पौडेल पनि तिमल्सेनाको कुरामा सहमत छन्। उनी भन्छन्, "गाउँमा सुटिङ हुँदा शहरको भन्दा धेरै कम प्रतिशत बजेटमा काम गर्न सकिन्छ। खाने, बस्ने, लोकेसन, स्थानीय स्रोतसाधन पनि सस्तो मूल्यका पाइन्छन्। कलाकारदेखि प्राविधिक सबैजना एउटै लोकेसनमा बस्ने भएकाले पनि काममा जुट्न समय लाग्दैन।"

कहिलेसम्म गाउँको कथा ?

नेपाली चलचित्रको ट्रेन्ड समय समयमा परिवर्तन भइरहन्छ। एकै किसिमका चलचित्र हेरिरहेका दर्शक नयाँ स्वाद अथवा नयाँ परिवेश र कथाका चलचित्र हेर्न रुचाउँछन्।

लेखक तथा समीक्षक तिमल्सेना समयसँगै चलचित्रको ट्रेन्ड परिवर्तन हुने बताउँछन्। उनको भनाइ छ, "दर्शकको रुचि परिवर्तन भइरहन्छ। दर्शकले २०४६ सालदेखि २०५६ सालसम्म राजेश हमालकै अभिनय रहेको कथाका चलचित्र हेरिरहेका थिए तर त्यो गाउँको कथामा हमालले जुन किसिमले अभिनय गरिरहेका थिए, त्योबाट दर्शक भड्किएपछि चलचित्र 'लुट' बाट शहरकेन्द्रित कथामा चलचित्र बन्न सुरु भयो।"

निर्माता विनोद पौडेल गाउँको कथालाई ब्रान्ड बनाउन सकेमा यसले लामो समयसम्म स्थान लिने बताउँछन्। "गाउँ मात्र भनेर भएन त्यहाँको कथालाई हामीले ब्रान्ड बनाउन सक्नु पर्छ। ब्रान्ड बनाएर त्यसलाई बेच्न सकियो भने मात्र स्थायित्व हुन्छ," पौडेल भन्छन्।

वितरक करण हिजोको दिनमा १६ एमएमको नेगेटिभमा गाउँको कथामा चलचित्र बनाएर भुवन केसीलगायतका पुस्ता शहरमा आएको स्मरण गर्छन्।

उनले यसलाई यसरी प्रस्ट्याए, "समय अनुसार चलचित्र क्षेत्र आफैँ परिवर्तन हुँदै गयो। चलचित्र आफैँले आफ्नो आयु कहिलेसम्म भन्ने तय गर्दो रहेछ। हामीले चलचित्रको इतिहासलाई पल्टाएर हेर्ने हो भने चलचित्रले आफैँ पनि कुन बाटोमा कहिलेसम्म जाने भन्ने समय निर्धारण गर्दो रहेछ।" ■

परिणामहरू

अङ्कजाल प्रतियोगिता, साउन-२०८२

नियमहरू :

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन्। ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोऱ्याई भर्नुपर्नेछ।
४. समाधान २०८२ भदौ १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ।
५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ। केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन।
६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

४		७				१		२
		५	७		१	३		
	४		५	३	८		६	
	५						४	
			९	४	२			
	२						३	
७		६				४		५
५		४	२		३	९		८

नाम : ....

ठेगाना : ....

सामान्यज्ञान जेठ अङ्कको उत्तर

समूह क : १. सन् १९६७ २. वीरशमशेर ३. माइकल ज्याक्सन
समूह ख : १. ३१ प्रजाति २. १२ हजार अर्ब डलर ३. चितवन
समूह ग : १. ४६ करोड किलोमिटर २. भूगोलपार्क ३. २०८१ फागुन १२
समूह घ : १. ६९ जना (सर्वाधिक) बच्चा जन्माउने आमा २. आयोडिन ३. मार्को रुबिओ
समूह ङ : १. राम-सेतु २. चौध वटा ३. चेपाङ
समूह च : १. २०६३ सालमा २. मेजरुना वान ३. नौ वटा
समूह छ : १. २९ वर्षको उमेरमा २. डा. गीता त्रिपाठी ३. २००७ मङ्सिर २०

अङ्कजाल जेठ अङ्कको उत्तर

गोला प्रथाद्वारा विजयी

निर्मला भट्टराई, चप्पलकारखाना, काठमाडौँ
हरिबहादुर थापा, पोखरा, कास्की

सही जवाफ पठाउने सहभागी :

रत्न शाक्य, पुल्चोक, ललितपुर, निर्मला श्रेष्ठ, विराटनगर, पदमबहादुर खत्री, धरान, सुनसरी, सिद्धार्थ पासवान, जलेश्वर, महोत्तरी, उमेशकुमार मास्के, विराटनगर, तारा शर्मा अधिकारी, ज्वालादेवी प्रावि, धनकुटा, गौरीश्वर रेग्मी, नयाँ बानेश्वर, काठमाडौँ, खेमराज घिमिरे, बत्तीसपुतली, पदमबहादुर खत्री, धरान, सुनसरी, कृपा घिमिरे, बत्तीसपुतली, शिला श्रेष्ठ, कुलेश्वर, काठमाडौँ, सौरव गिरी, शिवसताक्षी, झापा, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो, काठमाडौँ, सोलार श्रेष्ठ, कुमारीपाटी, ललितपुर, पार्वती श्रेष्ठ, रामेछाप, पञ्चनारायण महर्जन, नगाउँ, कीर्तिपुर, राजकुमार लामा, कालीमाटी, काठमाडौँ, नारायण लघु, भक्तपुर, कविता उप्रेती, जोरपाटी, काठमाडौँ, प्रविना वज्राचार्य, लगन, काठमाडौँ, आलोककुमार तिवारी, वीरगञ्ज, पर्सा, करुणा घिमिरे, बत्तीसपुतली, बुद्धिमान श्रेष्ठ, कुमारीमार्ग, त्रिपुरेश्वर, काठमाडौँ, रामकृष्ण कायस्थ, खौना, भक्तपुर।

जेठ अङ्कको कोठेपद

गोला प्रथाद्वारा विजयी

रामकृष्ण कायस्थ, भक्तपुर
रोजन चालिसे, लालबन्दी, सर्लाही

सही उत्तर मिलाउने अन्य सहभागी

सिद्धार्थ पासवान, जलेश्वर, महोत्तरी, उपासना थापा, सेन्ट जेभियर्स स्कुल, ललितपुर, सरस्वती पाठक, धनकुटा, नवीन थापा, साङ्ग्रिला बैङ्क लि., काठमाडौँ, कल्पना रावल, गेरुवा, बर्दिया, पञ्चनारायण महर्जन, नगाउँ, कीर्तिपुर, उज्ज्वलविलास वज्राचार्य, म्हैपी, नयाँबजार, नारायण लघु, भक्तपुर, शिला श्रेष्ठ, कुलेश्वर, काठमाडौँ, पवनकुमार श्रेष्ठ, नीलवाराही मावि, काठमाडौँ।

सामान्य ज्ञान प्रतियोगिता जेठको परिणाम

	नाम	ठेगाना	प्राप्त अङ्क
विजेता	आलोककुमार तिवारी	वीरगञ्ज, पर्सा	१००
	रत्न शाक्य	पुल्चोक, ललितपुर	१००
	बुद्धिबहादुर दुरा	मध्यनेपाल, लमजुङ	१००
४	मदनमोहनलाल श्रेष्ठ	घट्टेकुलो, काठमाडौँ	१००
५	भावना भण्डारी	वाणगङ्गा, कपिलवस्तु	१००
६	पदमबहादुर खत्री	धरान, सुनसरी	१००
७	उमेश थापा	प्राइम बैङ्क, कमलपोखरी	१००
८	अनिशा शर्मा	दाङ	१००
९	राजकुमार लामा	कालीमाटी, काठमाडौँ	१००
१०	असीम श्रेष्ठ	शंकरदेव क्याम्पस, काठमाडौँ	१००

अङ्कजाल, कोठेपद र सामान्य ज्ञान संयोजक: पुष्पराज जोशी

युवामञ्च कोठेपद प्रतियोगिता, साउन-२०८२

■	१		२	■	३		४	■
५	■	■	६	७		■		■
८		९	■		■	१०		११
	■	१२	१३		■		■	
१४		■		■	१५	■	१६	
	■	१७	■	१८		१९	■	
२०	२१		■		■	२२		
■		■	२३		२४	■	■	
■	२५			■	२६			■

सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८२ भदौ १५ भित्र आइपुग्नुपर्ने छ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्ने छ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन।
४. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिने छ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुने छ।

नाम : ....

ठेगाना : ....

....

ठाडो :

२. कुनै कार्यालय आदिको चौघेरो, परिसर, कम्पाउन्ड
३. एकथरी रङ
४. विष
५. अपरिपक्व, अनुभव नभएको
७. ओरालोको विपरीतार्थक शब्द
९. सङ्घ, संस्थाको प्रतीक चिह्न
१०. एक प्रकारको वनस्पति, रुख
११. आमजनता, साधारण जनता/सामान्य
१३. स्थान, थलो
१५. एकथरी फल
१७. पशुको खुट्टा टेक्ने ठाउँको कडा भाग, टाप
१८. एक जिल्ला
१९. आगोको ताप, आँच
२१. खाएको पचाउने काम, पाचक
२३. जमात, गुट/पार्टी
२४. छोटो, सानो, अल्प

तेर्सो

१. चिन्ताले मनमा हुने जलन, छटपटी
३. लेख्न वा छाप्न प्रयोग हुने वस्तु
६. भात, खोले आदि पकाउने एकथरी भाँडो
८. नुनयुक्त, नुनिलो
१०. एकथरी चरो
१२. गाईवस्तु चराउने व्यक्ति
१४. बोल्ने वा भाषण गर्ने व्यक्ति
१६. नगद, धन, सिक्का
१८. खाना पकाउन/आगो बाल्न प्रयोग हुने हाँगाबिँगा, चिर्पट आदि
२०. सिँचाइका लागि बनाइएको ठूलो कुलो, पैनी
२२. ढुङ्गा, शिला
२३. अरूका घर, जग्गा वा कुनै वस्तुको कारोबार गराई बीचमा फाइदा लिने व्यक्ति, मध्यस्थकर्ता/एजेन्ट
२५. शुभ, कल्याण/नवग्रहमध्ये एक ग्रह
२६. भ्रष्ट, घुसखोर

कोठेपद प्रतियोगिता, जेठ अङ्कको उत्तर

तपाईंको प्रश्न

ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : राजु चौलागाईं
ठेगाना : खोटाङ दिक्तेल
जन्म मिति : २०२९ आश्विन ८ गते आइतबार
जन्म समय : रात्रिगत घटी १३।३५

मेरा वर्तमान समयका ग्रहदशा, सन्तान, दाम्पत्य सुखसम्बन्ध, भाग्य र भविष्यका साथै आगामी समय नयाँ व्यवसाय गर्न के कस्तो देखिन्छ ? कृपया बताइदिनुहोला ।

तपाईंले दिएको घटीपलाका आधारमा जन्मसमय रातको ११ बजेर १५ मिनेट पर्न आउँछ । रेवती नक्षत्र मीन राशि पर्दछ । ग्रह नक्षत्र राम्रा रहेकाले जीवनमा दुःख पर्दैन । भाग्य राम्रै देखिएकाले गरिखाने अवसर प्रशस्त मिल्ने छन् । कुण्डलीमा गजकेशरी योग रहेकाले साहस, पराक्रम, मनोबलका साथै आर्थिक प्रगति राम्रै रहन्छ । राम्रो कार्यक्षमताको ग्रह योगसमेत रहेको छ । कुण्डलीमा माङ्गलिक योग पर्न गएकाले दाम्पत्य सुखसम्बन्धमा यदाकदा विचारमा भिन्नता देखिए पनि ठिकै छ । वर्तमान समयमा साढेसात शनि दशाका कारण ढिलासुस्ती एवं अनावश्यक बाधाअड्चनसमेत आइपरेको देखिन्छ । लेनदेनसम्बन्धी आर्थिक कारोबारका साथै सवारी चलाउँदा विशेष सावधानीसमेत अपनाउनुपर्ने समय रहेको छ । नयाँ व्यवसाय गर्नका लागि समय मध्यम छ, शनिको दशा चलेकाले जोगिएर काम गर्नु पर्ला । शनिको शान्तिका साथै उपयुक्त स्थानमा पिपलको वृक्ष लगाएमा दोष निवारण हुने छ ।

नाम : कुमारीलक्ष्मी जोशी
जन्म स्थान : बैतडी
हालको ठेगाना : बबरमहल, काठमाडौँ
जन्म मिति : २०४६ पुस १२ गते
जन्म समय : बिहान ११:०० बजे

कृपया मेरो सरकारी सेवाको योगको साथै वर्तमान समयका ग्रह दशा र भावी जीवन के कस्तो देखिन्छ ? कृपया उत्तर दिनु भए कृतज्ञ हुने थिएँ ।

तपाईंको मूल नक्षत्रको पहिलो चरणमा पर्न गएकाले धनु राशि पर्दछ । तपाईंमा अजस्र हिम्मत, आँट र मनोबल रहेको देखिन्छ । जन्मकुण्डलीमा मङ्गल कर्मस्थानमा बसेकाले सरकारी जागिरका साथै कर्मसिद्धिको योग छ । वर्तमान समयमा अढैया शनि दशा चलेकाले केही ढिलासुस्ती भने गराउँछ तर जागिर पक्कै हुन्छ । शनिको स्वस्तिशान्तिका साथै पिपलमा शनिबारको दिनमा जल चढाएमा शनि दोष कम भएर जाने छ । कुम्भ लग्नमा जन्म भएकाले जीवन केही सङ्घर्षमय हुने छ । कर्मस्थानको मङ्गलका कारण जीवनमा राम्रो काम गरेर नाम र दाम दुवै कमाउने ग्रहयोगसमेत रहेको छ । भाग्य राम्रै भएकाले भविष्यमा दुःख पर्दैन । विद्याबुद्धिका साथै धनागमका योग रहेका छन् । जीवनमा राम्रै आर्थिक सफलताका साथै पदप्रतिष्ठासमेत प्राप्त हुने ग्रह योग रहेको छ ।

नाम : हिमाल चौलागाईं
जन्म स्थान : निजगढ, बारा
जन्म मिति : २०५८ माघ १५ गते
जन्म समय : बिहान ८:१५ बजे

मेरो यो पुत्रको आयु, आरोग्य, भाग्य, भविष्यका साथै वर्तमान समयका ग्रह दशाका बारेमा जानकारी गराइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

बाबुका जन्मकुण्डलीको ग्रहयोगका आधारमा शारीरिक आरोग्यताका साथै दीर्घायुको योग रहेको छ । शीलस्वभाव, आनीबानी जस्ता चारित्रिक गुण राम्रा रहेका छन् । सज्जन, इमानदार अनि मातापिताका आज्ञाकारीसमेत बनाउने ग्रह योग रहेको छ । वर्तमान समयमा सिद्धाको दशा प्रारम्भ भएकाले गर्न आँटेका काममा सफलता मिल्नुका साथै स्वदेश एवं विदेश दुवैतर्फ चौतर्फी सफलताको समय प्रारम्भ भएको छ । आगामी २७ वर्षपर्यन्त समय अनुकूल रहेकाले पढाइका साथै जागिर र विवाहसमेत गराउने समय देखिन्छ । वर्तमान समयमा चलेको सिद्धादशाका कारण पढाइमा भन्दा मनोरञ्जन तथा प्रेममा भुल्ने समय रहेकाले विचार पुर्‍याउनु पर्ला । भाग्य बलियो लिएर आएकाले समुज्वल भविष्यको योगसमेत रहेको देखिन्छ ।

नाम : सीता नेपाल
ठेगाना : बूढानीलकण्ठ, काठमाडौँ
जन्म मिति : २०५४ चैत १८ गते
जन्म समय : बिहान १०:३६ बजे

कृपया मेरो वर्तमान समयका ग्रह दशाका साथै भाग्य, विदेश योग, विवाह र भविष्यका बारेमा जानकारी गराइदिनुहोला ।

तपाईंको जन्मकुण्डलीको लग्न स्थानमा बसेको शुक्रले शारीरिक आरोग्यताका साथै सुखमय जीवनको सङ्केत गरेको छ । जन्म चर लग्नमा भएकाले स्वदेशमा भन्दा विदेशमा सफलता राम्रो होला । विदेशबाट भाग्योदय हुने देखिन्छ । चिनामा गजकेशरी योग पर्न गएकाले लक्ष्मीको कृपा रहनाले जीवनमा कहिल्यै दुःख दरिद्रता पर्दैन । धनधान्यादि निरन्तर वृद्धि हुँदै जाने देखिन्छ । जागिरका लागि २८ वर्ष उप्रान्तको समय अनुकूल रहेको छ । वर्तमान समयमा आँटेको काममा आकस्मिक विघ्नबाधा आइपर्ने देखिएकाले जागिरका साथै वैदेशिक यात्राका लागि समेत समय त्यति अनुकूल छैन । २८ वर्ष उप्रान्त भाग्योदयको समय रहेको छ ।

२०८२ साल साउन महिनाको राशिफल

◆ ज्यो. हरिप्रसाद पौडेल

मेष आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ। सामान्य शारीरिक अस्वस्थताको सम्भावना देखिन्छ। यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी अपनाउनु पर्ला। अनावश्यक दौडधुप एवं शारीरिक परिश्रम केही बढी नै पर्न जाला। पठनपाठनका साथै धार्मिक एवं बौद्धिक क्रियाकलापमा अभिरुचि बढेर जाने छ । सामान्य विश्वासघातको सम्भावना रहेकाले साथीसङ्गत विचार गर्नु पर्ला। महिनाको पूर्वार्धमा पारिवारिक भेटघाटको अवसर मिल्ने छ। परिवारमा धार्मिक कार्यको आयोजना होला।

वृष उच्च मनोबलका साथ कार्यक्षमतामा उल्लेख्य प्रगति गाराउला। प्रतिस्पर्धामा महत्त्वपूर्ण सफलता प्राप्त हुने देखिन्छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहला। धनागमका अवसर मिल्ने छन्। रमाइलो ठाउँको भ्रमण एवं मनोरञ्जनका अवसर प्राप्त होलान्। आर्थिक लेनदेनसम्बन्धी कारोबारमा सतर्कता अपनाउनु पर्ला। साथीभाइ एवं इष्टमित्रको सहयोग अनुकूल रहला। महिनाको उत्तरार्धमा पारिवारिक भेटघाटका साथै धनागमका अवसर मिल्ने छन् ।

मिथुन शारीरिक आरोग्यता अनुकूल रहला। अनावश्यक खर्चको मात्रा बढेर जाने छ। धार्मिक एवं सामाजिक काममा अभिरुचि लाग्ने छ । पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा सामान्य बाधाअड्चन देखापर्ने छन्। अनावश्यक विवादमा पार्ने योगसमेत रहेकाले बोलीचालीमा विचार पुऱ्याउनु पर्ला। आफन्त एवं साथीको सहयोगले महत्त्वपूर्ण काम बन्ने छ। महिनाको उत्तरार्धमा प्रेम एवं मनोरञ्जनका अवसर मिल्ने छन्। प्रतिस्पर्धामा सफलता मिल्ने छ।

कर्कट गर्न आँटेका काममा अनायासै नसोचेका झमेला एवं बाधाअड्चन देखापर्ने छन्। घरायसी काममा खर्चको मात्रा बढेर जाने छ। सवारी चलाउँदा विशेष सावधानी अपनाउनु पर्ला। कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही ज्यादा पर्न जाने देखिन्छ। व्यर्थको यात्रासमेत गराउला। सामान्य अस्वस्थताको सम्भावना देखिएकाले खानपानमा विचार पुऱ्याउनु पर्ला। परिवारमा धार्मिक कार्यको आयोजना होला। महिनाको उत्तरार्धमा धनागम एवं मनोरञ्जनका अवसर प्राप्त हुने छन्।

सिंह कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्न जाला। घरायसी खर्चको मात्रा बढेर जाला। काममा ढिलासुस्ती एवं अनावश्यक बाधाअड्चनसमेत देखापर्ने छन्। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि लाग्ने छ। परोक्षमा कुरा काट्ने एवं रिस गर्ने देखिने छन्। धार्मिक कार्यका साथै सामाजिक कार्यमा समेत अभिरुचि लाग्ने छ। महिनाको पूर्वार्धमा आकस्मिक यात्राको सम्भावना रहेको छ। उत्तरार्धमा पारिवारिक सुख एवं मनोरञ्जनका अवसर मिल्ने छन्।

कन्या शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ। यस महिनाका ग्रहगोचर अनुकूल रहेकाले सफलताको समय देखिन्छ। उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जाने छ। गर्न आँटेका काम तथा प्रतिस्पर्धामा सफलता मिल्ने योग छ। आर्थिक कारोबारमा सफलता मिल्ने छ। महिनाको पूर्वार्द्धमा पदप्रतिष्ठा एवं मानसम्मान प्राप्त होला। व्यापारी वर्गका लागि धनार्जनका अवसर मिल्ने छन्। पठनपाठनमा अनावश्यक बाधाअड्चन देखापर्ने छन्।

तुला शारीरिक आरोग्यताका साथै मानसिकसमेत प्रसन्नता अनुकूल रहला। मनले सोचेका काम तथा योजनामा सफलता मिल्ने छ। मनोबल उच्च रहनाले कार्यक्षमतामा समेत उल्लेख्य प्रगति भएर जाला। रोकिएका काम क्रमशः बन्दै जाने छन्। आर्थिक क्षेत्रका काममा सन्तोषजनक उपलब्धि हात पर्ला। धार्मिक तथा सामाजिक

काममा समेत सहभागी हुनुपर्ने छ। इष्टमित्रसँगको रमाइलो भेटघाटका साथै मनोरञ्जनका अवसरसमेत मिल्ने छन्। महिनाको उत्तरार्धमा यात्राको सम्भावना रहेको छ।

वृश्चिक कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्न जाला। आर्थिक पक्षका काममा सफलता मिल्ने छ। महिनाको पूर्वार्धमा सामान्य अस्वस्थता देखिए पनि उत्तरार्धमा हटेर जाने छ। रुघाखोकी जस्ता चिसोसम्बन्धी समस्याले सताउने छ। पठनपाठनका साथै प्रतिस्पर्धामा सफलताको सम्भावना देखिन्छ। आफन्त एवं पारिवारिक भेटघाटको अवसर मिल्ने छ। रमाइलो यात्रा एवं मनोरञ्जनका अवसरसमेत मिल्ने छन्। अध्ययन अध्यापनमा सामान्य विघ्नबाधा आइपर्ने छन्।

धनु सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विचार पुऱ्याउनु पर्ला। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको योग रहेको छ। घरायसी खर्चको मात्रा बढेर जाने छ। गर्न आँटेका काममा अनावश्यक बाधाअड्चन एवं ढिलासुस्ती गराउला। लेनदेनसम्बन्धी काम एवं ठूला आर्थिक लगानी नगर्दा नै राम्रो होला। गलत व्यक्तिको सङ्गतमा पर्न सक्ने ग्रह योग रहेकाले मान्छे चिनेर व्यवहार गर्नु पर्ला। महिनाको पूर्वार्धमा काममा विघ्नबाधा देखिए पनि उत्तरार्धमा क्रमशः हटेर जाने छन्।

मकर अनावश्यक दौडधुप एवं परिश्रम केही बढी नै पर्ने देखिन्छ। यात्रामा हानिनोक्सानीको सम्भावना देखिएकाले सावधानी अपनाउनु पर्ला। अनावश्यक खर्च बढेर जाने छ। मनले सोचेका योजना एवं गर्न आँटेका काममा ढिलासुस्ती एवं अनावश्यक बाधाअड्चनसमेत देखापर्ने छन् । सन्तान एवं परिवारको चिन्ताले पिरोल्ने छ। अध्ययन अध्यापनमा ढिलासुस्ती गराउला। महिनाको पूर्वार्धमा काममा बाधाअड्चन एवं विवादको सम्भावना रहे पनि उत्तरार्धमा सफलता एवं मनोरञ्जनका अवसर मिल्ने छन्।

कुम्भ शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता समेत अनुकूल रहला। रोकिएका काम क्रमशः बन्दै जाने छन्। उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य प्रगति होला । परिवारको चिन्ताले मन अस्थिर रहला। भाग्यले राम्रै साथ दिनाले आर्थिक कारोबारमा सफलता मिल्ने छ। कर्मचारी वर्गका लागि मानसम्मानका साथै पदोन्नतिको समेत सम्भावना छ। अध्ययन अध्यापनमा गहिरो अभिरुचि लाग्ने छ। महिनाको उत्तरार्धमा मनोरञ्जन एवं धनागमका अवसर मिल्ने छन्।

मीन मानसिक दुविधा एवं अस्थिरता केही बढेर जाला। सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विशेष विचार पुऱ्याउनु पर्ला। शारीरिक परिश्रम एवं कार्यव्यस्तता बढेर जाने छ। पठनपाठनमा नसोचेका बाधा व्यवधान देखापर्ने छन् । खराब व्यक्तिको सङ्गतले पश्चात्ताप पर्न जाने छ। दम्पतीमा घरायसी विषयलाई लिएर असमझदारी बढेर जान सक्ने देखिन्छ। सन्तान एवं परिवारको चिन्ताले सताउने छ। महिनाको उत्तरार्धमा धनागम एवं मनोरञ्जनका अवसरसमेत मिल्ने छन्।

तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : ....

जन्म स्थान : .... जन्म मिति : ....

जन्म बार : ....

जन्म समय : .... ठेगाना : ....

प्रश्न : ....

....

....

जन्म समय अनिवार्य छ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला। तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुने छ।

सामान्यज्ञान प्रतियोगिता साउन २०८२

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ। यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ। प्रतियोगितामा समावेश प्रत्येक समूहको अङ्क भार फरक छ। सम्बन्धित अङ्क भार समूहको अगाडि उल्लेख गरिएको छ तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङ्क भने फरक–फरक छ। उदाहरणका लागि पहिलो समूहको अङ्क भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन्। ती तिनै प्रश्नको उत्तरमा पाइने अङ्क फरक हुने छ तर समूहको कुल अङ्क भारभन्दा बढी चाहिँ हुने छैन। जस्तो समूह 'क' मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङ्क ३, १ वा २ हुन सक्छ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्ने छ। सही उत्तरमा अङ्क प्राप्त हुने छ। यस प्रकारले अङ्कका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/–, १०००/– र ५००/– पुरस्कार दिइने छ। अङ्क बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइने छ।

अधिकतम अङ्क ल्याउने १० जनाको नामावली प्रकाशित गरिने छ।

प्रश्न

युवामञ्च २०८२ असार अङ्कमा यी प्रश्नको उत्तर खोज्न सकिन्छ।

समूह (क), कुल अङ्क भार– ६

१) कनफट्टा जोगीले कुन जातिको घरमा फेरी लाउँदैनन् ? [१]

२) नेपाली क्रिकेटकी 'पोस्टर गर्ल' भनेर कसलाई चिनिन्छ ? [३]

३) विसं २०८२ वैशाख २९ गते कतिऔँ बुद्ध जयन्ती मनाइयो ? [२]

समूह (ख), कुल अङ्क भार– ८

१) काश्मीरको पहलगाममा भएको आतङ्कवादी हमलापछि भारतले गरेको सैन्य कारबाहीलाई के नाम दिइएको थियो ? [३]

२) जोङ गुफा मुस्ताङको कुन गाउँपालिकामा रहेको छ ? [३]

३) धीरशमशेरले घोडा चढेको सालिक काठमाडौँस्थित टुँडिखेलको कुन दिशामा रहेको छ ? [२]

समूह (ग), कुल अङ्क भार– १२

१) प्रसिद्ध वैद्यनाथधाम कुन जिल्लामा रहेको छ ? [५]

२) नेपालको पहिलो कालोपत्रे सडक कुन हो ? [३]

३) वीर योद्धा भक्ति थापालाई नेपाल सरकारले कहिले राष्ट्रिय विभूति घोषणा गरेको थियो ? [४]

समूह (घ), कुल अङ्क भार–त १४

१) आफूलाई बासे र वीरबलका सन्तान कुन जातिले ठान्छन् ? [७]

२) आधुनिक शारीरिक सुगठनको सूत्रपात कसले गरेका थिए ? [३]

३) वेबसाइट ह्याक र अनलाइन ठगी मुद्दामा पक्राउ पर्नेमध्ये कति प्रतिशत २० वर्षमुनिका छन् ? [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) 'अरेन्ज रिभोलुसन' कुन देशमा भएको थियो ? [६]

२) वर–वधूले वैवाहिक यज्ञमा सात कदममा यज्ञमण्डप परिक्रमा गर्ने कार्यलाई के भनिन्छ ? [६]

३) चीनको ग्रेटवाल कति माइल लामो छ ? [६]

समूह (च), कुल अङ्क भार– २०

१) 'इन्टरनेसनल फेडरेसन अफ बडिबिल्डर्स' स्थापना गर्ने को हुन् ? [६]

२) विश्व बैङ्कको प्रतिवेदन अनुसार सन् २०२४ मा अमेरिकाको प्रतिव्यक्ति आय कति छ ? [६]

३) तोरनह्ल पर्व कुन समुदायले मनाउँछन् ? [८]

समूह (छ), कुल अङ्क भार २२

१) मुक्तिनाथलाई बौद्धहरू कुन रूपमा पूजा गर्छन् ? [८]

२) ऋग्वेदमा आर्य शब्दको अर्थ कति पटक भएको छ ? [६]

३) नौलखा मन्दिर भनेर कुन मन्दिरलाई चिनिन्छ ? [८]

२०८२ जेठ अङ्कको परिणाम पृष्ठ ७४ मा

उत्तर २०८२ भदौ १५ गतेसम्म प्राप्त भइसक्नुपर्ने छ।

२०८२ साल साउनको सामान्यज्ञान

समूह (क), कुल अङ्क भार– ६

१) .... [१]

२) .... [३]

३) .... [२]

समूह (ख), कुल अङ्क भार– ८

१)... [३]

२) .... [३]

३) .... [२]

समूह (ग), कुल अङ्क भार– १२

१) .... [५]

२) .... [३]

३) .... [४]

समूह (घ), कुल अङ्क भार– १४

१) .... [७]

२) .... [३]

३) .... [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) .... [६]

२) .... [६]

३) .... [६]

समूह (च), कुल अङ्क भार– २०

१) .... [६]

२) .... [६]

३) .... [८]

समूह (छ), कुल अङ्क भार २२

१) .... [८]

२) .... [६]

३) .... [८]

नाम : ....

ठेगाना : ....

२०८२ जेठ १ देखि ३१ गतेसम्मका राष्ट्रिय घटना

जेठ १ गते :	टेरामक्स खरिद प्रकरणमा पूर्वसूचना तथा सञ्चारमन्त्री तथा प्रतिनिधि सभाका सदस्य मोहन बस्नेतसहित १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर ।
जेठ ३ गते :	सगरमाथा संवाद भव्य रूपमा सफल, पच्चिस बुँदे कार्य आह्वान घोषणा ।
–	विद्यालय शिक्षा विधेयकका विवादित विषयमा छलफल गरेर जुटाउन गठित उपसमितिले प्रतिवेदन बुझायो ।
–	माछापोखरी निर्माण गर्दा ५६ करोड रुपियाँभन्दा बढी भ्रष्टाचार गरेको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा मधेश प्रदेशका तत्कालीन मन्त्री विजयकुमारसहित आठ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर ।
जेठ ५ गते :	अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनील पौडेलसहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर ।
जेठ ६ गते :	नेपाल राष्ट्र बैङ्को गभर्नरमा प्राडा विश्व पौडेल नियुक्त ।
जेठ ७ गते :	भिजिट भिसामा मानव तस्करी गरेको आरोपमा अध्यागमनका सहसचिव तीर्थराज भट्टराई नियन्त्रणमा ।
जेठ १० गते :	सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजना तथा सुनकोशी स्टोरेज कम डाइभर्सन आयोजनाद्वारा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) का लागि ड्रिलिङ कार्य सुरु ।
–	विश्व स्वास्थ्य सङ्गठनको कार्यकारी समितिको सदस्यमा नेपाल सर्वसम्मत निर्वाचित ।
जेठ १२ गते :	निर्वाचन आयोगद्वारा दलका पदाधिकारी दुई कार्यकालका लागि प्रस्ताव ।
जेठ १३ गते :	पर्वतारोही कामिरिता शेर्पाद्वारा ३१ औँ पटक सगरमाथाको आरोहण गरी आफ्नै कीर्तिमान भङ्ग ।
–	गभर्नर नियुक्ति बदर माग गर्दै सर्वोच्च अदालतमा रिट दर्ता ।
जेठ १४ गते :	सर्वोच्च अदालतद्वारा न्याय परिषद्को संशोधित नियमावली तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश ।
–	काठमाडौँ जिल्ला अदालतद्वारा भाटभटेनी सुपरमार्केट लुटपाटमा संलग्न १० जनालाई धरौटीमा रिहा गर्न आदेश ।
जेठ १५ गते :	सरकारद्वारा आर्थिक वर्ष २०८२/८३ का लागि १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट प्रस्तुत ।
जेठ १६ गते :	साहित्यकार तथा पत्रकार विजय चालिसेको ७४ वर्षको उमेरमा निधन ।
जेठ १८ गते :	नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) द्वारा दुई अर्ब ५० करोड रुपियाँभन्दा बढी रकम हिनामिना गरी फरार कर्णाली डेभलपमेन्ट बैङ्कका तत्कालीन प्रमुख कार्यकारी अधिकृत राजेन्द्रवीर राय पक्राउ ।
जेठ २० गते :	सरकार र सार्वजनिक यातायात व्यवसायीबीच सहमति ।
जेठ २२ गते :	पतञ्जली जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालविरुद्ध भ्रष्टाचार मुद्दा दायर ।
–	लगानी बोर्डद्वारा एक केबुलकार र तीन जलविद्युत् आयोजना निर्माणका लागि एक खर्ब १७ अर्ब ४० करोड रुपियाँको स्वीकृति ।
जेठ २५ गते :	नेपाल टेलिकमको बिलिङ प्रणाली मर्मतसम्बन्धी ठेक्कामा भ्रष्टाचार गरेको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा १८ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर ।
जेठ ३० गते :	जिल्ला अदालत काठमाडौँद्वारा चैत १५ गते काठमाडौँको तीनकुनेमा भएको घटनामा संलग्न रहेको अभियोग लागेका विवादास्पद व्यवसायी दुर्गा प्रसाईसहित सात जनालाई पुर्पक्षका लागि थुनामा पठाइयो । ▪

– सरस्वती खत्री, क्षेत्री